





• वर्ष १३ • अंक ५१ • काठ… • SAPTAHIK • Nepali National Weekly • Friday, May 9, 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-









# डाइरेक्टर्स हटकेक

• सुव्रत आचार्य

पाँच जना नायिका रेखा थापा, अरुणिमा लम्साल, ॠचा घिमिरे, रेजिना उप्रेती र पुजना प्रधान– चलचित्र क्षेत्रमा कामुक नायिकाहरूको श्रेणीमा उभिएका छन् । वास्तवमा यी पाँच जना नै अहिलेका 'हटकेट' हुन् । आइटम डान्स होस् वा चलचित्रका दृश्य यी पाँच जनामध्ये एक न एक जना त्यसमा अटाएका हुन्छन् । त्यसो त अभिनयमा पनि यिनीहरू कम छैनन् । रेखा थापा अभिनय गरिरहेका चलचित्रको हिसाबमा अगाडि भए पनि उनीपछि अरुणिमा लम्साल, ॠचा घिमिरे, रेजिना उप्रेती र पुजना प्रधान सबै व्यस्त छन् । वर्तमान अवस्थामा उनीहरू नै 'डाइरेक्टर्स च्वाइस' अर्थात् निर्देशकहरूको रोजाइ बनेका छन् ।

नायिकाहरूमा को कति पानीमा छन् भन्ने खोजीनीति चलचित्र क्षेत्रमा मात्र होइन्, दर्शकहरूमा पनि हुन्छ । आफूलाई सफल र सक्षम नायिकाका रूपमा उभ्याउन नायिकाहरूबीच पनि पारस्परिक प्रतिस्पर्धा भैरहेको हुन्छ । त्यसको मूल्याङ्कन गर्ने काम दर्शकको हो । यद्यपि उनीहरूलाई चलचित्रका निर्देशकहरूले प्रत्यक्ष रूपमा नियालिरहेका हुन्छन् । उनीहरूमा नायिकामा हुनुपर्ने गुण कत्तिको छ भन्ने विषयमा निर्देशक अनभिज्ञ हुँदैनन् भने उनीहरूका कतिपय व्यक्तिगत क्रियाकलापमा पनि निर्देशक प्रत्यक्षदर्शी हुन्छन् । त्यसैले उनीहरूका विभिन्न पक्षमा मूल्याङ्कन गर्न अहिलेका अत्यधिक व्यस्त चार जना निर्देशकलाई हामीले निर्णायकको काम गर्न लगायौं । उनीहरूले आफ्नो तवरबाट उपरोक्त पाँच नायिकालाई नम्बर दिएका छन् ।

## पाँच सुन्दर नायिका

**रेखा थापा :** विगत केही वर्षदेखि उनलाई कलिउडकी नम्बर एक नायिका मानिँदै आएको छ । बेलाबखत विवादमा आए पनि उनी आफ्नो होम प्रोडक्सनका चलचित्र निर्माण र अभिनयमा मात्र होइन, अन्य निर्माता निर्देशकहरूको पनि पहिलो रोजाइ बनिरहेकी छिन् । कामुकता झल्काउने विषयमा पनि उनलाई नम्बर एक नै मानिएको छ ।

**अरुणिमा लम्साल :** एक वर्षदेखि उनीसँग पनि चलचित्रको ताँती लागेको छ । चुम्बन होस् वा कामुक दृश्य, अरुणिमा पछि परेकी छैनन् । उनलाई प्रशंसकहरूले सुन्दरी नायिका पनि भन्ने गरेका छन् ।

**ॠचा घिमिरे :** यो वर्ष उनले चलचित्र 'फैसला'मा प्रस्तुत गरेको कामुकतालाई सेन्सर बोर्डले समेत 'ए ग्रेड'को दर्जा दियो । विगत डेढ वर्षदेखि द्रुत गतिमा व्यस्तता र सफलताको सिंढी उक्लिरहेकी ॠचालाई 'काली सुन्दरी'को उपनाम पनि दिइएको छ ।

**रेजिना उप्रेती :** टेलिश्रृंखलाबाट साधारण युवतीको चरित्रमा अभिनय गरेर उदाए पनि रेजिनाले आफूलाई पछिल्लो पटक ग्ल्यामरस नायिकाको पङ्क्तिमा उभ्याएकी छिन् । 'कथाले मागेसम्म' कामुकता प्रस्तुत गर्न उनलाई अप्ठेरो नलाग्ने चलचित्रकर्मीहरू बताउँछन् ।


**पुजना प्रधान :** पूजाबाट नाम फेरेर पुजना भएपछि उनी अझ कामुक शैलीमा प्रस्तुत

**बाँकी पृष्ठ ११ मा**




सृष्टि श्रेष्ठ
मध्य पृष्ठमा


साप्ताहिक



४ मा साइबर गर्ल अनिष्ट गुरुङ



२१ मा पुरुषका लागि सौन्दर्य



१० मा हङकङमा निरस कार्यक्रम

## क्यासेट

### कोही छैन पराई




गायक सुमित खड्काको एकल गीतिसंग्रह 'कोही छैन पराई' श्रोतामाझ उपलब्ध छ । आठवटा गीत समावेश यो संग्रहमा राष्ट्रियताको भावना जगेर्ना गर्ने शैलीका गीत छन् । गायकका अनुसार यो राष्ट्रिय गीतहरूको संकलन हो । संग्रहमा फुर्वा शेर्पा, प्रज्वलदीप विश्वास, शिशिर योगी, सीताराम पोखरेल, प्राश्ना शाक्य तथा रानुदेवी अधिकारीले गायक खड्कालाई साथ दिएका छन् ।

### छक्यौं तेल गयौ आगो लाई




गायक खेम लुइँटेलको लोकदोहोरी गीतिसंग्रह 'छक्यौं तेल गयौ आगो लाई' श्रोतामाझ उपलब्ध छ । महाबौद्ध रेकर्ड्सले बजारमा ल्याएको यो संग्रहको भाग 'क' मा छक्यौं तेल गयौ आगो लाई र भाग 'ख' मा छोडेर घरबास गीत समावेश छन् । संग्रहमा खेम लुइँटेल, विष्णु माझी तथा देवी घर्तीको स्वर सुन्न पाइन्छ भने परिकल्पना, लय तथा शब्द गायक लुइँटेल स्वयंको छ ।

## रंगमञ्च

**पुरानो** बानेश्वरस्थित आरोहण-गुरुकुलले नाटक 'ताराबाजी लै लै' मञ्चन गरिरहेको छ । गत वैशाख २० गते मञ्चन प्रारम्भ भएको उक्त नाटक सोमबारबाहेकका अरू दिन निरन्तर प्रदर्शन हुनेछ । नर्वेजियन रंगकर्मी मोर्टन क्रोगले कार्यशाला आयोजना गरेर तयार पारेको तथा उनैले निर्देशन गरेको यो नाटकमा बालमनोविज्ञानलाई कथाको आधार बनाइएको छ । एसएलसी दिने उमेरसम्म बालमष्तिष्कमा आउने विभिन्न चाहना र भोगाइलाई नाटकमा उतारिएको छ । नाटकमा आँप चोरेको, लुकेर चुरोट खाएको जस्ता घटनालाई नाटकीय रूप दिइएको छ । नाटकमा सौगात मल्ल, सरिता गिरी, कमल नेपाल, राजकुमार पुडासैनी, अरुणा कार्की, मणिराम पोखेल आदिको अभिनय छ ।

## ग्यालरी

**कलाकार** जगदीश्वरमान डंगोलले डेनमार्कमा आयोजना भएको अन्तर्राष्ट्रिय कला प्रतियोगितामा स्वर्णपदक हासिल गरेका छन् । डेनमार्कस्थित एभिसन एभिकेज अन्तर्राष्ट्रिय आर्ट ग्यालरीले प्रत्येक वर्ष आयोजना गर्दै आएको यो प्रतियोगितामा नेपाली परम्परागत पेन्टिङ शैलीलाई आधुनिक रूप दिइएको उनको चित्रले सबैलाई उछिन्दै पदक प्राप्त गरेको हो । हातले बनाइएको कलाविधामा सर्वोत्कृष्ट बनेको उनको सो चित्र एक महिनामा तयार भएको हो । चित्रमा ध्यानमग्न व्यक्ति र मण्डाला देखिन्छ ।

**इन्फिनिटी** समूहको आयोजनामा सञ्चालन भएको कलाकारहरूको संयुक्त चित्रकला प्रदर्शनी गत मंगलबार सम्पन्न भयो । 'स्वतन्त्र कला' शीर्षक राखिएको उक्त प्रदर्शनी नक्साल बालमन्दिरस्थित नाफा आर्ट ग्यालरीमा आयोजित गरिएको थियो ।

**कलाकार** सुजन महर्जनको एकल चित्रकला प्रदर्शनी आज समापन हुँदैछ । काठमाडौं आर्ट ग्यालरीमा आयोजना भएको उक्त चित्रकला प्रदर्शनीको शीर्षक 'इटरनिटी' राखिएको छ ।

## पुस्तक

### निर्वस्त्र नगरीमा

कवि एसपी कोइरालाका कविताहरूको संग्रह 'निर्वस्त्र नगरीमा' लाई मोडर्न बुक्सले प्रकाशित गरेको हो । प्रस्तुत कृतिमा २०५७ देखि २०६३ सम्म रचना गरिएका ३४ वटा कविता सङ्ग्रहित छन् । कविताका पारखीहरूका लागि पठनीय यो पुस्तकमा कविले समसामयिक नेपाली समाजको चित्र कोरेका छन् ।

### अन्तर्मनको यात्रा

समाजसेवीका रूपमा परिचय बनाएका निबन्धकार जगदीश घिमिरेको पछिल्लो कृति अन्तर्मनको यात्रालाई साहित्यको 'आत्मालाप' विधाअन्तर्गत राख्न सकिन्छ । जगदीश घिमिरे प्रतिष्ठानद्वारा प्रकाशित यो पुस्तकमा लेखकले जीवनयापनका क्रममा देखेका भोगेका तीता-मीठा क्षणहरूलाई पठनीय शैलीमा प्रस्तुत गरेका छन् । यो पुस्तकको मूल्य साधारण ३ सय रुपैयाँ तथा विशेष १ हजार रुपैयाँ छ ।

### उत्तर आधुनिक विमर्श

समालोचक डा. गोविन्दराज भट्टराईको पछिल्लो कृति उत्तर आधुनिक विमर्शलाई नेपालको सबैभन्दा ठूलो समालोचना ग्रन्थका रूपमा परिभाषित गरिएको छ । लगभग ७ सय पृष्ठमा फैलिएको यो पुस्तकमा लेखकले विश्वमा चलेका नयाँ वाद र सिद्धान्तसहित नेपाली साहित्यको पछिल्लो प्रवृत्तिलाई केलाउने प्रयास गरेका छन् । यो पुस्तकलाई मोडर्न बुक्सले प्रकाशित गरेको हो । पुस्तकको मुल्य साधारण ७ सय रुपैयाँ तथा विशेष १ हजार रुपैयाँ छ ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

ग्रहगोचर राम्रा छन् । काममा सफलता मिल्नेछ भने पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ । अधुरा काम पूरा हुनेछन् । आफन्तहरूको सहयोग पाइनेछ । नयाँ मित्रसित मनको कुरा भन्ने अवसर प्राप्त होला । अध्ययनमा सफलता हात लाग्नेछ । व्यवसायमा लाभ एवं रमाइलो यात्रा हुनसक्छ । ठूला व्यक्तिले तपाईंको प्रशंसा गर्नेछन् ।

### वृष

विवादतिर अघि नबढ्नुहोला । अरूको विश्वास गर्नु उचित हुँदैन । खर्च अलि बढी नै हुनसक्छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । शनिबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता हात लाग्नेछ । सोच्ने शक्ति एवं पराक्रम बढ्ने तथा अध्ययनमा सफलता मिल्ने देखिन्छ । अधुरा काम पूरा हुनेछन् भने नयाँ काम पाइने योग छ ।

### मिथुन

भोजभतेरतिर सामेल हुने अवसर जुट्नेछ । सभा-सम्मेलनमा तपाईंको प्रशंसा होला । काम गर्दा सजग रहनुहोला । पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूको सहयोग मिल्नेछ । शत्रु बढ्ने हुँदा सजग रहनुपर्ने बेला छ । स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान दिनुहोला ।

### कर्कट

सुरुमा मन चिन्तित रहनेछ । काममा सफलता पाउन गाह्रो पर्नेछ । झूटा आरोप पनि लाग्न सक्छ । आइतबारदेखि मान-सम्मान पाइनेछ । भोजभतेरमा सामेल हुने एवं धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । व्यवसायमा सफलता हात लाग्नेछ । यात्रा गर्ने अवसर प्राप्त होला ।

### सिंह

साता राम्रो छ । मन पनि प्रसन्न रहला । धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायमा सफलता मिल्नेछ । भोज-भतेरमा सामेल हुने अवसर पाइनेछ । बोलीको प्रभाव बढ्नेछ भने अरूको मन जित्न सकिनेछ । आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

### कन्या

मान-सम्मान पाइनुका साथै पराक्रम बढ्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला । व्यवसायमा सफलता मिल्नेछ । बोलीको प्रभाव एवं धार्मिक कार्यमा रुचि बढ्नेछ । मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ ।

### तुला

सफलताका लागि संयमित रहनुहोला । मनमा दुविधा बढ्नेछ । काममा अवरोध आउनाले मनोबल घट्न सक्छ । आइतबारदेखि मान-सम्मान तथा काममा सफलता मिल्नेछ । धन आर्जन हुने योग छ । अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहे पनि बिहीबार चिन्ता एवं अस्थिरताका साथै आफन्तहरूको गुनासो बढ्नेछ ।

### वृश्चिक

सुरुमा स्वास्थ्य कमजोर रहला । मनमा दुविधाले डेरा जमाउनेछ । काममा अवरोध आउनाले मनोबल घट्न सक्छ । आइतबारदेखि भाग्यले साथ दिनेछ भने धार्मिक कार्यमा रुचि बढ्नेछ । मान-सम्मान पनि पाइनेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । अध्ययनमा सफलता हात लाग्नेछ । सफलताका लागि संयमित रहनु आवश्यक छ ।

### धनु

प्रसन्नता बढ्नेछ । रमाइलो यात्रा हुनसक्छ । अरूबाट सहयोग पनि पाउनुहोला । धार्मिक कार्यमा मन जानेछ । मान-सम्मान पनि प्राप्त होला । पराक्रम बढ्ने क्रम यथावत् रहनेछ । आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ ।

### मकर

आम्दानी बढ्ने योग छ । काम गर्दा सजग रहनुहोला । शत्रुदेखि होसियार हुनुपर्ने बेला छ । चिन्ता बढ्ने हुँदा धैर्यतामा जोड दिनु बेस हुन्छ । व्यवसायमा सफलता हात लाग्नेछ । यात्रा गर्ने अवसर जुट्नेछ । अध्ययनमा सुधार आउनेछ भने धन आर्जन पनि हुनसक्छ । मंगलबार तथा बुधबार चिन्ता एवं अस्थिरता बढ्नेछ ।

### कुम्भ

समय मध्यम रहनेछ । सोच्ने शक्ति एवं प्रसन्नता बढ्नेछ भने आफन्तहरूको सहयोग पाइनेछ । व्यवसायमा लाभ देखिन्छ । शत्रुबाट सजग रहनुहोला । स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुपर्ने बेला छ । झूटा आरोप पनि लाग्न सक्छ । अरूको विश्वास गरिहाल्नु उचित हुँदैन ।

### मीन

आफन्तहरूको सहयोग पाइनेछ भने सोच्ने शक्ति बढ्नेछ । व्यवसायमा सफलता हात लाग्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । मान-सम्मान पनि मिल्नेछ । आफ्नै प्रयासमा यात्रा हुनसक्छ । शत्रुबाट सजग रहनुहोला । सफलताका लागि गोपनियता आवश्यक छ ।

### यो साताको पञ्चाङ्ग

वैशाख २७ गते : शंकराचार्य जयन्ती, रामानुजाचार्य जयन्ती, मच्छिन्द्रनाथ रथयात्रा प्रारम्भ, ३० गते : अन्तर्राष्ट्रिय नर्स दिवस, ३१ गते : सीता जयन्ती, जेठ २ गते : विश्व परिवार दिवस, मोहिनी एकादशी ।



# समानुपातिकमा नेतृत्वको तीव्र आलोचना

**साप्ताहिक समाचार**

काठमाडौं– संविधानसभामा दलहरूलाई जिताउन रात-दिन खट्ने कार्यकर्ताहरू अहिले आफ्नै दलको विरोधमा उत्रिएका छन् । आफ्नो दलले समानुपातिकतर्फ जिल्लाले सिफारिस गरेको मानिस नपठाएको भन्दै सबैजसो दलका कार्यकर्ताहरू जिल्ला-जिल्लामा आन्दोलित भएका हुन् । यसरी विरोध हुने दलहरूमा मधेसी जनअधिकार फोरम अग्रस्थानमा छ भने नेकपा (एमाले), तराई-मधेस लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी (महतो) का कार्यकर्ता पनि विरोधमा उत्रिएका छन् । नेपाली कांग्रेसमा पनि विरोधको स्वर सुनिन थालेको छ । नेकपा (माओवादी) मा भने अहिलेसम्म यस्तो विरोध देखिएको छैन ।

पहिलो निर्वाचनबाटै ठूलो दल बनेका कारण उसले आफ्ना सबैजसो कार्यकर्तालाई समेट्ने मौका पाएका कारण धेरै विरोध हुन नसकेको विज्ञहरूले औंल्याएका छन् । नेपाली कांग्रेस निकट मगरहरूले १६ लाख जनसंख्या भएको मगर जातिलाई कांग्रेसले एक जना मात्र सभासद् बनाएको भन्दै पार्टीमा विरोध पत्र दाखिला गरेका छन् । त्यसैगरी धादिङ कांग्रेसले जिल्लाबाट १२ जनाको नाम समावेश भए पनि समानुपातिकमा एक जना पनि छनौट नभएकोमा असन्तुष्टि व्यक्त गरेको छ ।

मधेसी जनअधिकार फोरमका संयोजक उपेन्द्र यादवमाथि उक्त दलका कार्यकर्ताले सभासद्मा आफ्ना मानिसलाई मात्र चयन गरेको आरोप लगाएका छन् । फोरम कार्यकर्ताहरूले आफ्नो गल्ती नसच्याएको भन्दै दुईवटा जिल्लामा यादवको पुत्ला जलाएको छ । बाँकेमा फोरमका तर्फबाट प्रत्यक्षमा निर्वाचित सर्वदेव ओझाको नेतृत्वमा संयोजक यादवको पुत्ला जलाइएको थियो ।

ओझाका अनुसार बाँके जिल्लाबाट मधेस आन्दोलनमा मारिएकी सहिदपत्नी बाबादेवी कुर्मीको नाम पठाइएको थियो । केन्द्रले उक्त नाम काटेपछि बाँकेका कार्यकर्ता आन्दोलित भएको बताइन्छ । मोरङमा पनि संयोजक यादवको पुत्ला जलाइएको छ । फोरमको मोरङ समितिले पठाएको नाम काटेर आफ्ना नजिकका मानिसको नाम राखेको भन्दै विराटनगर बजारमा उनको पुत्ला जलाइएको छ ।

यसैगरी तराई-मधेस लोकतान्त्रिक पार्टीमा पनि नेतृत्वले मनपरी रूपमा नाम पठाएको भन्दै कार्यकर्ताले विरोध जनाएका छन् । कार्यकर्ताहरूले समानुपातिकतर्फ निर्वाचनमा नाम पठाएका उद्योगपति कवीन्द्र ठाकुर तथा रमनी रामको नाम फिर्ता लिनुपर्ने दबाब दिएका छन् । यही विवादका कारण तमलोपाका केन्द्रीय सदस्य रामचन्द्र रायले पार्टीको केन्द्रीय सदस्यबाट राजीनामा दिएका छन् । यद्यपि उनको राजीनामा स्वीकृत भएको छैन ।

अर्को मधेसवादी दल सद्भावना पार्टी (महतो) मा पनि समानुपातिकमा पठाइएको नाम कार्यकर्ताको भावनाविपरीत भएको भन्दै दुई नेताले साधारण सदस्यबाट राजीनामा दिएका छन् । यसरी राजीनामा दिनेहरूमा उक्त पार्टीका राष्ट्रिय उपाध्यक्ष रामनारायण यादव तथा महिला मञ्चकी महासचिव रेखा छन् । दुवै नेताले पार्टीमा कार्यकर्ताको भावना नसमेटिएको भन्दै केही नाम फिर्ता लिन आग्रह गरेका थिए । दलले उनीहरूको कुरा नसुनेपछि राजीनामा दिएको दुवै नेताले बताएका छन् ।

त्यसैगरी नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) मा पनि समानुपातिकमा आफ्ना मानिस पठाउन अपहरण काण्ड भएको छ । आनन्दीदेवीको नाममा निर्वाचन आयोगमा दुईवटा दल दर्ता भएपछि कुन दल आधिकारिक हो भन्ने विवाद कायमै छ । दुवै समूहले आफ्नो समूह आधिकारिक भएको भन्दै निर्वाचन आयोगमा नाम दर्ता गराएका छन् । नाम सदर हुन ८१ वर्षीय निरक्षर आनन्दीदेवीको ल्याप्चे आवश्यक पर्ने भएकाले उनको अपहरण भएको आनन्दीदेवीका भतिजा लक्ष्मण सिंहले जनाएका छन् । प्रत्यक्षमा एक सिट पनि नजितेको सद्भावना पार्टी (आनन्दीदेवी) ले समानुपातिकतर्फ भने दुई सिट ल्याएको छ ।

समानुपातिक उम्मेदवार विवादमा मधेसवादी मात्र होइन, मुख्य धारका दलहरू पनि मुछिएका छन् । यसमा नेकपा (एमाले) को विवाद उत्कर्षमा पुगेको छ । भेरीकी महिला नेतृ तथा नेकपा (एमाले) अनुशासन कमिटीकी सदस्य गौरा प्रधानले समानुपातिकमा भएका विवाद पत्रिकामार्फत सार्वजनिक गरेपछि देशभरि विरोध हुन थालेको हो ।

यसमा भोजपुर, काभ्रे, सुनसरी तथा रसुवाका एमाले कार्यकर्ता अग्रस्थानमा छन् । भोजपुरमा शेर्पा उम्मेदवारलाई समानुपातिकको सूचीमा नपारेको भन्दै एमाले कार्यालयमा तालाबन्दी गरिएको छ । भोजपुर एमालेले कृपासुर शेर्पाको नाम समावेश गर्न तालाबन्दी गरिएको जनाएको छ ।

सुनसरीमा पनि एमाले कार्यालयमा तालाबन्दी गरिएको छ । सुनसरीबाट ११ जनाको नाम समावेश भए पनि तीमध्ये कसैलाई पनि समानुपातिकमा चयन नगरेको भन्दै तालाबन्दी गरिएको सुनसरीबाट प्राप्त समाचारमा जनाइएको छ । त्यहाँ आफ्नो माग नसुनिए १ सय जना पार्टी कार्यकर्ताले सामूहिक राजीनामा दिने चेतावनी दिएका छन् । यसबीच सुनसरी २ बाट निर्वाचित एमालेका सांसद धर्मराज निरौलाले पार्टीको सदस्यबाट राजीनामा दिएको बताएका छन् । सुनसरी जिल्लामा समानुपातिकमा एमालेले सबैभन्दा बढी मत प्राप्त गरेको थियो ।

अर्कातर्फ काभ्रेमा समानुपातिकमा परेकी शीला कातिलाको विजय उत्सव मनाइने क्रममै एमाले कार्यालयले नाम काटेको छ । नाम काटिएपछि विजय उत्सव रोकेर विरोध ऱ्याली गरिएको एमाले काभ्रेले जनाएको छ । त्यति मात्र होइन, समानुपातिकमा आफ्नो जातिको अपहेलना भएको भन्दै नेपाल लोकतान्त्रिक थारु संघ, रूपन्देहीका सम्पूर्ण सदस्यले एमालेबाट राजीनामा दिएका छन् । एमालेका कार्यवाहक महासचिव अमृत बोहराले दलले थोरै मत पाएका कारण सबैलाई मिलाउन नसकेको बताएका छन् ।


विशेष छुट
प्राइभेट
Test/ SLC
के तपाईलाई S.L.C पास गर्ने धोको छ ! आउनुहोस् !!
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा स्कूल जान नसकेका विद्यार्थीहरुका लागि
प्राइभेट Test/S.L.C तयारी कक्षामा धमाधम भर्ना लिईदैछ ।
समय - विहान, दिउँसो
माध्यम - नेपाली, अंग्रेजी
किड्स एकेडेमी
कोटेश्वर (टंक प्रसाद शालिक अगाडी)
Phone
4600245
2002656



SLC/+2 फेल ? NO चिन्ता




कक्षा ७, ८, ९ फेल भएपनि Math/ Science/ Test नदिई SLC तथा एक वर्षमै +2 पास गर्न NIOS (Delhi Board) मा भर्ना खुल्यो
Nepal's First Open School
विशेषताहरु www.himalayan.edu.np
हामी दिन्छौं दशौं वर्षको अनुभव अनि विश्वास...
६ महिनामै +2 पास गर्न सकिने American +2 मा पनि भर्ना खुल्यो ।
+ कुनै ५ विषय मात्र पास गरे पुग्ने + TU/KU तथा विश्वभरी मान्यता भएको
+ जागिरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सक्ने । + नेपालीमा पनि परीक्षा दिन पाईने ।
Limited Seats
Himalayan Open School
Old Baneshwor ☎:4476685
Bagbazar ☎:2404481
Jawalakhel ☎:5009200



+2/SLC १ बर्षमै



६,७,८,१० पास नभएपनी Math/Sci नदिई SLC, SLC पास भई कम्तिमा १बर्ष ग्याप भए एकबर्षमै +2 गर्न सकिने भारतको सरकारी NIOS Delhi Board मा +2/SLC मा भर्ना खुल्यो बिहानी/बेलुकी कक्षा



पाच बिषयमात्र दिए पुग्ने Math/ Sci नदिए पनी हुने
Exam काठमाण्डौमा Indian Embassy मा हुने
नेपालमा सरकार TU, KU, HSEB र विश्वभरी मान्यता प्राप्त
सहि परामर्श लिएर अध्ययन गरे पास गर्न अत्यन्तै सजिलो
KANTIPUR INTL OPEN EDUCATION
New Baneshwor KTM, Phone: 2044082, 2042831
NECA
Books, Questions, guide, CDs Provided
BICC पानी ट्याकीं पछाडी



आवश्यकता
NGO संग विगत २ वर्षदेखि आबद्ध संस्थालाई कर्मचारी आवश्यकता पार्टटाइम, फुलटाईम जबको व्यबस्था,
तलब–७५००+गाडीभाडा (औषतमा)
योग्यता: साधरण लेखपढ, Test-SLC + above
सम्पर्क:
२०६४०५९, ९८०३०७५९८१, ९८४१४९३०२६
नोट: Test SLC दिएर बसेका विद्यार्थी तथा महिलागृहणीलाई प्राथमिकता दिइनेछ शनिवारपनि कार्यालय खुल्ला रहनेछ



तु. आवश्यकता
बिगत ३ बर्षदेखि NGO सँग सहकार्य गर्दै आएको प्रतिष्ठित एक संस्थालाई फेरी २१ कर्मचारी थप आवश्यकता परेको हुदा इच्छुक व्यक्तिले चाडै सम्पर्क गर्नुहोला । यो अफर महिला तथा बिद्यार्थीको लागि मात्र, पार्टटाइम, फुलटाइम ।
तलब : ७,५०० + गाडीभाडा (औषतमा)
योग्यता: Test- SLC+ above
सम्पर्क:
२०७३६१६, ९८५१०२९१९३ ९८४१६६११२४
नोट: शनिवारपनि कार्यालय खुल्ला रहनेछ



पासहुनेनैगरी पढ्न आउनुहोस् ।
भर्ना खुल्यो - २०६५
समय: विहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE { TEST/SLC–जि.शि.का. I.A, I.Com–TU
REGULAR Tuition & Coaching: { SLC, I.A, I.COM, I.Sc, +2
'पढ्ने पढाउने त कला हो' जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट पासहुनेनैगरी Capsule कक्षामा पढ्न आउनुहोस् ।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ✆4422105



100% रोजगारमुलक
होटल तालिम
☆कुक ☆वेटर ☆हाउस किपिङ्ग
☆रुमब्वाई ☆लण्ड्रीमेन ☆बारमेन
☆सेक्युरिटी गार्ड आदि
➡ छ जनामा एक जना फ्रि
➡ Cook सिक्नेलाई English Free
➡ विदेश जानेलाई विशेष व्यवस्था
कामना होटल ट्रेनिङ्ग सेन्टर
☎4601878
प्राईभेट/ TEST / SLC
कक्षा ८, ९, १० पास वा ९, १० फेल भई स्कूल जान नसक्नेका लागि सुवर्ण अवसर
NI OS (SLC, +2)
(कक्षा ५, ६, ७, ८ पास वा फेल तथा SLC पास हुनेहरुका लागि)
➡ विगत ५ वर्षदेखिको निरन्तर सफलता
➡ नेपाली तथा अंग्रेजीमा, विहानी र दिवा कक्षा
➡ पास हुने गरी मनोवैज्ञानिक ढङ्गले पढाइ गरिने
कामना ओपन स्कूल
कोटेश्वर ☎4600335

सम्पादकीय

# महँगी नियन्त्रण गर

संविधानसभा निर्वाचनपछि संक्रमणकालीन अवस्थामा रहेको भनिएको हाम्रो मुलुकमा अहिले सरकारको अस्तित्व छ कि छैन ? भन्ने प्रश्न देखा परेको छ। संविधानसभा निर्वाचनपछि मुलुकमा व्याप्त राजनैतिक अन्यौलका कारणले मात्र यस्तो प्रश्न देखा परेको होइन। बढ्दो बजार मूल्य र जनताको घट्दो क्रयशक्तिका बीच सरकारको उपस्थिति नदेखिनुले आमजनतामा सरकारप्रतिको अविश्वास मौलाउँदै गएको हो। सरकारले चाल्नुपर्ने तात्कालिक कदमहरू नचालिनु र बजारमा उपभोग्य वस्तुहरूको मूल्य अकासिँदै जानुले जनतामा आर्थिक असुरक्षा बढ्दै गएको अनुभव हामी सबैले गरिरहेका छौं। अघिल्लो दिनको मूल्यमा भोलिपल्ट कुनै पनि उपभोग्य वस्तु प्राप्त नहुनु, कतिपय वस्तु बजारबाटै हराउनु र कालो बजारले मनोमानी गर्ने अवसर देखा पर्दै जानुले अहिले नेपाली जनता मूल्यवृद्धिको अकल्पनीय चापमा परेका छन्। अहिले नेपालमा देखा परेको यस्तो मूल्यवृद्धिका पछाडि विश्लेषकहरूले भनेजस्तै जे-जस्ता आर्थिक कारणहरू भए पनि मुख्य कारण भनेकै राजनैतिक तरलता हो। संविधानसभा निर्वाचनमा कुनै दलले बहुमत नल्याएको अवस्थामा कस्तो सरकार निर्माण हुन्छ भन्ने अन्यौल कायम रहेसम्म यस्तो स्थिति जारी नै रहने छाँटकाँट देखिइसकेको छ।

अहिले बजारमा देखिएको मूल्यवृद्धि नेपालमा मात्र नभएर विश्वव्यापी नै छ। विश्वव्यापी रूपमा घट्दो अनाज उत्पादन, प्राकृतिक स्रोत र साधनको अनुचित दोहन, इन्धनको उत्पादन, आपूर्ति र उपभोगमा देखा परेको असन्तुलन, मौसमको प्रतिकूलताजस्ता कारणहरूलाई अर्थशास्त्रीहरूले अहिलेको अभाव र मूल्यवृद्धिसँग गाँसेर हेर्ने गरेका छन्। यस्तो स्थितिबाट नेपालमात्र अछुतो रहन सक्ने थिएन। यस्तो अवस्थामा सरकारले आमजनताका लागि अत्यावश्यक मानिएका दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति र वितरणका लागि संकटकालीन व्यवस्थाहरू तर्जुमा गरेका हुन्छन्। हाम्रै छिमेकी भारतले समेत आफ्नो आन्तरिक बजारमा मूल्य वृद्धिलाई रोक्न र कुनै पनि वस्तुको अभाव हुन नदिन आफ्नो व्यापार नीतिलाई संशोधन गर्दै जनताको आवश्यकतालाई प्राथमिकता दिने नीति लागू गरिसकेको छ। भारतको बजारबाट प्रत्यक्ष प्रभावित हाम्रो जस्तो मुलुकमा पनि भारतका नीतिहरू पछ्याइनुपर्थ्यो, तर त्यसो भएको अहिलेसम्म देखिएको छैन। पछिल्लो पटक सरकारले खाद्यान्नको मूल्यवृद्धि रोक्न केही खाद्यान्न निर्यातमा प्रतिबन्ध लगाए पनि त्यसको अनुगमन गर्न सकेको छैन। कागजका नीतिहरू र व्यवहारका बीच जुन तादात्म्य कायम हुनुपर्थ्यो त्यो हुन नसकेपछि अहिले मुलुकमा खाद्यान्नलगायतका वस्तुहरूले मूल्यवृद्धिमा जुन कीर्तिमान कायम गरेका छन् त्यो हाम्रो जस्तो कृषिप्रधान मुलुकका लागि लज्जास्पद छ। सरकारले आफ्नो उपस्थितिको आभास गराउन पनि बजारमा हस्तक्षेप गरेर अत्यावश्यक वस्तुहरूको आपूर्तिलाई सुलभ गराउँदै मूल्यवृद्धि नियन्त्रण गर्ने काममा अरू ढिलाइ गर्नु हुँदैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### इन्टरनेट चलाउन सकिएन

म ग्रामीण भेगको बासिन्दा हुँ। आधुनिक युगको महत्त्वपूर्ण पाटो सूचना र प्रविधिअन्तर्गत इन्टरनेट एक सशक्त र अभिन्न अंग भैसकेको छ। यसको विकास-विस्तारमा सरकारी पक्षद्वारा कम चासो र महत्त्व दिएको अनुभूति भैरहेको छ। सहरी क्षेत्रमा यसको प्रयोग तथा विस्तार भए पनि ग्रामीण भेगमा यसको प्रयोग कम भएको छ। सरकारले ग्रामीण भेगका लागि प्रदान गरेको सीडीएमए फोन सेवा निश्चय नै सन्हानीय छ, तर सीडीएमए फोनबाट प्रदान गरिने इन्टरनेट सुविधाचाहिँ एकदमै महँगो छ। ल्यान्डलाइनबाट नेपाल टेलिकमको डायलअपमा कनेक्सन गर्दा भन्दा सीडीएमए फोनबाट इन्टरनेट कनेक्सन गर्दा करिब चार गुणाजस्तो महँगो पर्न आउँछ, अर्थात् प्रतिमिनेट एक रुपैयाँका दरले चार्ज लाग्छ। यदि यो सेवा ग्रामीण भेगका लागि हो भने यसलाई सरल र सस्तो बनाउनु आवश्यक छ, जसले गर्दा ग्रामीण भेगका कम आयस्तर भएका हामीजस्ता मानिसले पनि सञ्चारको सञ्जालमा प्रवेश पाउन सकौँ। यसतर्फ सम्बन्धित निकायको ध्यानकर्षण गर्दछु।

**शिशिर खनाल, सेल्मा- २, तेह्रथुम**

### पर्यटन उद्योगको वर्तमान स्थिति

पर्यटन उद्योग एक यस्तो एउटा लालयित पार्ने विषय हो जुन सबै विकसित, विकासोन्मुख र अविकसित देशहरूको प्राथमिकतामा परेको छ। प्रशस्त भौतिक सुविधा जुटाउने, धेरैभन्दा धेरै पर्यटकलाई तान्ने र सकेसम्म बढी विदेशी मुद्रा आर्जन गर्ने उद्देश्य सबै देशले राखेका हुन्छन्। त्यसैअनुरूप पर्यटनको आगमन एक प्रमुख आयस्रोत हुने कुरामा विश्वस्त हुँदै विकसित राष्ट्रहरू पनि पर्यटन प्रवर्द्धनमा होडबाजी गर्छन्। पर्यटनको विकासले गर्दा विदेशी मुद्राको आर्जन त हुन्छ नै, यसका अतिरिक्त आय, रोजगारी, क्षेत्रीय विकास, औद्योगिक एवं व्यावसायिक वृद्धि, सांस्कृतिक एवं वातावरण संरक्षण आदिमा बहुआयमिक प्रभाव पर्छ।

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण देश त हो, तर सरकारी तथा गैरसरकारी क्षेत्रबाट आवश्यक कार्य नगरिएको हुँदा प्राकृतिक सम्पदाहरूको संरक्षण एवं संवर्द्धन हुन सकेको छैन। कुनै पनि क्षेत्रको समुचित विकास हुन लगानीको आवश्यकता पर्छ, त्यसमाथि पर्यटन क्षेत्रमा अन्य क्षेत्रको तुलनामा बढी लगानी आवश्यक छ। यसमाथि उचित लगानी तथा सम्बन्धित पक्षबाट पहल गर्ने कार्य गरिए अवश्य पनि राष्ट्रको अर्थतन्त्रमा टेवा पुग्छ।

सम्बन्धित निकायबाट आवश्यक कार्य गरिए नेपालमा पर्यटन उद्योगको राम्रो सम्भावना छ। नेपालको प्राकृतिक सुन्दरता, भौगोलिक विविधता, सांस्कृतिक विशिष्ठता एवं नेपालीहरूको अतिथिप्रतिको व्यवहारले गर्दा यहाँ पर्यटन विकासको असीमित सम्भावना छ। भौगोलिक अवस्थिति, सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता, परम्परागत कला, कौशल, ऐतिहासिक, पुरातात्त्विक सम्पदा एवं मानवीय व्यवहारले गर्दा नेपालमा पर्यटन उद्योगको सम्भावना प्रशस्त देखिन्छ। पर्यटन उद्योगका यस्ता सम्भावनाहरूलाई झल्काउने वस्तु तथा सेवाहरू एवं पर्यटकीय गन्तव्यस्थलहरूको उचित जगेर्ना गर्नु समयको माग हो।

पर्याप्त लगानीबिना कुनै पनि उद्योग व्यवसाय फस्टाउन सक्दैन। वास्तवमा पर्यटन उद्योग व्यवसायमा सरकारी बजेट, निजीक्षेत्रको लगानी, विदेशी अनुदान एवं सहयोग, प्रत्यक्ष विदेशी लगानी आदि महत्त्वपूर्ण स्रोत हुन्। नेपालको पर्यटन नीति, १९९५ का अनुसार सरकारको नीति निजी क्षेत्रको सहयोगीका रूपमा मात्र रहने कुरा उल्लेख भए पनि पर्यटन क्षेत्रबाट प्राप्त हुने प्रतिफललाई मध्यनजर गरेरै होला, हालसम्म पनि पर्यटनको विस्तार र विकासमा कुनै न कुनै कार्य गर्ने गरेको पाइन्छ, तर यति मात्र पर्याप्त छैन।

समग्रमा राष्ट्रिय आय, बचत र लगानीजस्ता अर्थतन्त्रका परिसूचकहरूमा अपेक्षित वृद्धि हुन नसकिरहेकाले अर्थतन्त्रका सबैजसो क्षेत्रमा सरकारी तवरबाट यथेष्ट बजेट उपलब्ध नहुनु स्वाभाविक हो। पर्यटक आगमनमा हालका केही वर्षमा देखिएको ह्रास एवं आन्तरिक शान्ति-सुरक्षाको अनिश्चितताले गर्दा एकातर्फ पर्यटन व्यवसायीहरू निरुत्साहित छन् भने अर्कातर्फ बैंक तथा वित्तीय संस्थाहरू पनि सशंकित रहने कारणले गर्दा पर्यटन उद्योगमा उथेष्ट लगानी हुन सकेको छैन। त्यसमाथि नेपालको निजी क्षेत्र पूर्णतः सक्षम नभैसकेको र पुँजी बजारको पनि भर्खरै विकास भैरहेकाले पर्यटन क्षेत्रमा थप लगानी हुने वातावरण बन्न सकेको छैन।

नेपालमा पर्यटन उद्योग एवं व्यवसायको भविष्य उज्ज्वल छ। असीमित सम्भावनाका बाबजुद पनि पर्यटन उद्योगले उचित गति लिन नसक्नुमा देखिएका समस्याहरूलाई समयमै समाधान नगर्नु हो। देशको कायाकल्प गर्न सक्ने क्षमता राख्ने पर्यटनलाई उचित गति दिन तत्कालै सम्बन्धित पक्ष तथा निकायबाट कार्य गरिनुपर्छ। अर्थात् नेपालका बारेमा गरिने अनर्गल प्रचारको खण्डन गर्ने र सक्रिय रूपमा बजार प्रवर्द्धन गर्ने कार्यमा निजी क्षेत्रसमेत लाग्नुपर्ने, हवाई सेवामा देखिएको अनिश्चिततालाई हटाएर हवाई सेवा, सुविधामा विस्तार गर्ने, आन्तरिक शान्ति सुरक्षा कायम गर्दै यातायात, व्यापार व्यवसाय सुचारु गराउने कार्यमा सरकारी भूमिका बढी अपेक्षित छ, तर निजी क्षेत्रको सक्रिय सहभागिताविना पर्यटनसँग सम्बन्धित समस्याहरू समाधान हुन सक्दैनन्। समग्रमा पर्यटन क्षेत्रको विकासका लागि उचित योजना र पर्याप्त लगानीको आवश्यकता छ।

**–सागर शर्मा, काठमाडौँ**

## तीतो सत्य

• नाम-ठेगानाले होइन व्यवहारले मानिसको परिचय हुन्छ।

**सुशीला, ताहाचल, काठमाडौँ**

• सम्मानको आशा राख्नेले पहिले अरूलाई सम्मान दिन सक्नुपर्छ।

• आकाशमा उड्नेहरूलाई धर्तीका बारेमा के थाहा ? त्यसका बारेमा त खाली खुट्टा धर्तीमा हिँड्नेहरूसँग सोध।

• देशका लागि सुशासन अनि व्यक्तिका लागि अनुशासन अपरिहार्य हुन्छ।

**रघुराम पराजुली, पर्वत**

• बाँच्नका लागि खानु तर खानका लागि कहिल्यै नबाँच्नु।

• न्याय गर्न देऊ तर अन्याय कहिल्यै नगर।

**राजु लम्साल**

• मृत्यु निश्चित भएका मानिसहरू किन अजम्बरी व्यवहार गर्छन् ?

• धोका दिनेहरू आफैंले पनि धोका खानुपर्छ भन्ने कुरा किन बिर्सन्छन् ?

• कसैको भलो चिताउन सक्दैनौ भने कुभलो पनि नचिताऊ।

• घमन्डको फल अपमान हो।

• काम गर्न सक्नेहरूलाई भिक्षा दिनेहरू नै उनीहरूका शत्रु हुन्।

**ओमकार पौडेल, सिमरा-६, औराहा**

• मानिसलाई आशाले शिखरमा र निराशाले पतनमा पुऱ्याउँछ।

• त्यो हतियारको के काम जब त्यसलाई प्रयोग गर्न जानिँदैन भने, त्यो ज्ञानको के काम जब त्यो किताबमै सीमित छ भने।

**विकास प्रजापति, मध्यपुर ठिमी**

• सल्लाह चोरले पनि पाउँछन् तर त्यसबाट फाइदा बुद्धिमान्हरूले मात्र उठाउँछन्।

**भीम गिरी, तीनघरे, नवलपरासी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

## नीति नियम

देश, जाति, संघ तथा गाउँको जस्तो परम्परा चलिआएको छ त्यसैअनुसार अंशभाग कानुनको व्यवस्था गर्नुपर्छ।

बाबुको सारा सम्पत्तिको दसौंभाग जेठो छोरालाई बढी मात्रामा दिनुपर्छ, किनकि उसले बाबुको श्रद्ध आदि कार्यमा खर्च गर्नुपर्छ। यदि जेठो छोरा मानवोचित चरित्रको नभै कामाचारी हुने गै बिग्रन गए त्यस्तो विशेष अंश भाग उसले पाउन सक्दैन।

यदि कुनै व्यक्तिका छोराहरू नभै मृत्यु भएमा उसको मृत्युपछि उसको सम्पत्ति यस प्रकार बाँडिनुपर्छ– सर्वप्रथम उक्त व्यक्तिको सहोदर भाइमा सम्पत्तिको अधिकार हुन्छ। सहोदर भाइ नभए छोरीको हक लाग्छ। छोरी पनि नभए उक्त व्यक्तिको बाबु जीवित छ भने बाबुलाई आफ्नो छोराहरूको सम्पत्ति हक लाग्छ। यदि बाबु पनि छैन भने बाबुको भाइ अर्थात् काका वा तिनीहरूका छोराहरूको हक लाग्छ।

यदि कुनै बाबुले आफ्नो जीवनकालमै आफ्नो सारा सम्पत्ति बाँड्न चाहन्छ भने आफ्नो जेठो छोरा छाडेर अरू छोरालाई बढी दिन सक्दैन र विना कुनै कारण कसैलाई अंशभाग बाट वञ्चित गर्न पनि सक्दैन।

-कौटिल्यको अर्थशास्त्र
अनुवाद : रामहरि बन्जारा

## ब्युटीपार्लरमा ह्याट्रिक

१४ वर्षअघि ब्युटीपार्लर व्यवसायमा पाइला चाल्दाका दिन ब्युटिसियन चिनु गुरुङका लागि निकै कष्टकर रहे। ब्युटीपार्लर खोल्न सुरुमा घरपरिवारलाई 'कन्भिन्स' गर्न निकै कठिन भयो। ब्युटीसियनभन्दा अरू नै पेसा गर्न दबाब आयो तर उनी ब्युटीसियन नै बन्छु भनेर कस्सिइन्। जति बेला ब्युटीपार्लर पनि फाटफुट्ट मात्र खुलेका थिए। विगतको संघर्षले नै अहिले चिनु



गुरुङ पोखराको ब्युटीपार्लर व्यवसायमा गनिएको नाम भएको छ। महिला पार्लर मात्र सञ्चालन गरेकी गुरुङले पुरुषहरूको मागकै कारण पुरुषका लागि छुट्टै पार्लर खोलिन्।

महिला पार्लरमा पुरुषलाई सेवा दिनु त्यति सहज पनि थिएन। उनले हरेकको सोचमा परिवर्तन ल्याउन एउटा सुरुवात गरेकी छिन्। यसपछि उनको माग ह्वात्तै बढेको छ। त्यसो त चिनुले केही समय रेडियोमा आरजे भएर ब्युटीटिप्ससम्बन्धी कार्यक्रमसमेत चलाइन्। वाक कलामा निपुण चिनु नयाँ-नयाँ काम गर्न जाँगर चलाउँछिन्। त्यही नयाँ कामका रूपमा उनले पर्यटकीय क्षेत्र लेकसाइडमा पर्यटक पार्लर खोलिन्। यसरी पर्यटकलाई केन्द्रित गरी खोलिएको यो यहाँको पहिलो पार्लर हो। पार्लरमा ह्याट्रिक गरेकी गुरुङले पृथ्वीचोकमा पुरुष र महिलाका लागि दुई भिन्न पार्लर चलाएकी छिन्। गुरुङ भन्दै थिइन्- 'अब नयाँ ढंगको पार्लर खोल्ने सोच बनाएकी छु।'

**–शिव शर्मा**

## सहर चर्चा



साइबर गर्ल

## अनिष्ट गुरुङ

जावलाखेल ललितपुरकी अनिष्ट गुरुङ नेपाली साइट डटकमका लागि सन् २००८ फेब्रुअरीकी 'मोडल अफ दि मन्थ' हुन्। १८ वर्षीया अनिष्टको उचाइ ५ फिट १ इन्च छ। प्लस टु उत्तीर्ण गुरुङ मोडलिङ मोहका कारण यो क्षेत्रमा प्रवेश गरेकी हुन्। नृत्य गर्ने, संगीत सुन्ने र पौडी खेल्ने सौख राख्ने अनिष्ट झूटो र काल्पनिक कुरा गर्ने मानिस मन पराउँदिनन्। अनिष्ट मोडलिङ क्षेत्रमा आफ्नो बलियो उपस्थिति होस भन्ने चाहना राख्छिन्। उनलाई मन पर्ने फेसन मोडलमा याना गुप्ता र शेहनाज हुन्। ह्याङ्गआउटका लागि ठमेल र दरबारमार्ग जाने गुरुङ घुम्ने अवसर पाए भारतको गोवा र फ्रान्स पुग्ने चाहना राख्छिन्। अनिष्टलाई चाइनिज तथा थाई परिकार मन पर्छन्। सूचना-प्रविधिको यो युगमा इन्टरनेटको महत्त्व अत्यन्तै भएको बताउने गुरुङ त्यसको प्रयोगबाट साथीहरूसँग मनका कुरा व्यक्त गर्न पाएको उल्लेख गर्छिन्। जीवन अत्यन्तै सुन्दर भएकाले सधैं हाँसिरहनुपर्ने सल्लाह दिने अनिष्ट नेपालीकी छोरी भएकोमा गर्वको अनुभूति हुने कुरा बताउँछिन्।

## मुखाले

जसले माओवादीलाई सरकारमा जान रोक्छ, ऊ राजाझैं पतन हुन्छ।

**कृष्णबहादुर महरा**
**प्रवक्ता, नेकपा माओवादी**

निर्वाचनले माओवादीलाई ठूलो दल मानेकाले अरू दलले पनि त्यो कुरा स्वीकार गर्नुपर्छ।

**सीताराम याचुरी भारतीय कम्युनिस्ट, नेता**

अमेरिका माओवादीलाई प्रयोग गरेर नेपालको भूमिबाट चीनविरुद्धको खेल खेल्ने तयारीमा छ।

**सीपी मैनाली, अध्यक्ष, नेकपा (माले)**

माओवादीका लागि गणतन्त्र फलामको च्यूरा भएको छ।

**डा. नारायण खड्का, नेता नेपाली कांग्रेस**

माओवादीले भन्दै आएको आर्थिक कायापलटको नारा हावादारी छ।

**डा. राघवध्वज पन्त, वरिष्ठ अर्थशास्त्री**

माओवादी आयो भने एकलौटी, एकतन्त्रीय शासन चलाउँछ भन्ने जुन प्रकारको 'फोबिया' बजारमा फैलाइएको छ, त्यसले अरू दललाई घाटा पार्दैछ।

**देवेन्द्र पौडेल 'सुनील'**
**केन्द्रीय सदस्य, नेकपा (माओवादी)**

संविधानसभाको पहिलो बैठकमै प्रधानमन्त्रीले राजीनामा गरी माओवादी नेतृत्वको नयाँ सरकार बन्न दिनुपर्छ।

**शेखर कोइराला, नेता, नेपाली कांग्रेस**

अतिवादी हिन्दूहरूले सशस्त्र संघर्षको धम्की दिनु मसानघाटमा पुग्न लागेको लासको अन्तिम हिक्का हो।

**मोहनाथ प्रश्रित, नेता, नेकपा (एमाले)**

## साता संक्षेप

**वैशाख २० गते शुक्रबार**

• माओवादी विधायक विनोद उपाध्यायको रूपन्देहीस्थित घरमा बम विस्फोट, विधायकका काका सुरेन्द्र उपाध्यायको मृत्यु, सिराहामा अज्ञात समूहद्वारा माओवादी कार्यकर्तामाथि गोली प्रहार, स्थिति चिन्ताजनक ।

• प्रधानमन्त्री तथा अमेरिकी राजदूतबीच भेट, संविधानसभाको पहिलो बैठक तथा राजतन्त्र हटाउने प्रक्रियाका सम्बन्धमा छलफल ।

• नेकपा (संयुक्त) द्वारा समानुपातिकमा आएको मतद्वारा बहिरा तथा समलिंगीलाई विधायकमा चयन ।

• चट्याङमा परेर नुवाकोटमा २ को मृत्यु, त्यसै बखत आएको हुरीले देशभर ४४ घरको छाना उडाएको प्रहरीको भनाइ ।

**वैशाख २१ गते शनिबार**

• समानुपातिकमा स्थान सुरक्षित गरेका २५ वटै दलद्वारा निर्वाचन आयोगमा विधायकको नाम प्रस्तुत, केही दिनभित्र अन्तिम नामावली प्रकाशन हुने ।

• माओवादी अध्यक्ष प्रचण्ड तथा अमेरिकी राजदूतबीच औपचारिक भेटवार्ता, माओवादीद्वारा बहुदलीय प्रतिस्पर्धाप्रति प्रतिबद्धता ।

**वैशाख २२ गते आइतबार**

• समानुपातिकतर्फ सभासद् चयन गर्दा अनियमितता भएको भन्दै विभिन्न दलका कार्यकर्ताद्वारा विरोध, बाँकेमा मधेसी जनअधिकार फोरमका सभासद् सर्वदेव ओझाको नेतृत्वमा संयोजक उपेन्द्र यादवको पुत्ला दहन ।

• दैलेखमा बालबालिका खेलिरहेको स्थानमा बेवारिसे बम विस्फोट हुँदा १ को मृत्यु, ६ जना गम्भीर घाइते ।

• माओवादी अध्यक्ष प्रचण्डलाई भारत सरकारद्वारा पहिलोपल्ट औपचारिक निम्तो, सरकार बन्नुअघि नै प्रचण्ड भारत जाने ।

• संविधानसभाको परिणाम घोषणापश्चात् सप्तरीमा अपहरणको घटनामा वृद्धि, प्रत्येक दिन दुई जनाका दरले अपहरण भएको भन्दै नागरिक समाजद्वारा चिन्ता व्यक्त ।

**वैशाख २३ गते सोमबार**

• पत्रकार महासंघको अध्यक्षमा धर्मेन्द्र झा निर्वाचित, उपाध्यक्ष गोविन्द आचार्य, महासचिवमा पोषण केसी, सचिवमा रामजी दाहाल तथा कोषाध्यक्षमा रमेश विष्ट विजयी ।

• संविधानसभामा निर्वाचित सभासद्लाई शपथ गराउन अध्यादेश ल्याइने, मन्त्रिपरिषद्को बैठकद्वारा चुनावी हिंसामा मारिएका उम्मेदवारलाई १५ लाख क्षतिपूर्ति दिने निर्णय ।

• झापाको दमकस्थित लक्ष्मी बैंकबाट मध्यदिनमा ७९ लाख रुपैयाँ लुटियो, मोरङको रमाइलोस्थित सुनचाँदी पसलमा पनि लुटपाट, १० लाख नगद तथा २२ तोला सुन लुटिएको प्रहरीको भनाइ ।

• राष्ट्रिय जनशक्ति पार्टीको केन्द्रीय समिति विघटन, अध्यक्ष सूर्यबहादुर थापाद्वारा आफ्नो दल पराजित हुनुमा आफ्नो कमजोरी रहेको स्वीकार ।

**वैशाख २४ गते मंगलबार**

• प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा अमेरिका, बेलायत, फ्रान्स, अस्ट्रेलिया, फिनल्यान्ड, जर्मनीका राजदूतहरूसँग एकसाथ गोप्य भेटवार्ता, वार्ता नयाँ सरकारका विषयमा भएको सूत्रहरूको भनाई ।

• ओखलढुंगामा भीषण वर्षापछि आएको बाढीले ३ बालबालिकासहित ४ जनाको मृत्यु, बाजुरामा रुघाखोकीबाट ३ को मृत्यु ।

• सरकार गठन तथा गणतन्त्र कार्यान्वयनका विषयमा प्रमुख तीन दलबीच छलफल, तीन साताभित्र यी विषयमा टुंगो लागिसक्ने प्रधानमन्त्री कोइरालाको भनाइ ।

**वैशाख २५ गते बुधबार**

• मधेसवादी पार्टी तमलोपा तथा सद्भावना पार्टी (महतो) द्वारा सरकारमा नजाने, प्रतिपक्षमा बसेर मधेस मुद्दालाई सशक्त बनाउने निर्णय ।

• वाईसीएलद्वारा पत्रकार सम्मेलन गरी आफ्नो माउ पार्टीलाई बाहुबल प्रयोग गरेर जिताएको स्वीकार, अब विकास-निर्माणको कार्यमा संलग्न हुने वाईसीएल नेताहरूको भनाइ ।

• तराईका १५ जिल्ला सुरक्षाका हिसाबले अझै संवेदनशील, असारपछि सुरक्षानीतिमा पुनरावलोकन गरिने सुरक्षानीति सार्वजनिक ।




### ऋण लिएर तेल आयात नगर्न दबाब

नेपाल आयल निगमको व्यवस्थापन पक्षलाई ऋण लिएर पेट्रोलयम पदार्थ आयात नगर्न नेकपा माओवादीले दबाब दिन थालेको समाचार छलफल साप्ताहिकले प्रकाशित गरेको छ । प्राप्त समाचारअनुसार संविधानसभाको निर्वाचनबाट सबैभन्दा ठूलो दलका रूपमा माओवादी स्थापित भएपछि उसले यही सात दलको सरकार हुँदै पेट्रोलियम पदार्थको मूल्यवृद्धिमा जोड दिएको हो । पछि आफ्नो नेतृत्वमा भएको सरकारले पेट्रोयिम पदार्थ मूल्यवृद्धि गर्दा पार्टीप्रति जनतामा नकारात्मक असर पर्ने भएका कारण माओवादीले अहिले नै पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्न निगमका कार्यकारी निर्देशक दिगम्बर झालाई दबाब दिंदै आएको बताइएको छ ।

### माओवादीमा नेतृत्वको किचलो

संविधानसभा निर्वाचनमा सबैभन्दा ठूलो दल बनेपछि माओवादीभित्र नेतृत्वको किचलो सुरु भएको समाचार देशान्तर साप्ताहिकले प्रकाशित गरेको छ । समाचारअनुसार अहिले उक्त पार्टीमा प्रचण्ड प्रथम स्थानमा छन् । प्रचण्डको पदमा कसैको दाबी छैन । किचलो सुरु भएको पद दोस्रो को भन्ने नै हो । सरकारमा जानदेखि पार्टी पंक्तिमा पनि यही दोस्रो पदका लागि आधा दर्जनले दाबी गर्न थालेपछि किचलो बढेको हो । माओवादी खुला भएपछि वा खुला हुने समयदेखि नै डा. बाबुराम भट्टराईलाई दोस्रो व्यक्तिका रूपमा प्रस्तुत गर्दै आएको थियो । भूमिगत हुँदा पनि उनी जनसरकाप्रमुख थिए । सैन्य कमान्डरपछिको यो दोस्रो पद हो तर पार्टी पंक्तिमा डा. भट्टराई एकपटक कारबाहीमा परिसकेका व्यक्ति हुन् । पार्टीबाट निलम्बित हुनु भनेको वा त्यो तहसम्म कुरा पुग्नु भनेको उनको दोस्रो तहको नेतृत्व अस्वीकृत हुनु हो तर यो कारबाहीलाई सार्वजनिक हुन नदिन सधैंभरि भट्टराईलाई प्रचण्डको जोडीका रूपमा प्रस्तुत गरिँदै आएको थियो ।

### रेश्माको गीतमा नाचे राजा

जी शाहको नामबाट मन छुने गीत लेख्दै आएका राजा ज्ञानेन्द्र नृत्य विधामा पनि त्यत्तिकै पोख्त छन् भन्ने धेरैलाई थाहा थिएन । जब 'मै ठूली भै'छु रे, आइदेउ घुम्टो ओढाइदेऊजस्तो रेश्मा सुनुवारले गाएको रिमिक्स गीतमा राजा ज्ञानेन्द्र छमछमी नाच्न थाले, नारायणहिटीमा उपस्थित सबै छक्क परे । घटना गत विहीबारको हो । तरुण साप्ताहिकमा प्रकाशित समाचारअनुसार आफ्नो विवाहको ३६ औं वार्षिकोत्सवका अवसरमा राजा ज्ञानेन्द्रले सरकारी निवास नारायणहिटी राजदरबारमै भव्य भोजको आयेजना गरेका थिए । बेलुकी साढे आठबजेदेखि बिहान चार बजेसम्म चलेको उक्त भोजमा उपस्थित करिब चार सय आफन्तसँग राजा ज्ञानेन्द्रले देशको बदलिंदो परिस्थितिका सम्बन्धमा खुलेरै कुरा गरेको समाचारमा उल्लेख छ ।

### राजाका कर्मचारी राष्ट्रपतितिर

संविधानसभाको पहिलो बैठकले राजतन्त्रको विधिवत् अन्त्य गर्दै गणतन्त्रको कार्यान्वयन गरेपछि दरबारमा कार्यरत करिब पाँच सय कर्मचारीको भविष्य के होला ? दरबारमा कार्यरत कर्मचारीलाई राष्ट्रपति कार्यालयका कर्मचारीका रूपमा परिणत गर्ने सोचाइमा सामान्य प्रशासन मन्त्रालय पुगेको समाचार जनआस्था साप्ताहिकले प्रकाशित गरेको छ । समाचारअनुसार यसै प्रयोजनस्वरूप संविधानसभा चुनावअघि दरबारका कर्मचारीको व्यवस्थाका लागि तयार पारेर ल्याउनै लागिएको एक नियमावली हालका लागि स्थागित गरिएको छ । गत १ साउनदेखि दरबारका कर्मचारीलाई पनि निजामती सरह सुविधा दिने सरकारी निर्णयसँगै सरकारले पुरानो राजप्रासाद सेवा नियमावली खारेज गरेपछि सामान्य प्रशासन मन्त्रालयले राजदरबारमा कार्यरत कर्मचारीसम्बन्धी उक्त नियमावली ल्याउने भएको थियो ।

रात परेपछि
नयाँ उमंग नयाँ आनन्द
हाम्रा सेवाहरू:
यौन : लिङ्गको विकास, शीघ्र पतन, दुर्बलता
स्तन: बढाउन, घटाउन साथै पुष्ट राख्न
शरीर: ३ महिनामा नै १२ kg. तौल बढाउन, घटाउन (Slim बन्न)
कुलत: जाँड रक्सीको कुलतबाट सधैं मुक्ति पाउन ।
डेलिभरीको सुविधा
नोट: महिला/पुरुषमा हुने सम्पूर्ण यौन समस्याको उचित परामर्श र समाधानका लागि
Contact: 9841-883397 (मात्र राती ९:४५ - ११:०० बजे, दिउँसो १:१५ - २:३० बजे)
दुवी र पथ्थरीको सफल उपचार
आयुर्वेदिक पद्धति, वर्षौंको सफल उपचार
0% side effect, 100% effective
Family Health Care Nepal
4672065, 2172882, 2084130

LIVE & WORK
IN
GERMANY
& DENMARK
AU- PAIR
Contact :
I-CATS (P.) LTD.
Bagbazar, Ktm
Ph: 016913789
9803386712

C.M.A./A.N.M.
लोकसेवा आयोग खुलेको हुदाँ लोकसेवा आयोगको लागि C.M.A./A.N.M. तयारी कक्षा सञ्चालन भइरहेको छ। अनुभवी प्रशिक्षकद्वारा प्रशिक्षण गराइने छ। सिट सिमित छ। तुरुन्त सम्पर्क गर्नु होला ।
शनिबार पनि अफिस खुल्ला रहने छ ।
सम्पर्क: पिस नेपाल टेनिङ्ग सेन्टर
गंगबु चोक, काठमाडौं
01-2043722, 9841295573
9803147760

आवश्यकता
यस सफल SPI प्रा.लि. को शाखा कार्यालयलाई कर्मठ, इमान्दार तथा कार्यमा लगनशील कर्मचारी चाहियो
योग्यता: Test / S.L.C. or above
संख्या: 7 Gents/ 7 Ladies
पद : Mediator
तलब : 7500 + TA + बोनस
9841758334
9803147982
ग्वार्को, ललितपुर
नोट: शनिबार पनि अफिस खुल्ला रहनेछ ।

होटल तालिम त्यो पनि छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
SLC दिएकालाई Special Discount
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
४४६४७२०, ९८५१०-९३६२९, ९८४१-८९११२१, ९८४१-४९४५९२
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
शिवदर्शन हल अगाडि, नयाँ बानेश्वर, फोन २०४०७८२, ९८५१०-९३६२९

प्राइभेट
Test/S.L.C.
बिगत बर्षहरुको अपार सफलता पछि २०६५ को लागि पनि Private Test/S.L.C.मा धमाधम भर्ना लिइदैछ ।
कक्षा समय: बिहान र दिउसो
माध्यम: अंग्रेजी र नेपाली
साथै Computer, Language/ Tuition Classes संचालन भईरहेका छन् ।
EVEREST
Educational Centre
Jamal, Kathmandu
Ph.: 4224838

## हाम्रो नेपालमा

### मन्दिर होइन अस्पताल

अस्पतालमा विवाह, झट्ट सुन्दा पत्याउन गाह्रो हुन्छ तर यो सत्य हो, यस्तो अचम्मको विवाह चितवनमा सम्पन्न भएको छ। समाचारअनुसार पूर्वी चितवनको रत्ननगर गाविस वडा नम्बर ३ बल्सीचोकमा गत आइतबार बिहान भएको बस दुर्घटनामा परी घाइते एक बेहुली स्वस्तिका गौतमले अस्पतालकै शैय्याबाट उपचार गर्दागर्दै भरतपुर नगरपालिका वडा नम्बर ६ का प्रकाश पौडेलसँग विवाह गरेकी हुन्। विवाहका लागि तयारी गरेर रत्ननगरकै हरिहर मन्दिरमा आउने क्रममा बेहुली चढेको ना३ख १७१७ नम्बरको बस दुर्घटना भएपछि बेहुला प्रकाश अपरान्ह ४ बजे बाजागाजासहित जन्ती लिएर अस्पतालमै पुगेका थिए।

### तीन महिनामै

सामान्यत: कुनै पनि फलफूलको बोट-बिरुवामा फूल फुली फल लाग्न दुईदेखि पाँच वर्षसम्म लाग्छ, तर काठमाडौं पुखुलाछी गाविसनिवासी तेजबहादुर लामाले रोपेको भोगेटेको बोटमा तीन महिनामै फूल फूलेको छ। तिहारमा पूजाका लागि किनेको भोगटे मीठो लागेर पुसमा सारेको भोगटेको बोटमा चैतमा फूल फुल्न थालेपछि लामा चकित भएको समाचारमा उल्लेख गरिएको छ। लामाका अनुसार तिथि हेरर बोटबिरुवा रोपे त्यस्तो बोट-बिरुवाले राम्रो फल दिन्छ।

### आफ्नै कत्रो बालक

सामान्यत: नौ महिनाको बालकको वजन कति हुन्छ होला ? जो-सुकैले पनि सहजै अनुमान गर्न सक्छ, ६ किलोग्रामदेखि बढीमा ११ किलोग्रामसम्म, तर ताप्लेजुङको सावादिन गाविस वडा नम्बर ८ मा बसोबास गर्ने एक नौ महिने बालकका फूर्वाल्हामू शेर्पाको वजन भने २१ किलोग्राम छ । उनी कर्मा शेर्पा र लाक्पा दिकी शेर्पाका सन्तान हुन। आफ्ना छोराको बढ्दो उमेरबाट चिन्तित अभिभावकले जिल्ला अस्पताल ताप्लेजुङमा उपचार गराउन ल्याउँदा त्यहाँ उनीहरूलाई धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउने सल्लाह दिइएको थियो। फूर्वाल्हामू शेर्पा आफ्ना



अभिभावकका तेस्रो सन्तान हुन्। यसअघि उनका दाजु पनि उनीजस्तै मोटो रहेको र उपचारको अभावमा १४ महिनामै मृत्यु भएको बताइएको छ।

### यस्तो पनि बिदा

गाउँ-टोलका कुनै घरमा कुनै कार्यक्रम पर्नासाथ विद्यालय बन्द गर्नुपर्छ र ? यो प्रश्न जो-कसैलाई गरियो भने पर्दैन भन्ने सोझो उत्तर पाइन्छ। यद्यपि रौतहट जिल्लाको सदरमुकाम गौर नगरिपालिकाको वडा नम्बर १२ पुरेनवास्थित श्री प्राथमिक विद्यालयमा भने टोलमा विवाहको साइत जुर्नेबितिकै सार्वजनिक बिदा दिने गरिएको छ। यस्तो बिदालाई स्थानीयवासीले समेत समर्थन जनाउने गरेका छन्। वैवाहिक कार्यक्रमदेखि गाउँका कुनै एक सदस्यले धर्मकर्मको कार्यक्रम गर्नुपरे आउने अतिथिका लागि विद्यालयको कक्षाकोठामा बासको प्रबन्ध मिलाइने हुनाले विद्यालय बन्द हुने गरेको हो। उक्त विद्यालयलाई टोलबासीले निजी प्रयोजनका लागि प्रयोग गरेका कारण विद्यार्थीहरूको अध्ययनमा बाधा पुगे पनि अभिभावकहरूले त्यसमा मौन सहमति जनाउँदै आएका छन्।

### बेहुलाबिनाको विवाह

सुन्दा अचम लाग्ने, देख्दा झनै रमाइलो, बेहुलाको उपस्थिति छैन तर विवाह धूमधाम भैरहेको छ। यस्तो विवाह नवलपरासी जिल्लाको प्रगतिनगर गाविस घर भएका र वैदेशिक रोजगारीका सिलसिलामा दुबईमा रहेका भीमबहादुर हिताङ तथा अमरापुरी गाविस वडा नम्बर ९ की जुना नेपालीबीच सम्पन्न भएको छ। बेहुला हिताङ हाल दुबईमा छन् भने उनकी बेहुली नेपालमै छिन। तैपनि दुईबीच हिन्दू परम्पराअनुसार विवाह सम्पन्न भएको छ। अहिलेसम्म



बेहुला र बेहुलीबीच भेटघाट भएको छैन, तर टेलिफोनमा दुवै जनाको सामान्य कुराकानी हुन थालेपछि बेहुली पक्षबाट विवाहको कुरा चल्यो। केटा र केटी विवाहका लागि राजी भएपछि केटाको घरबाट कपडा, सिन्दूर पोते, डोरी, चुरासमेत जन्ती केटीकहाँ गए, बेहुलीले ती सबै सामग्री ग्रहण गरेपछि विवाह सम्पन्न भयो।

### दाइजो ठूलो कि दुलही ?

विवाहमा दुलाहाका लागि दुलहीको महत्त्व अरू कुनै पनि वस्तुको तुलनामा धेरै हुन्छ, तर संखुवासभाको खाँदबारी गाविस वडा नम्बर १० नयाँबजारका बेहुला वसन्तकुमार चापागाईंलाई बेहुली बबिता पोखरेलभन्दा मोटरसाइकल, कम्प्युटर र सुनजस्ता वस्तु नै प्यारो रहेछ। त्यसैले त उनले ती सामान नपाएपछि विवाह गरेर घरमा भित्र्याएकी दुलही नै फिर्ता गरेका छन्। समाचारअनुसार विवाहमा राम्रा कपडा, उच्च गुणस्तरका फर्निचरसमेत नदिएको भन्दै चापागाईंले दुलही फिर्ता गरेका हुन। बुधबार मैतालु फर्काउने तयारी भैरहँदा वसन्तकुमारले नलाने भनेपछि बेहुली माइतमै छिन्।

### र अन्तमा...

बाँदर पनि राजस्वको स्रोत बन्छ भन्दा अचम्म लाग्न सक्छ, तर यो वास्तविकता हो। मकवानपुरको हेटौंडा नगरपालिका वडा नम्बर १० स्थित वनविज्ञान अध्ययन संस्थानको जंगलभित्र रहेका बाँदर बिक्री गरी सरकारले १२ लाख ५० हजार रुपैयाँ राजस्व संकलन गरेको छ। ललितपुरस्थित बायोमेडिकल रिसर्च सेन्टर प्रा.लि.लाई सरकारले अहिलेसम्म २५ हजार रुपैयाँ दरले ५० वटा बाँदर बिक्री गरिसकेको छ। सो रिसर्च सेन्टरले वन्यजन्तु पालन, प्रजनन, तथा अनुसन्धानका लागि सरकारसँग २ सय ५० वटा बाँदर माग गरेकोमा वन तथा भू-संरक्षण मन्त्रालयले ५० वटा रातो बाँदर संकलन गर्न अनुमति दिएको थियो।

## कान्तिपुर समाचार डायरी

### खाद्यान्न निकासीमा प्रतिबन्ध

सरकारले खाद्यसंकट हुने सम्भावनाका कारण नेपालबाट प्रमुख खाद्यान्नको निकासीमा प्रतिबन्ध लगाएको छ। विश्वव्यापी रूपमा देखिएको खाद्यसंकटले नेपालमा पनि खाद्यान्नलगायत दैनिक उपभोग वस्तुको अत्याधिक मुल्य वृद्धि भएपछि सरकारले त्यस प्रकारको कदम चालेको हो। सरकारले प्रमुख खाद्यान्न धान, चामल, मकै, गहुँ र यसबाट तयार हुने मैदा, आटा आदि वस्तु निकासी गर्न रोक लगाएको हो। अहिले नयाँ गहुँको सिजन सुरु भएको अवस्थामा भारत र बंगलादेशमा यसको निकासी बढेको थियो। नेपालबाट धान, चामल, गहुँ मकैलगायत खाद्यान्नको निकासी नगण्य मात्रामा हुने भए पनि अवैध रूपबाट भारी मात्रामा गहुँ निकासी हुने गरेको दावी मैदा उद्योगीहरूको छ। कृषि तथा सहकारी मन्त्रालयका अनुसार गर्त वर्ष नेपालमा ३६ लाख ८० हजार मेट्रिक टन धान उत्पादन भएको थियो। अघिल्लो वर्ष ४९ लाख ९ हजार मेट्रिक टन धानको उत्पादन भएको थियो। त्यस्तै १५ लाख १५ हजार मेट्रिक टन गहुँ र १८ लाख १९ हजार मेट्रिक टन मकैको उत्पादन भएको थियो।

### उमेर नपुगी विवाह

बिहाबारी २० वर्ष पारि भनिए पनि नेपालका अधिकांश बालिका उमेर नै नपुगी विवाह गर्न बाध्य छन्। नेपालका १५ देखि १९ वर्षमुनिका करिब २ लाख ५० हजार बालिकामध्ये करिब आधा बालिकाको सोही उमेरमा विवाह हुने गरेको छ। यी विवाहित बालिकामध्ये १८ वर्ष नपुग्दै एक चौथाइ बालिका आमा बन्ने गरेका छन्। बालिकाका क्षेत्रमा कार्यरत बेइजिङ कमिटीले तयार पारेको पछिल्लो तथ्यांकले बालिकाको यस्तो अवस्था देखाएको हो। तथ्यांकअनुसार ६० प्रतिशत नेपाली बालिका १९ नपुग्दै आमा बन्छन्। बालकको तुलनामा १० वर्षदेखि १४ वर्षका मजदुर बालिकाले कडा काम गर्ने गरेका छन्। करिब २ लाख ६० हजार बालबालिका श्रमका विभिन्न क्षेत्रमा सहभागी हुने गरेका छन्। प्रतिवेदनले करिब ५ हजार सडक बालबालिकामध्ये करिब ५ प्रतिशतमात्रै बालिका हुने गरेको देखाएको छ। यसैगरी एघारवर्षे द्वन्द्वका बेला मारिएका २ सय ७४ बालबालिकामध्ये ८१ जना बालिका नै भएको देखिन्छ।


केश
झर्न तुरुन्तै रोकी
उमार्ने तेल
Before Herbal44 Rs. 750 After
बेदाग गोरो मुहारको लागि
आयुर्वेदिक रूपअमृत -1600/-
चाउरीपना हटाउने Cream -1050/-
प्रेसर Diabetes ढाड दुखाई -750/-
मोटोपना घटाउने (रूपअमृत फ्रि) -4000/-
शरीरको उचाई बढाउने -1250/-
स्तन बढाउने Cream (सेम्पु फ्रि) -1650/-
शरीरको तौल बढाउने -1000/-
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9841330144, 9845062538 Chitwan

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ।
Cook Training गर्नेका लागि Waiter, Housekeeping वा English Language FREEमा
ModernManagement Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

प्राइभेट Test / SLC
विगत ६ बर्ष देखि निरन्तर Private Test/ S. L. C. मा 100% विद्यार्थी उत्तीर्ण गराउन सफल एक मात्र Institute मा २०६५ सालको लागि नयाँ भर्ना खुल्यो।
अनुभवी तथा दक्ष शिक्षक-शिक्षिकाद्वारा पढाइने।
अंग्रेजी र नेपाली दुबै माध्यमबाट पढाइने।
कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था गरिने।
Weekly तथा Terminal परीक्षा लिइने।
पुस्तकालय र प्रयोगशालाको व्यवस्था।
Audio तथा Visual को व्यवस्था।
जेहेन्दार तथा गरिब विद्यार्थीहरुका लागि छात्रबृत्तिको व्यवस्था।
शुरुमा भर्ना हुने १५ विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था!
Model Educational Institute
बागबजार (P. K. Campus को गेट अगाडी), Tel: 4-218146

मात्र रु १०/-मा मोबाईलसेट
रु २००/-को कस्मेटिक सामान खरिद गरि १० जना नयाँ ग्राहकलाई सहभागी गराउन साथ एउटा मोबाईल सेट प्राप्त गर्नुहोस।
यो योजना सहभागी हुने पहिलो १०० जनाको लागि मात्र।
यति मात्र होईन अन्य धेरै अवसरहरु पनि प्राप्त गर्न सक्नुहुन्छ. यसका लागि कार्यालयमै सम्पर्क राख्नुहोस्।
युनिक ग्रुप प्रा. लि.
गोङ्बु-४, काठमाण्डौ
फोन: २०४०६७५, २०९२३५६
२०७४०८४, २३३७००४

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
Private TEST/SLC-065
बिशेषताहरू:
- बिगतका Private Test परिक्षामा 100% विद्यार्थी पास
- कक्षा 8 पास भएको र 9,10 वा SLC फेल भई पढ्न छाडेकाहरुले पनि पढ्न पाउने
- 1 वर्षमा नै Private SLC पास गर्न सकिने
- दक्ष तथा अनुभवि शिक्षकहरूद्धारा नियमित पढाई र परिक्षा लिइने
- नेपाली र अङ्ग्रेजी दुबै माध्यममा पढाई हुने
- बिहान तथा दिउसो दुई समयमा कक्षा सन्चालन
And, Computer Language Tuition Acting Anchoring
Matrix Foundation Kalimati, 016216469 9841355104,9841669437
Shivapuri Institute Kapurdhara, 4362125 9841537680, 9803142937

निःशुल्क भर्ना खुल्यो!
प्राइभेट TEST/SLC - 065
English Language छोटो समयमानै बोल्न र लेख्न सिकाईन्छ।
COMPUTER Basic to Diploma
SLC Students लाई विषेश छुट
कक्षा ८ पास, ९ पास/फेल वा Test/SLC फेल भई निराश भएका
जागिर गर्दै पढ्न चहाने वा विविध समस्यले विद्यालय जान नसकेका
उमेर नाघेको तर पढ्न चाहने विद्यार्थीहरुको लागि अध्ययन निरन्तर गर्नेसुवर्ण अवसर!
१०० % ग्यारेन्टी पास हुनेनै गरी पढ्नलाई सम्झनुहोस्।
कक्षा समय: विहानी, दिवा तथा बेलुकी माध्यम: नेपाली र English
NAWA BUDDHA Int'l Education (P) Ltd. चावहिल, (NCC बैंक अगाडि) फोन: ४४७५३००
PEACE VISION Int'l Education (P) Ltd. सोह्रखुट्टे (ओरालो, मोड) फोन: ०१-६९१३२८६

# फुर्सद भयो, अब के गर्ने ?

साप्ताहिक समाचार

एसएलसी सकिएलगत्तै संविधानसभा निर्वाचनको सरगर्मी बढेकाले यसपटक एसएलसी दिनेहरूले चुनावी वातावरणको पनि मज्जा लिए। १० वर्षे विद्यालय अध्ययनको थकानबाट मुक्त भएलगत्तै चोक-बजारमा निर्वाचनका गफमा सहभागी हुन पाएकाले उनीहरूका निम्ति फुर्सदको यो समय रमाइलोसँग बितेको हुनुपर्छ। 'निर्वाचनको वातावरणले अध्ययनको ह्याङ्गओभरलाई अन्त्य गरिदियो।' एसएलसी दिएर बसेकी अन्जना सुवेदीले भनिन्- 'तर अब दिनभर के गर्ने होला भन्ने लाग्न थालेको छ।'

निर्वाचनकै कारण यस पटकको एसएलसीको परिणाम सार्वजनिक हुन केही ढिलो हुने भएको छ। त्यसैले अघिल्ला वर्षहरूको तुलनामा यसपटक एसएलसी दिनेले बढी समय छुट्टी बिताउनेछन्। छुट्टीको यो समयलाई सदुपयोग गर्ने बाटो पनि त्यत्तिकै छन्। त्यसै पनि अल्छी गरेर घरमा बस्नुको सट्टा विभिन्न ज्ञानमूलक अध्ययनमा जुट्नु लाभदायक हुन्छ।

'एसएलसी सकियो, अब पढाइको चिन्ताबाट मुक्त भइयो,' धेरै विद्यार्थीले एसएलसी सकिएपछि भन्ने गरेको वाक्य हो यो। तर वास्तविकता यो होइन्, एसएलसी यस्तो परीक्षा हो, जहाँबाट बल्ल क्यारियर विकासका बाटाहरू खुला हुन्छन्।



तस्बिर : विश्वबन्धु ढकाल

उच्च शिक्षामा आफ्नो रोजाइको विषय लिएर अध्ययन गर्नुपर्ने भएकाले त्यसको तयारी अहिलेदेखि नै गर्नुपर्छ। 'एसएलसी सकिएपछि केही समय फुर्सद हुने भएकाले अध्ययन गर्ने बानी हराउन सक्छ', ब्रिजकोर्स सञ्चालन गर्दै आएको पपुलर एजुकेसन फाउन्डेसनका संस्थापक राजकुमार महतो भन्छन्- 'अध्ययनलाई निरन्तरता दिन कुनै एक समय ब्रिजकोर्स गर्नु फाइदाजनक हुन्छ।' ब्रिजकोर्समा भर्ना हुँदा उच्च शिक्षाका पाठ्यक्रमको आधारभूत जानकारी पाइनुका साथै कलेज जीवनशैलीको अनुभूति सँगाल्न सकिन्छ। आफूले उच्च शिक्षा हासिल गर्ने विषयमा ब्रिजकोर्स गर्न सकिन्छ।

मानिस वृद्ध अवस्थासम्म पुगुन्जेल पनि अध्ययनको महत्त्व त्यत्तिकै हुन्छ। फुर्सदको यो समयमा पाठ्यक्रमका अतिरिक्त बाहिरका अन्य पुस्तक अध्ययनमा जुट्नु पनि राम्रो हो। नेपाली साहित्यका क्षेत्रमा आएका नयाँ उपन्यासहरू पनि अध्ययनका सामग्री बन्न सक्छन्। त्यसबाहेक राष्ट्रिय-अन्तर्राष्ट्रिय दर्शनशास्त्रका पुस्तकदेखि आत्मवृत्तान्तसम्म अध्ययन गर्न सकिन्छ। अतिरिक्त विषयका पुस्तकको अध्ययनले विद्यार्थीलाई कोर्स बुकको साँघुरो घेराबाट बाहिर निकाल्न मद्दत पुग्छ।

फुर्सदको यो समयमा कम्प्युटर कोर्सको अध्ययन पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। कम्प्युटर कोर्सअन्तर्गत वेबपेज डिजाइन, एनिमेसन, बेसिक एकाउन्ट कोर्स अध्ययन गर्न सकिन्छ। अहिलेको समयमा कम्प्युटरको ज्ञान आधारभूत पक्ष हो। कम्प्युटर नजानेको अवस्थामा कुनै काम नै गर्न नसक्ने अवस्था सृजना भैसकेकाले विद्यार्थीले जतिसक्दो धेरै कम्प्युटरसम्बन्धी जानकारी हासिल गर्नुपर्छ। संख्यात्मक रूपमा धेरै कम्प्युटर इन्स्टिच्युटले धेरैवटा विषयमा तालिम उपलब्ध गराए पनि विद्यार्थीहरू आफ्नो रुचिको क्षेत्रमा जान सक्छन्। घरमै कम्प्युटर राखेर चलाए पनि धेरै कुरा सिक्न सकिन्छ। आफ्नै पोर्टल विकास गर्ने लहड चलिरहेको यो समयमा ब्लग वेबसाइट निर्माणका निम्ति वेबपेज डिजाइन र फोटोसपजस्ता विषयमा न्यूनतम जानकारी प्रत्येक विद्यार्थीमा हुनुपर्छ।

अहिले किशोरअवस्थाबाट युवाअवस्थामा प्रवेश गर्ने प्रायः युवाको हातमा मोबाइल फोन देख्न सकिन्छ। यसबाहेक उत्कट उत्सुकता बोकेका उनीहरू प्रविधिको क्षेत्रमा आएका नयाँ उपकरणका सम्बन्धमा जानकारी लिन खोज्ने स्वभावका हुन्छन्। त्यसैले प्रविधिजन्य उपकरणका हार्डवेयर पक्षको जानकारी पनि त्यत्तिकै लाभदायी हुन्छ। आफैंले बोक्ने गरेको मोबाइलदेखि कम्प्युटर, डिभिडी प्लेयर, एमपिथ्री आदि हार्डवेयरको पक्षका बारेमा तालिम लिने उपयुक्त समय पनि यही नै हो। कम्प्युटरको प्रोफेसनल कोर्स हासिल गरेकाहरूले आकर्षक रोजगारी पाउनुले पनि अहिलेको समयमा कम्प्युटरका बारेमा ज्ञान हासिल गर्नु पेसागत रूपमा फाइदाजनक हुन्छ।

एसएलसी दिएर बसेकाहरूले पर्यटन तथा होटल तालिम पनि लिन सक्छन्। कुक, वेटर, फ्रन्ट अफिस, हाउस किपिङ, बारमेन, फुड एन्ड वेभरेज म्यानेजमेन्ट, एयर टिकेटिङजस्ता विषयमा आधारभूत ज्ञान हासिल गर्दा भविष्यमा यिनै क्षेत्रमै पेसागत उपस्थिति जनाउन सकिन्छ।

महिलाहरूले इन्टेरियर डिजाइन, ब्युटिसियन आदि कोर्सहरू पनि गर्न सक्छन्। इन्टेरियर डिजाइनको ज्ञानले आफ्नो घरलाई कसरी सजाउँदा सुन्दर देखिन्छ भन्ने ज्ञान हुन्छ। त्यस्तै ब्युटी कोर्स पनि व्यक्तिगत तथा व्यावसायिक दुवै दृष्टिकोणले लाभदायी छ।

मानवजीवनमा भाषाज्ञानले अत्यन्तै फाइदा पुऱ्याउँछ। जति धेरै भाषाको ज्ञाता हुन सकिन्छ, त्यति नै व्यक्तित्व-विकास भएको पुष्टि हुन्छ। नेपालीका अतिरिक्त अंग्रेजी, स्पेनिस, फ्रेन्च, जापानिज, चाइनिज, कोरियन आदि भाषाको जानकारी राख्दा जुनसुकै समयमा काम लाग्नसक्छ।

स्कुले समयदेखि नै संगीत तथा नृत्य क्षेत्रमा रुचि भएकाहरूले आफ्नो रुचि पूरा गर्न सक्छन्। व्यावसायिक रूपमा सफल बनेका यी दुवै क्षेत्रमा पछि क्यारियर निर्माण गर्न सकिने भएकाले अहिले नै यी क्षेत्रमा प्रशिक्षण लिनु फाइदाजनक हुन्छ। सुजिल कर्माचार्य यसका उदाहरण हुन्। इन्जिनियरिङमा स्नातक गरेका सुजिलले अध्ययनपश्चात् सांगीतिक फाँटमा आफ्नो क्यारियर विकास गरेका छन्। राजधानीमा थुप्रै इन्स्टिच्युटले संगीत तथा नृत्यको कक्षा सञ्चालन गर्छन्। संगीतका क्षेत्रमा विभिन्न बाजागाजा एवं गायनकै तालिम लिन सकिन्छ।

व्यावसायिक रूपमा उद्घोषण, पत्रकारिता र डिस्क जक्की (डिजे) क्षेत्र पनि सफल मानिन्छन्। पछिल्लो अवधिमा तीव्र गतिमा स्थापना भएका एफएममा क्षमतावान् तथा स्पष्टवक्ता आरजेको माग त्यत्तिकै छ। त्यस्तै उत्कृष्ट लेखनशैली भएकाहरूले पत्रकारिताका बारेमा ज्ञान हासिल गर्नु पनि राम्रो हुन्छ। यसबाहेक विवाह, पार्टी, समारोहहरूमा रमाइलोका निम्ति नियमित रूपमा फास्टट्र्याक संगीत घन्काउने डिजेहरूले पनि राम्रै आम्दानी गर्न सक्छन्।

फुर्सदको समयमा सिक्ने कुरा धेरै छन्, तर प्रत्येक व्यक्तिको आफ्नै रुचि र दृष्टिकोण हुने भएकाले रोजाइ अलग-अलग हुन्छ। तीन महिनाको यो समयमा कुनै एक विषयमा मात्र पनि तालिम लिन सकियो भने पनि त्यसको सदुपयोग हुन्छ। घरमा बसेर दिनभर टेलिभिजन हेर्ने वा साथीभाइसँग अनावश्यक गफ लडाएर बस्नुको सट्टा व्यक्तित्वमा निखार ल्याउने यस प्रकारका विषयमा तालिम लिने कि ?

## शैक्षिक एवं पुस्तक प्रदर्शनी

आज देखि जेठ ४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा वृहद शैक्षिक तथा पुस्तक मेला हुने भएको छ। ग्लोबल एक्सपोजिसन एन्ड म्यानेजमेन्ट सर्भिसेज द्वारा आयोजना गरिने यो मेलाको शीर्षक नेपाल शैक्षिक एवं पुस्तक प्रदर्शनी २०६५ राखिएको छ। यो मेलाबाट दर्शक एवं सहभागीहरूले विभिन्न उपयोगी जानकारी प्राप्त गर्न सक्नेछन्। मेलामा विभिन्न उमेर समूहका विद्यार्थीका लागि विदेशमा तयार पारिएका जानकारीमूलक, मनोरञ्जनात्मक एवं शैक्षिक पुस्तक र सामग्रीहरू सर्वसुलभ रूपमा उपलब्ध हुनेछन्।

मेलामा नेपालका स्थानीय तहका कलेजहरूले आफ्नै तरिकाले विद्यार्थीलाई आकर्षित गर्नका लागि प्रयास गर्नेछन् भने भारत, अमेरिका, बेलायत, सिंगापुर, चीन, बंगलादेश, क्यानाडा, अस्ट्रेलिया, जापान, आयरल्यान्ड तथा युरोपका दर्जनौं कलेज तथा युनिभर्सिटीहरू प्रत्यक्ष एवं स्थानीय एजेन्टमार्फत सहभागी हुनेछन्।

विद्यार्थी तथा अभिभावकहरूलाई आ-आफ्नो क्षमता एवं योग्यताअनुसारको उच्च शिक्षाका लागि उचित विषय एवं शिक्षण संस्थाको छनौट गर्न मद्दत पुऱ्याउनु र यस क्षेत्रमा लगानीका सम्भावनाहरू प्रस्ट्याउनु मेलाको अर्को उद्देश्य हो। आगन्तुकहरूको सुविधाका लागि प्रदर्शनीलाई २ भागमा बाँडिएको छ। एउटा हलमा वैशाख २७ देखि ३० गतेसम्म शैक्षिक प्रदर्शनी हुनेछ भने अर्को हलमा वैशाख २७ देखि जेठ ४ गतेसम्म पुस्तक प्रदर्शनी हुनेछ।यो मेला १ लाख ५० हजार भन्दा बढी आगन्तुकले अवलोकन गर्ने अनुमान गरिएको छ।

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग अंग्रेजी भाषा बोल्न सिक्ने क्लाशमा धमाधम भर्ना लिइदै छ, साथै Chinese, Spanish, Japanese, र French भाषा कक्षाहरु पनि सञ्चालन गरिदै छ।
याद रहोस् हाम्रा सबै ट्रेनरहरू अनुभवी र तालीमप्राप्त छन्।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

प्राइभेट
Test/S.L.C.
विगत वर्षहरुमा अपार सफलता पछि २०६५ को लागि Private Test/ S.L.C. मा भर्ना खुल्यो।
कक्षा समय : बिहान र दिउसो
माध्यम : अंग्रेजी र नेपाली
साथै Computer, Languages / Tuition का कक्षाहरु सञ्चालन भइरहेका छन्।
सित सिमीत छ।
Kathmandu Multiple Institute
Bhotahity, Kathmandu
Ph 4232203

JOB GUARANTEE
उद्घोषण तालिम
विशेष उद्घोषण तालिम चर्चित तथा ख्यातिप्राप्त रेडियोकर्मीद्वारा संचालित संस्था विकल्प, द अप्सनबाट
विकल्प एफ.एम. TIME मा कार्यक्रम चलाउन १००% ग्यारेण्टी
नयाँ कक्षा धमाधम संचालन भइरहेको छ।
प्रशिक्षकहरु
- हेम सुवेदी
- कुसुम बज्राचार्य
- रीता लिम्बु
- महिमा भटराई
- पवन आचार्य
- दिपक समिर
- मुनाल शिशिर
- केशवजङ्ग पाण्डे
सम्पर्क BIKALPA, THE OPTION
Kumari Temple Street, Kupondol
फोन: ५०११५२३, हटलाइन: २३८०७४४
मो.: ९८०३०५२४९९
"बसेर सुन्ने हैन, अब सुनाउने पालो तपाईको"

Special Discount मा
होटल तालिम
* कुक * वेटर * हाउसकिपिङ * बेकरी
साथमा फ्रि Waiter र अंग्रेजी भाषा
5 Star होटलका अनुभवी प्रशिक्षकद्वारा तालिम दिने, थप तालिमको लागि विभिन्न होटल तथा रेष्टुरेण्टमा पठाउने, विदेश जानेलाई सम्पूर्ण Documentation गरिदिने।
WORK PERMIT
* SINGAPORE
* AUSTRALIA
* NEWZEALAND
* DUBAI
तालिम मात्र होइन रोजगार पनि दिन्छौं।
SHMTN
Dillibazar, 4440306, 9841298254

## नयाँ प्रविधि



### कम्प्युटरविना डिभिडी

अहिले प्रचलित प्रविधिमा कुनै पनि तस्बिर वा गीतलाई डिभिडिमा राख्नुपर्‍यो भने कम्प्युटरको सहयोग लिनुपर्ने हुन्छ। डिजिटल क्यामेराबाट खिचिएको तस्बिरलाई कम्प्युटरमा खन्याएपछि बल्ल डिभिडीमा सुरक्षित राख्न सकिन्छ। जसका कारण डिजिटल फोटोग्राफरसँग कम्प्युटर हुनु अनिवार्य छ। यही समस्या समाधान गर्न डिजिटल तस्बिरलाई कम्प्युटरको सहयोगविना नै डिभिडीमा राख्न सकिने प्रविधिको विकास भएको छ। डिजिटल क्यामेरामा प्रयोग हुने ६ किसिमका मेमोरी कार्ड राख्न सकिने यो डिभिडी मेकरमा खाली डिभिडी राखेर बटन थिच्दा डिभिडी तयार हुन्छ। यसले मेरोरी कार्ड वा युएसबीमा रहेको गीत-संगीतलाई पनि कम्प्युटरको सहयोगविना डिभिडीमा राखिदिन्छ। यसमा इच्छाइएको तस्बिर मात्र डिभिडीमा राख्न सकिने सुविधा छ भने मन परेको तस्बिरमा संगीत राखेर स्लाइड शो पनि बनाउन सकिन्छ। यो तस्बिर डिभिडीको अन्तर्राष्ट्रिय मूल्य २ सय अमेरिकी डलर छ।

### हेपा फिल्टर प्रविधिका भ्याकुम क्लिनर




प्रसिद्ध जापानी कम्पनी सिवाकीका [हे]पा फिल्टर प्रविधिका भ्याकुम क्लिनर [ने]पाली बजारमा आएका छन्। डिजिटल होम यसको आधिकारिक विक्रेता हो। अरू सामान्य भ्याकुम क्लिनरको तुलनामा यसमा हेपा प्रविधि जडान गरिएको छ, जसमा एक प्रकारको फिल्टर प्रयोग गरिएको हुन्छ। धूलोका कणहरू सबै त्यही फिल्टरमा गएर अड्किन्छन्। मसिना धुलोका कणहरूसमेत यसमा गएर अडिन्छन्। अन्य सामान्य भ्याकुम क्लिनरले समेत आकर्षण गर्न नसक्ने खालका मसिना कणहरूसमेत यसले सोसेर फिल्टरमा पुर्‍याउँछ। फिल्टरलाई टकटक्याएपछि सबै धूलोका कणहरू निस्कन्छन्। यसमा अन्य भ्याकुम क्लिनरजस्तो ब्याग हुँदैन। ती क्लिनरमा धूलोका कणहरू ब्यागमा गएर अड्किन्छन्। यसो हुँदा धूलो सफा गर्न ब्याग खोल्ने र धुने आदि काम गर्नुपर्छ। हेपा फिल्टरसहितको भ्याकुम क्लिनरमा भएको फिल्टरलाई धुनु पर्दैन। यसले ३ सयदेखि २ हजार वाटसम्मको क्षमताले धूलोका कणहरू तानेर सफा गर्न सक्छ। बजारमा यो भ्याकुम क्लिनर ६ हजार ५ सय देखि ६ हजार ९ सय रुपैयाँसम्ममा पाइन्छ।

# आयो द्रुत गतिको इन्टरनेट


**एकराज सुवेदी**

घरमा इन्टरनेटको सुविधा छ कि छैन ? घरमा नभए यसका लागि तपाईं साइवरतिर धाउनुहुन्छ होला। साइबरमै पनि विभिन्न साइट खोल्न लामो समय लाग्दा हैरानी खेप्नुभएको छ ? अवश्य पनि यो समस्याबाट पीडित हुनुहुन्छ, तर अब ती दिन गए ? कुनै साइट टाइप गर्नासाथ तुरुन्तै खुल्नेछन्। यो सबै एडिएसएल प्रविधिको देन हो। नेपालमा पनि यो प्रविधिको प्रयोग प्रारम्भ भएको छ।

नेपाल टेलिकमले द्रुत गतिको इन्टरनेट सेवा प्रारम्भ गरिसकेको छ। एडीएसएल प्रविधिको यो सेवाबाट ग्राहकले टेलिफोन एक्स्चेञ्जदेखि तामाको तार मार्फत घरमा जडित टेलिफोन तारमा थप उपकरण जडान गरेर एकै पटक तीव्र गतिको इन्टरनेट चलाउन सक्छन्। यो प्रविधिमार्फत घरमा इन्टरनेट चलाउँदा टेलिफोनको बिल तिर्नुपर्दैन। टेलिफोनमा एडिएसएल प्रविधि जडान गरेपछि एकै इन्टरनेट, टेलिफोन, इन्टरनेटमा आधारित टेलिभिजन आदि हेर्न सकिन्छ।

एसिमेट्रिक डिजिटल सब्स्क्राइबर लाइनको छोटकरी रूप एडिएसएल हो। यो मोडेम प्रविधिमा आधारित छ, जसले सामान्य फोन लाइनलाई द्रुत गतिको डिजिटल लाइनमा परिणत गर्छ। यसरी परिणत हुने डिजिटल लाइनका कारण यसबाट अति द्रुत गति क्षमता भएको इन्टरनेट सेवा प्राप्त गर्न सकिन्छ। यसबाट विभिन्न निजी व्यापारिक नेटवर्कहरूलाई अन्य दूरसञ्चार सेवा पनि प्रदान गर्न सकिन्छ। यसका साथै यो प्रविधिअन्तर्गत मल्टिप्लेयर गेमिङ, भिडिओ अन डिमान्ड तथा भिडियो क्याटलगजस्ता विभिन्न मल्टिमिडिया एप्लिकेसनका सेवाहरू पनि प्रदान गर्न सकिन्छ।

एडिएसएलमा एक प्रकारको मोडेम प्रयोग गरिएको हुन्छ। यसले डिजिटल कोडिङ प्रविधिको प्रयोग गर्छ। यसले नियमित टेलिफोन सेवालाई अवरोध नपुर्‍याई लाइन मोडेमबाट प्राप्त हुने डाटा क्षमतालाई अधिकतम ९९




प्रतिशतसम्म वृद्धि गर्छ। यसैका कारण एकसाथ फोनमा कुरा गर्न, इन्टरनेट चलाउन सकिन्छ भने भिडियो हेर्न तथा संगीत सुन्न सकिन्छ।

टेलिकमले उपलब्ध गराएको एडिएसएल प्रविधिमा २० मेगाविट्स प्रतिसेकेन्डको गतिसम्म डाटा ट्रान्सफर क्षमता भए पनि पहिलो चरणमा १ सय २८ किलोविट्सदेखि २ मेगाविट्ससम्म क्षमता रहेको प्रविधि मात्र वितरण गर्न थालेको छ।

नेपाल टेलिकमले यसभन्दा अघि ५६ किलोविट्सको गतिमा डायल अप इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको थियो। अब यो नयाँ प्रविधि सुरु भएपछि धेरै ग्राहक लाभान्वित भएका छन्। यसका लागि यो प्रविधिको ग्राहक बन्नुपर्छ र सञ्चालनका लागि एउटा कम्प्युटर, एडिएसएल मोडम र स्प्लिटर मात्र आवश्यक हुन्छ। एउटै फोन लाइनबाट टेलिफोन तथा इन्टरनेट सेवा एकसाथ प्राप्त गर्न सकिने, अवरोधरहित उच्च गतिको इन्टरनेट सेवा प्राप्त हुने र अरू प्रविधिबाटभन्दा बढी डाटा सेक्युरिटी हुने भएका कारण पनि यसको लोकप्रियता बढेको छ।

अहिले टेलिकमले मात्र यो सेवा सुरु गरेको भए पनि भविष्यमा निजी क्षेत्रका अन्य सेवा प्रदायकहरूले पनि यो सेवा सञ्चालन गर्ने भएका छन्। अहिले १ सय २८ किलोविट्स प्रतिसेकेन्ड क्षमताको यो सेवाका लागि ९ सय रुपैयाँ महसुल निर्धारण गरिएको छ। निजी क्षेत्रले समेत यो सेवामा हात हालेपछि शुल्क अझ सस्तो हुने आशा गर्न सकिन्छ।

# बुढेसकालमा डन्डीफोर

मानिसको उमेर ढल्कँदै जाँदा पनि अनुहारमा डन्डीफोर आउनुलाई सामान्य रूपमा लिइनुपर्ने जर्मनीका विज्ञहरूले बताएका छन्। बुढेसकालमा प्रवेश गर्नेमध्ये ४० प्रतिशत मानिसमा उक्त समस्या देखिने उनीहरूको तर्क छ। तनाव र सन्तुलित भोजनको कमीका कारण मानिसको अनुहारमा डन्डीफोर आउने जर्मनीको डुसेलडोर्फका श्रृंगारविद् ग्याब्रियल हाउसलरले बताएका छन्। ह्यामबर्गका चर्मरोगविशेषज्ञ गिसेला हुब्सले औषधीको साइड इफेक्ट र तनाव डन्डीफोरका रूपमा प्रकट हुने बताएका छन्। शरीरका विभिन्न ग्रन्थिमा गडबडी उत्पन्न हुँदा पनि डन्डीफोर आउने उनले बताए।

परिवार र पेसामा आउने कठिनाइले उत्पन्न गर्ने ग्रन्थिका कारण महिलाको अनुहारमा डन्डीफोर आउने ह्यामबर्गस्थित स्वास्थ्य बिमा कम्पनीमा कार्यरत चिकित्सक एन्ड्री होप बताउँछन्। शरीरमा सेबासियम ग्रन्थि बढ्दा डन्डीफोर आउने उनको तर्क छ। उक्त ग्रन्थिले बोसोयुक्त सेबम नामक तत्त्वको निर्माण गर्छ र शरीरका विभिन्न अंगजस्तै अनुहार, पिठ्युँ र घाँटीमा डन्डीफोर आउँछ। २५ देखि ४५ वर्षको उमेरसमूहका प्रत्येक चारमध्ये एक महिलालाई डन्डीफोरले सताउने जर्मन विज्ञहरूले बताएका छन्।

# दीर्घायुको रहस्य

प्रत्येक दिन कम्तीमा ३० मिनेटको हिंडाइले बूढापाकालाई शारीरिक रूपमा तन्दुरुस्त बनाउने एक अध्ययनले देखाएको छ। त्यस्ता मानिसले साताको पाँच दिन मात्र हिंडे पर्याप्त हुन्छन्। यसले उनीहरूलाई दीर्घजीवी बनाउनेछ। अमेरिकाको युनिभर्सिटी अफ साउथ क्यारोलिनाका स्टेभेन एन ब्लेयरले गरेको अध्ययनमा ६० वर्ष वा त्योभन्दा बढी उमेरका २ हजार ६ सय तीन जनालाई सहभागी गराइएको थियो। हिंडाइ वा दौडाइमा राम्रो प्रदर्शन नगर्ने २० प्रतिशत सहभागीलाई सबैभन्दा कम फिट व्यक्तिको दर्जा दिइएको थियो।

सात-आठ मिनेटभन्दा बढी हिँड्न वा दौडन नसक्ने सहभागीलाई त्यस्तो दर्जा दिइएको प्रतिवेदनमा उल्लेख छ। महिलाको हकमा भने जम्मा पाँच मिनेट समय निर्धारण गरिएको थियो। मधुमेह, उच्च कोलेस्टेरोल र उच्च रक्तचापको सम्भावना कम भएका व्यक्तिलाई 'तन्दुरुस्त व्यक्ति' मानिएको छ। तन्दुरुस्त मानिएका व्यक्ति मोटा वा दुब्ला जे भए पनि आयु उस्तै पाइएको छ। मोटोपना घटाउनुभन्दा तन्दुरुस्त रहनु स्वास्थ्यका लागि राम्रो हुने प्रतिवेदनमा उल्लेख छ। शरीर मोटो वा पातलो जस्तोसुकै भए पनि पाका उमेरका व्यक्तिले दैनिक आधा घन्टा हिंडे उनीहरू तन्दुरुस्त मात्रै नभई दीर्घजीवी हुने ठहर अध्ययनले गरेको छ।

## विज्ञान समाचार

### नक्कली कि सक्कली ?

प्राकृतिक हात वा पाखुरा विच्छेद भएको अवस्थामा कृत्रिम तरिकाले जडान गरिएको हात वा पाखुरालाई समेत चेतनाबोध गराउन वैज्ञानिकहरू सफल भएका छन्। अमेरिकाका शिकागोमा पाखुरा गुमाएका दुई जनालाई कृत्रिम रूपमा जडान गरी चेतना संवाहक गर्ने काम वैज्ञानिकहरूले गरेका छन्। महिनौंसम्म कृत्रिम अंगहरूलाई चिसो-तातो बनाउने, विद्युतीय प्रवाह गर्ने काम गरेपछि त्यस्ता कृत्रिम अंगहरूमा चेतनाबोध पैदा भएको हो। कृत्रिम रूपमा जोडिएका अंगहरूमध्येमा दुखेको भाग तथा जोर्नीको समेत सूक्ष्म रूपमा पहिचान गर्ने अनुभव बिरामीले गरेका थिए। यसले कृत्रिम अंग जडानको क्षेत्रमा नयाँ आयाम थप्ने विश्वास वैज्ञानिकहरूको छ।

### हृदयरोगबाट मुक्ति

हृदयरोग रोकथामका लागि जीवनशैलीमा परिवर्तन गर्न दिएको सल्लाह सम्बन्धित व्यक्तिले कार्यान्वयन गरे-नगरेको विषयमा चिकित्सकले अनुगमन गर्दा सम्बन्धित व्यक्तिको हृदयरोग निवारणमा पर्याप्त सुधार आएको अमेरिकामा प्रकाशित प्रतिवेदनमा उल्लेख गरिएको छ। हृदयरोग लाग्ने सम्भावना भएका २ हजार ६ सय मानिसलाई चिकित्सकहरूले दिएका सल्लाहका बारेमा अनुगमन गर्दा उनीहरूमा हृदयरोग लाग्ने सम्भावना क्षीण भएको अध्ययनमा उल्लेख छ।

### मायालुको व्यक्तित्व र स्वास्थ्य

प्रेमी-प्रेमिकाको व्यक्तित्वले स्वास्थ्यमा असर गर्ने एक अध्ययनले देखाएको छ। अमेरिकाका अनुसन्धानकर्ताले गरेको एक अनुसन्धानले प्रेमी-प्रेमिकाको व्यक्तित्वले एक-अर्काको स्वास्थ्यमा असर पार्ने पुष्टि गरेको छ। आफ्ना प्रेमी-प्रेमिका, श्रीमती-श्रीमान्को व्यक्तित्वले स्वास्थ्यलाभ गर्ने र बाँच्ने क्षमतामा पनि असर गर्ने अनुसन्धानले उल्लेख गरेको छ। ठूला रोगसँग लड्ने क्षमतामा पनि प्रेमी-प्रेमिकाको व्यक्तित्वले असर गर्ने अनुसन्धानले देखाएको छ। अनुसन्धानका क्रममा एक सय मुटुका रोगी र तिनका जीवनसाथीमाथि १८ महिनासम्म अध्ययन गरिएको थियो। १८ महिनासम्म रोगी र तिनका व्यक्तित्वका पक्ष, डिप्रेसन, वैवाहिक सन्तुष्टिजस्ता विषयमा अध्ययन गरिएको थियो।

### सुतुवाहरूको जीवन

कम सुत्ने वा अधिक सुत्ने दुवै प्रवृत्ति स्वास्थ्यको दृष्टिकोणले हानिकारक भएको तथा त्यो प्रवृत्तिले शीघ्र मृत्यु निम्त्याउन सक्ने कुरा हालै बेलायतमा गरिएको एक अध्ययनले प्रमाणित गरेको छ। ६, ७ र ८ घण्टा सुत्ने समय घटाउने मानिसहरूको परीक्षण गर्दा उनीहरूमा १ सय १० प्रतिशत हृदयरोग लाग्ने खतरा रहेको अध्ययनले प्रमाणित गरेको बताइएको छ।

७ वा ८ घण्टाभन्दा बढी सुत्नेहरूको परीक्षण गर्दा पनि उत्तिकै प्रतिशत नै हृदयरोग लाग्ने खतरा रहेको अध्ययनले निष्कर्ष निकालेको छ। ३५ देखि ५५ वर्ष उमेरका १० हजार ३ सय ८ जना मानिसको परीक्षण गर्दा सो कुरा पत्ता लागेको वैज्ञानिकले दाबी गरेका छन्। ७ वा ८ घण्टा सुत्नु स्वास्थ्यका हिसाबले उत्तम हुने अध्ययनको निष्कर्ष छ।

Private Test/ SLC
ग्यारेण्टीका साथ PrivateTest/SLC मा धमाधम भर्ना लिईदै छ।
पुनश्चः अ.हे.व./अ.न.मी. को लोकसेवा आयोगको परिक्षा तयारी कक्षा पनि संचालन हुदैछ।
सम्पर्कः XAVIER CAREER FOUNDATION
New Baneshwor (Opp.to ANMOL CATERING
Ph: 01-2071745 / 9841480052 / 9841235538

प्राइभेट TEST/SLC-065
पास हुनेनै गरी नयाँ भर्ना खुल्यो
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका, कक्षा ९ पास/फेल र Test/SLC फेल भएर स्कूल जान नसकेका विद्यार्थीहरुको लागि अध्ययन गर्ने सुवर्ण अवसर... (विगत वर्षहरुमा उत्कृष्ट नतिजा ल्याउन सफल)
कक्षा संचालन: २०६५।०१।२० गते, कक्षा समय: विहान, दिउसो, बेलुका/माध्यम: नेपाली, अंग्रेजी दुवै
NIOS SLC/+2 १ वर्षमै पास गरौं।
Computer Basic - 999 अंग्रेजी भाषा छोटो समयमै बोल्न र लेख्न
विस्तृत जानकारीको लागि
कोसेट इन्टरनेशनल एजुकेशन प्रा.लि.
लाजिम्पाट (प्रहरी विट संगै), फोन: २१६०७३६

चाहियो
यस अर्गनाइजेसन लाई कर्मचारी चाहियो
संख्या:
Test Pass: 5 Ladies/ Gents
SLC or Inter: 10 Ladies/ Gents
तलब: 7000+ T.A
सम्पर्क:
Unique Aims Pvt. Ltd
सामाखुसी चोकबाट गंगबु चोकतर्फ दायाँ रिङ्गरोड कालो सिसा भएको ७ तल्ले घर
फोन: ०१-६२२६५२८ २३३६०६७
नोट: आफ्नो योग्यताको प्रमाण पत्र आवश्यकता

PRIVATE TEST/SLC
100% ग्यारेन्टीका साथ निःशुल्क भर्ना खुल्यो
NIOS DELHI BOARD मा भर्ना खुल्यो
Math Science नपढी जम्मा पाँच विषय पढेर एकै वर्षमा १०/+२ पास गर्न सकिने
TU,KU,HSEB, सार्कभरि र विश्वभरी मान्यता प्राप्त
घरैमा बसेर पढ्न सकिने
पहिलो १० जनालाई विशेष छुट
FREE!! FREE!! FREE!!!
Computer Diploma Course
English Language
Eng. Math, Sci.
Free Tuition
HARDWARE@1500
A PACKAGE@4000
Hostel को व्यवस्था
SHIKHAR OPEN SCHOOL
Chabahil Chowk, Tel: 2042879,2173025

## हिस्स बूढी



गएको निर्वाचनमा चौथो ठूलो दलको रूपमा उभिएको मधेसी जनअधिकार फोरमले नलिनालाई समानुपातिकमा बन्द सूचीभित्र समावेश गरेर सम्भावित सभासदका रूपमा प्रस्तुत गरेको थियो । तर दुर्भाग्य विधायकको सूची पठाउने बेलामा भने फोरमले उनलाई बिर्सियो । यसबाट कोही वास्तविक रूपमा दुःखी भयो भने, त्यो नलिना नै हुनुपर्छ । आखिर फोरमप्रति प्रतिबद्ध नलिनालाई फोरमले किन धोका दियो ? त्यसो त देउडा गायक नन्दकृष्ण जोशीलाई पनि नेपाली कांग्रेसले त्यसरी नै लोप्पा ख्वाएको छ ।


## विवाह बिपनाको चर्चा निरूताको

बिपनाले दिएको आफ्नो विवाह पार्टीमा मूलधारका लगभग सबै कलाकारको उपस्थिति थियो । अभिनय गरेर चर्चामा आएकी रेखा थापादेखि मधेसी जनअधिकार फोरमबाट समानुपातिकतर्फकी उम्मेदवार नलिना चित्रकार कार्यक्रममा उपस्थित थिए । बिपना त बेहुली कुरै भएन तर उस्तै उमेरकी भएर पनि बेहुली बन्ने सौभाग्य नपाएकी निरुता सिंह अर्को आकर्षणको पात्र बनेकी थिइन् त्यो दिन । अरू बेला उनको चालढालको चर्चा गर्ने कलाकारले त्यो दिन उनको पहिरनको समेत चर्चा गरेका थिए ।

निरुता ग्ल्यामरस दृश्यका लागि निकै कन्जुस छिन् । भरसक उनी छोटा पहिरनमा प्रस्तुत हुन चाहन्नन्, तर बिपनाको विवाहको निम्तो मान्न जाँदा भने निरुताको लवाइ अर्कै थियो । कसै-कसैले त कुरै काटे 'निरुताले पनि ढाड देखिने पहिरन लगाउन थालिन् ।' आफ्नो बारेमा गरेको टिप्पणी सुन्ने फुर्सद निरुतालाई थिएन, तैपनि उनको चुरीफुरी भने हेर्न लायक थियो, कहिले यता कहिले उता गरिरहेकी निरुताले पनि अर्को पटक भोज ख्वाउने सुर पो गरेकी हुन् कि ?



## बालाजीमा सञ्चिता



नेपाली चलचित्र क्षेत्रमा आफ्नो राम्रो स्थान बनाइसकेका चर्चित नायक-नायिकाहरूमध्ये धेरैको सपना हुन्छ– कलिउडबाट बलिउड छिर्ने । यही इच्छाले हालै सांस्कृतिक कार्यक्रमका लागि मुम्बई आएकी नायिका सञ्चिता लुइँटेललाई टेलिफिल्म जगत्कै सबैभन्दा ठूलो प्रोडक्सन कम्पनी बालाजी टेलिफिल्म्ससम्म पुऱ्याएको छ । आफ्नो जन्मदिन (मे १) देखि मे ४ सम्म मुम्बईमा आयोजित सांस्कृतिक कार्यक्रम झिम-झिम परेलीमा सहभागी हुन मुम्बई आएकी सञ्चिताले मे ३ तारिखमा अँधेरीस्थित बालाजी टेलिफिल्म्समा पुगी कम्पनीका पोस्ट प्रोडक्सन इन्चार्ज रविचन्द्र भट्टराईसँग भेट गरिन् । बालाजीको सुटिङ स्टुडियो, इडिटिङ रुमहरू र अन्य प्रविधि अवलोकन गरेपछि सञ्चिताले अवसर पाए हिन्दी टेलिसिरियलमा अभिनय गर्ने इच्छा व्यक्त गरिन् । भट्टराईको सहयोगमा सोही दिन गोरेगाव पूर्वस्थित बालाजीकै सुटिङ स्टुडियोमा पुगी सञ्चिताले अडिसनसमेत दिइन् । बालाजी टेलिफिल्म्सको ब्यानरमा बन्ने महाभारतका लागि उनले अडिसन दिएकी हुन् । अडिसनपछि प्रतिक्रिया दिँदै उनले भनिन्- 'हामी कलाकारका लागि बलिउड भनेको एउटा महासागर हो, यहाँ काम गर्नु ठूलो कुरा हो । अवसर पाए अवश्य पनि हिन्दी सिरियल र बलिउडमा काम गर्नेछु ।' यता, राम्रो स्क्रिन फेस भएकाले सञ्चिताले महाभारतमा र बालाजीका अन्य सिरियलहरूमा ब्रेक पाउन सक्ने पोस्ट प्रोडक्सन इन्चार्ज भट्टराईले बताए । सांस्कृतिक कार्यक्रमलगत्तै गत सोमबार नै काठमाडौं फर्कने योजना बनाएर मुम्बई आएकी सञ्चिता बालाजीमा अडिसन दिएपछि केहि दिन अझै मुम्बई बस्ने भएकी छिन् । त्यसो त उनले मुम्बईबाटै बन्ने एउटा नेपाली चलचित्रमा समेत अभिनय गर्ने अवसर पाउने भएकी छिन् ।

–वीरेन्द्र पौडेल

फुर्सदको कुराकानी



दीपक लिम्बू, पहिलो नेपाली तारा। २५ वर्षीय तन्नेरी लिम्बूको जन्म सुनसरी प्रकाशपुरमा भएको हो। पहिलो नेपाली तारा भएपछि उनको व्यस्तता बढेको छ। लिम्बूले गाएका मैले त्यही भएर मन पराएँ, एउटा फूल के मागूँ जस्ता नेपाली चलचित्रका गीत अहिले निकै चर्चामा छन्। उनको सांगीतिक यात्रा २०५७ सालदेखि सुरु भए पनि नेपाली तारा भएपछि उनी चम्किएका हुन्। पोखरामा सांगीतिक कन्सर्ट गर्न आएका बेला उनीसँग गरिएको कुराकानीको सारसंक्षेप :

**पहिलो क्लोज अप नेपाली तारापछि तपाईं संगीत यात्रा कस्तो रहयो ?**

नेपाली ताराको उपाधि ग्रहण गरेपछि म संगीत क्षेत्रमा निरन्तर लागिरहेको छु। पहिलो एल्बम निक्लियो। थुप्रै कलेक्सन एल्बमहरूमा पनि गाइरहेको छु। मेरो संगीतबाहेक अरू कुनै यात्रा छैन।

**तपाईं बढी मात्रामा चलचित्र गायनतिर लाग्नुभयो नि ?**

त्यसो भन्न मिल्दैन। म चलचित्र मात्र होइन आधुनिक तथा पप सबै गायनमा लागेको छु। नेपाली तारा भएपछि चलचित्रमा गाउने अवसर अलि बढी नै पाएँ। त्यही भएर धेरैलाई त्यस्तो लागेको हुन सक्छ।

**तपाईंलाई छोटो समयमा चर्चामा ल्याउनमा कसको देन छ ?**

खासगरी म यो अवस्थासम्म आइपुग्नुमा कसैको कृपाभन्दा पनि आफ्नै लगाव र संगीत क्षेत्रप्रतिको परिश्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। मलाई नेपाली ताराले प्लेटफर्म भने अवश्य दियो। सायद नेपाली तारा नभएको भए यति चाँडै यो अवस्थासम्म आउन कठिन हुन्थ्यो।

**अहिले तपाईं केमा बढी व्यस्त हुनुहुन्छ ?**

गायनमै हो। चलचित्रमा गाउनेदेखि अरू कलेक्सन एल्बमहरूमा गाइरहेको छु। त्यसबाहेक अरू केही गरेको छैन। नयाँ एल्बमको तयारी पनि गरिरहेको छु।

**तपाईंको स्वर चलचित्रकै लागि बढी फिट छ भनिन्छ नि ?**

त्यसो भन्नचाहिँ नमिल्ला कि ? सुरुवातदेखि नै मैले आधुनिक गायन क्षेत्रमा आफूलाई समर्पित गर्दै आएको हुँ। मेरो गायनको क्षेत्र भनेकै आधुनिक हो। चलचित्रमा केही गीत हिट भएपछि त्यसो भनिएको होला तर म गीतहरू सबै शैलीका नै गाउँछु।

**तपाईंको पहिलो एल्बम त खासै चलेन नि ?**

त्यसमा म पनि सहमत छु। गीत नराम्रो भएर एल्बम नचलेको भने पक्कै होइन। मेरो पहिलो एल्बम निकाल्दा १९ दिने जनआन्दोलन चलिरहेको थियो। त्यो संकटपूर्ण घडीमा कुनै प्रचार-प्रसार भएन त्यसैले एल्बम ओझेलमा परेको हो।

**अहिले पनि नेपाली बजारमा एल्बमहरूको बिक्री छैन के कारण होला ?**

बजार सानो छ। धेरै-थोरै म्युजिक भिडियोको पनि असर होला तर यति कारणले मात्र एल्बम बिक्री नभएको भने होइन। हामीले राम्रो चीज पनि दिन सक्नुपर्छ। राम्रो दिन सकियो भने श्रोताहरूको साथ पाइन्छ।

**गीत गाउन विदेशतिर कहाँ-कहाँ पुग्नुभयो ?**

हङकङ, सिंगापुर, मलेसिया एवं कतार आदि।

**गायनमा मात्र लागेर बाँच्न सकिएला ?**

निकै मुस्किल छ। यो क्षेत्रमा निरन्तरता दिन सक्नुपर्छ, नत्र गाह्रो हुन्छ।

**-शिव शर्मा**

# हङकङमा सेलायो नेपाली कार्यक्रमको रौनक



सम्भवत: नेपालको मनोरञ्जन क्षेत्रमा स्थापित र चर्चामा रहेका प्राय:जसो कलाकार एक न एकपटक हङकङ नआएका कमै होलान्। यसमध्ये कतिपय कलाकार त दोहोऱ्याई-तेहेऱ्याई हङकङ आउने क्रमले निरन्तरता पाइरहेको छ। पछिल्लो पटक हङकङमा कार्यक्रम प्रस्तुत गर्न आएका हास्यकलाकार मनोज गजुरेलको यो चौथो हङकङ आगमन थियो। हङकङमा हालसम्म सबैभन्दा धेरै पटक कार्यक्रम प्रस्तुत गर्ने 'मह जोडी' हो जुन जोडीले एक अन्तर्वार्तामा हामी कतिपटक हङकङ पुग्यौं भन्ने थाहा पाउन नयाँ-पुराना पासपोर्टका पानाहरू नै पल्टाउनुपर्ने कुरा बताएका थिए। प्राय: स्थापित हुने क्रममा रहेका कलाकारहरूको विदेशयात्राको पहिलो भ्रमण हङकङ नै हुन्छ। आफ्नो ब्यान्डको पाँचौं एल्बम बजारमा आइसक्दा समेत विदेश भ्रमण गर्न नपाएको द एक्स ब्यान्डको पहिलो विदेश भ्रमण हङकङ नै थियो। ब्यान्डका गायक शिव मुखिया भन्दै थिए- 'सबै कलाकारको विदेश यात्रा हङकङबाटै सुरु हुन्छ। अब हाम्रो पनि पालो आएको हो कि ?'

हङकङ आउन जो-कोही कलाकार उत्सुक देखिए पनि हालका दिनहरूमा हङकङेली नेपालीहरूमा कार्यक्रमप्रति खासै आकर्षण भने देखिँदैन। प्राय: सबैजसो कार्यक्रममा सहभागिता जनाउँदै आएका फोटोपत्रकार जगतअम्बु गुरुङ आफ्नो अनुभव सुनाउँदै भन्छन्- 'करिब नौ-दस वर्षअघि हङकङमा कार्यक्रम हुँदा समयमा टिकट नलिए कार्यक्रम नै हेर्न पाइँदैनथ्यो, मान्छेलाई कुर्सी होइन भुइँ नै भए पनि हुन्थ्यो, अहिले भने जबर्जस्ती टिकट बेच्नुपर्छ, टिकट लिएकाहरू पनि आउँदैनन्। यस विषयमा जिज्ञासा राख्दा नियमितजसो कार्यक्रम हेर्न पुग्ने दर्शक सन्तोष पाख्रिन तथा हेम राई एउटै जवाफ दिन्छन्- 'पहिले कलाकारहरू आउनुपूर्व नै बजारमा प्रशस्त चर्चा सुनिन्थ्यो, कलाकारलाई बेग्लै सम्मान दिइन्थ्यो, खोइ आजभोलि त सबै हरायो, प्रचारप्रसार मात्र बढी, मानिसमा उत्कुकता नै छैन।'

गएको वर्ष सन् २००७ मा हङकङमा संघ-संस्थाका स्थानीय कार्यक्रमहरूबाहेक करिब एक दर्जन कार्यक्रम आयोजित गरिए जसमा नेपाल तथा भारतका चर्चित कलाकारहरूलाई निम्त्याइएको थियो तर इन्डियन आइडल प्रशान्त तामाङको कार्यक्रममा बाहेक बाँकी कुनै पनि कार्यक्रममा दर्शकहरूको उत्साहजनक सहभागिता देखिएन। प्रशान्त तामाङको कार्यक्रमको ठीक एक दिनपछाडि सोही स्थानमा गरिएको आदित्यनारायणलगायत इन्डियन आइडलका गायकहरूको सहभागिता रहेको कार्यक्रममा चौंतीस सय दर्शकको क्षमता रहेको हलमा करिब साठ-आठ सय दर्शक मात्र उपस्थित थिए।

सबै नेपालीको प्रतिनिधिमूलक संस्थाका रूपमा चिनिएको 'गैरआवासीय नेपाली संघ (एन.आर.एन.) ले गत वर्ष सेप्टेम्बरमा पहिलो पटक आयोजना गरेको 'हिमालयन कमेडी सो' मा अहिलेका चर्चित हास्यकलाकारहरूलाई निम्त्याइए पनि दर्शकहरूको मनग्य उपस्थिति रहेन। कार्यक्रममा भाग लिन आएका शिवहरि पौडेलले पनि दर्शकको उपस्थिति सोचेअनुरूप नभएकोमा खिन्नता व्यक्त गरे। सोही कार्यक्रममा पहिलो पटक कार्यक्रम गर्न आइपुगेका 'द एक्स ब्यान्ड' का सदस्यहरू कार्यक्रम सुरु हुने भनी तोकिएको समयभन्दा एक घन्टा बितिसक्दा पनि दर्शकहरू खासै नदेखेपछि पर्दाबाट चियाउँदै एक-अर्काको मुख ताकिरहेका थिए। यसैको निरन्तरता वर्षको अन्तमा क्रिसमसको अवसर पारेर वर्कर्स युनियनले गरेको कार्यक्रम पनि देखियो, हास्यकलाकार मनोज गजुरेललाई प्रमुख आकर्षण बनाई गरिएको कार्यक्रममा करिब बाह्र सय दर्शक क्षमता रहेको हलमा तीन-चार सय दर्शकको मात्र उपस्थिति देखिन्थ्यो। जसमध्ये धेरै दर्शक अतिथिका रूपमा निम्त्याइएका थिए। यसै विषयलाई लिएर संस्थाका अध्यक्ष डाँसुराम पराजुलीसँग जिज्ञासा राख्दा उनले भने- 'हाम्रो उद्देश्य युनियनलाई हङकङका नेपालीमाझ परिचित गराउनु थियो जसमा हामी सफल भयौं।' कसरी सफल हुनुभयो, दर्शक त आएनन् नि ? भन्ने अर्को प्रश्नमा पराजुलीको जवाफ थियो- 'क्रिसमस परेकाले कार्यक्रम नै धेरै भए। सोही कार्यक्रममको प्रमुख आकर्षण मनोज गजुरेल अर्को दिन जोर्डनको एक रेटुराँमा हङकङका आयोजकहरूबीच भलाकुसरी गर्दै भन्दै थिए- 'होइन, यहाँका दर्शकहरूलाई साँच्चिकै लोड परेछ, हामीलाई आर्थिक रूपमा फाइदै हुने भए पनि दर्शक नभएपछि के मज्जा, अब वर्षमा दुईवटाभन्दा बढी कार्यक्रम नगर्ने सल्लाह दिन्छु है म त।'

नेपाली गीत-संगीतकको क्यासेट, सिडी, भिसिडीदेखि सबै किसिमका नेपाली पत्रपत्रिकाहरू समयमै सुन्न, हेर्न र पढ्न पाउने हङकङवासीहरू नेपालमा कुन कलाकार चर्चामा छन् ? कसको गीत हिट छ, कसको फ्लप छ भन्ने कुराको राम्रै जानकारी राख्छन्। आयोजकहरू पनि कुन कलाकार बोलाउने भन्ने विषयमा नेपालमा को चर्चामा छ भन्ने कुरालाई नै ध्यान दिएका हुन्छन्। कलाकारहरूको चर्चा र व्यस्तताअनुरूप प्रतिकलाकार नयाँलाई पच्चीस-तीस हजार नेपाली रुपैयाँ र चलेका पुराना कलाकारहरूलाई पचास हजारदेखि एक लाख रुपैयाँसम्म दिइने टंक राना बताउँछन्। यसबाहेक दुईतर्फी हवाई टिकट र खाने-बस्ने व्यवस्था पनि आयोजनकले नै गर्नुपर्छ। 'कतिपय कलाकार त कार्यक्रम सफल भए भनेअनुसार पारिश्रमिक पाउने नत्र हङकङ घुम्ने अनि फर्कने शर्तमा पनि यहाँ आएका छन्', दर्शकको मन जित्न सके कलाकारहरूले बेलामौकामा गरगहनादेखि राम्रो सपिङको अफर पनि पाउँछन्।

प्राय: मौखिक सहमतिकै भरमा यहाँ आइपुग्ने कलाकारहरू कार्यक्रमका निम्ति हङकङ आउँदा 'इम्प्लोइमेन्ट भिसा' लिनुपर्ने स्थानीय कानुन छ, तर यो प्रक्रिया झन्झटिलो हुँदा कतिपय समयमा 'भिजिट भिसा' कै भरमा कलाकार भित्र्याएको पाइन्छ जुन कानुसम्मत मानिँदैन। हङकङमा 'भिजिट भिसा' मा आई आम्दानी गर्ने कार्य गर्नु गैरकानुनी हो। अहिलेसम्म यो कुराले कुनै समस्या भोग्नु नपरेको भए पनि कुनै दिन यस्तो कार्यले कलाकार र आयोजक दुवै मर्कामा पर्नसक्ने कुरा जानकारहरू बताउँछन्। केही महिनाअघि मात्र कार्यक्रम प्रस्तुत गर्न यहाँ आइपुगेका इन्डियन आइडलका प्रतिस्पर्धीहरू च्याङ, परलिन, अभिषेक, सुहितलाई इम्प्लोइमेन्ट भिषा नभएका कारण करिब नौ घन्टा एयरपोर्टमै राखिएको थियो।

चर्चित कलाकारहरूको सहभागिता हुँदाहुँदै पनि किन दर्शकहरूको आकर्षण देखिँदैन त ? सन् २००० की मिस नेपाल हङकङ, ममता गुरुङ जो कार्यक्रम आयोजक एवं कोरियोग्राफरका रूपमा पनि चिनिन्छिन्, भन्छिन्- संघ-संस्थाहरू धेरै भए, यहाँ करिब पाँच दर्जन नेपाली संघ-संस्था छन्। सबै कार्यक्रम छुट्टीको समय मिलाएर गरिन्छ, कार्यक्रम हेर्न आउने दर्शकहरू पनि यही वर्गका हुन्, आफ्नो संस्थाको कार्यक्रम हुने भएपछि पहिलो प्राथमिकता त्यसैलाई दिन्छन्, कतिपय टिकट लिएर पनि आउँदैनन्।' यही प्रश्नमा दर्जनौं कार्यक्रमकी सञ्चालिका लक्ष्मी राई भन्छिन्- 'दर्शक होइन, आम्दानी घटेको हो, नेपालीले एक दशक पहिलेभन्दा अहिले गर्ने आम्दानीमा आधाले भन्दा बढी कमी आएको छ तर खर्च दुई गुना भएको छ, अर्कातर्फ ठूलो जमात यहाँबाट युके पलायन भएको छ अनि किन नघटुन् त दर्शक ? पहिले-पहिले २ सय ५० देखि ३ सय डलरका टिकट पनि सजिलै बिक्थे, अहिले १ सय डलरको टिकट बेच्न पनि अनुरोध गर्नुपर्छ।



हङकङमा कार्यक्रम आयोजना गर्न त्यत्ति सजिलो भने छैन। एकातिर कामको व्यस्तता र अर्कातिर टिकट बिक्रीपूर्व नै गर्नुपर्ने ठूलो लगानी, कार्यक्रममा गरिने लगानीको ठूलो हिस्सा टिकट बिक्रीबापत हुने आम्दानीमै निर्भर हुने गरेको छ। पर्यटन एवं व्यापारका निम्ति संसारकै प्रख्यात ठाउँहरूमध्ये एक जहाँ विश्वप्रसिद्ध ब्रान्डका सामग्रीहरू बिक्री-वितरण हुन्छन् तर हङकङमा नेपाली आयोजकहरूले यस्ता ब्रान्डहरूसमक्ष कार्यक्रम प्रायोजन गराउन कुनै पहल गर्न सकेको देखिंदैन। प्रायोजक भनी नाम राखिएका कतिपय सानातिना कम्पनीले प्रायोजनबापत न्यून रकम मात्र उपलब्ध गराउँछन् जसले गर्दा जसोतसो कार्यक्रम सफल बनाउन अधिकांश कार्यक्रममा कुनै न कुनै संघ-संस्थाको नाम जोडिएकै हुन्छ। यसले एकातिर संस्थाको सहयोगका लागि भनी टिकट बिक्री गर्न सहयोग पुग्छ भने अर्कातिर कार्यक्रम हलको शुल्कमा पनि राम्रै सहुलियत लिन सकिन्छ।

कैयौं पटक आयोजक र कलाकारहरूबीचमा पनि असहमति रहेको पाइन्छ। कलाकारहरू गुनासो पोख्छन्- 'पहिले कुरा हुँदा एउटा कार्यक्रमका लागि भनिन्छ, यहाँ आएपछि कार्यक्रम चलेन, पैसा उठेन आदि बहानामा दुई-तीनवटा कार्यक्रम गर्न लगाइन्छ, एन.आर.एन.ले गरेको कार्यक्रममा पनि पहिले नै एउटै कार्यक्रमको सहमति भएअनुरूप कलाकारहरू ल्याएको तर यहाँ दुईवटा कार्यक्रम गर्नुपर्छ भनेपछि कलाकारहरू बम्किएका थिए, पछि केही रकम थपिदिने सर्तमा कार्यक्रम गरिएको थियो। आदित्यनारायणको समूहलाई पनि एउटै कार्यक्रम भनी सहमति गराइएकोमा दुईवटा कार्यक्रमको तालिका देखाइएपछि अन्तिम समयमा आदित्यले मात्र दोस्रो दिनको कार्यक्रममा सहभागिता जनाए भने इन्डियन आइडलका कलाकारहरू फर्कने बहाना गर्दै अर्कै होटलमा बसेका थिए।


दर्शकहरूको न्यून उपस्थितिमा ठूलो बजेट र समय खर्च गरी गरिने कार्यक्रममा आर्थिक रूपले कत्तिको फाइदा हुन्छ त ? भन्ने प्रश्नमा ममता भन्छिन्- 'दर्शक कम देखिने सबै कार्यक्रम घाटामै जान्छन् भन्ने छैन। कार्यक्रममा प्रायोजक हुन्छन्, टिकट बिक्री गरिएको हुन्छ, अप्रत्यक्ष सहयोगीहरू हुन्छन्। दर्जनौं नेपाली संघ-संस्था रहेको हङकङमा आफूहरू पनि अस्तित्वमा छौं भनी देखाउने सबैभन्दा सजिलो माध्यम नै कार्यक्रम आयोजना गर्नु हो, चाहे ती घाटामा नै किन नजाऊन्। कैयौं पटक घाटा बेहोरेका आयोजक संस्थाहरूले आफ्नै सदस्यहरूबाट पनि रकम उठाई खर्च बेहोर्ने गरेका छन्। सधैं एउटै शैली, उही गीत-संगीत तथा बारम्बार उही अनुहार हेर्दा हेर्दै दिक्क मानेका हङकङवासी नेपालीहरू अब केही नयाँ सिर्जना एवं नौलो स्वाद पर्खिरहेका छन्।

**-निर्मल श्रेष्ठ/हङकङ**

म प्लस टुमा अध्ययनरत १९ वर्षीया युवती हुँ। १७ वर्षको एक युवकसँग मेरो प्रेम चलेको झन्डै दस महिनाजति भयो। एक त ऊ मभन्दा कान्छो, अर्को नातामा ऊ मेरो फुपुको छोरा पर्छन्। हामी अहिले आएर एक-अर्कासँग छुट्टिएर रहनै सक्दैनौं। नलगाउनु माया हामीले अञ्जानमा लगाइसक्यौं। यो सम्बन्ध हाम्रो परिवारले पनि स्वीकार गर्दैन। यो अवस्थामा हामीले के-कस्तो कदम चाल्नु राम्रो होला ?

-एन.

यो माया अञ्जानमा लगाइएको होइन। प्रेम गर्ने बेला ऊ फुपूको छोरा हो भन्ने तपाईंलाई थाहा थिएन होला त ? यो नातामा विवाह सम्भव छैन भन्ने थाहा हुँदाहुँदै पनि तपाईंले ऊसँग प्रेम थाल्नुभएछ। फुपूको छोरा नातामा तपाईंको भाइ पर्छन्। दिदी र भाइको विवाह हुन सक्दैन। समाज र परिवारले यो सम्बन्धलाई कुनै पनि स्थितिमा स्वीकार गर्न सक्दैन। यद्यपि कतिपय जातिमा यस्ता सम्बन्धबीच विवाह हुनसक्छ। पत्रमा तपाईंको जात खुलेको छैन। यसर्थ यसको समाधान भनेको या त तपाई त्यो जातिको हुनुपर्‍यो, जसमा यस्ता विवाहको सम्भावना रहन्छ अन्यथा सम्बन्धलाई अगाडि बढ्न नदिने उपाय अबलम्बन गर्नुमै तपाईंहरूको कल्याण छ। मलाई जहाँसम्म लाग्छ, तपाईंहरूबीचको सम्बन्ध प्रेम होइन, आकर्षण मात्र हो।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

# सांस्कृतिक कार्यक्रम र फेसन सो

धनकुटा- साना भाइबैनीहरूको नाच हेर्दा अभिभावकहरू पनि मख्ख परे। अभिभावक दिवसको अवसरमा बालसंसार स्कुलको प्राङ्गणभरि उपस्थित अभिभावकहरूले नाच मात्र हेरेनन्, आफ्नै छोरा-छोरीले गीत गाएको सुने, फेसन सो अनि नाटक हेरेर दङ्ग परे। बिहानको शीतललाई बिस्तारै-बिस्तारै दिनको गर्मीले छिचोल्दै लगे पनि विद्यार्थी तथा अभिभावकहरूले कुनै गर्मी महसुस गरेनन्। आकर्षक रूपमा सजाइएको स्टेजमा स्वागत गीतका साथ कार्यक्रम सुरु भएको थियो।

कार्यक्रमका क्रममा विभिन्न गीतमा विद्यार्थीहरूले नृत्य गर्दा उपस्थित दर्शक तथा अभिभावकले ताली बजाई-बजाई हौसला प्रदान गरिरहे। कुलतमा आफू जस्तै साथीहरू नफसून भन्ने भावनाले बालबालिकाहरूले बिर्सिएको बाटो नाटक मञ्चन गरे। कार्यक्रममा कराँते डेमोस्ट्रसन पनि कम रोचक थिएन। कार्यक्रमको अन्तमा फेसन सो प्रस्तुत गरिएको थियो। उक्त फेसन सोको कोरीयोग्राफी मञ्जु गुरुङले गरेकी थिइन् भने त्यसमा बालबालिकाहरूको क्याटवाकले सुनमा सुगन्ध छरेको थियो।



**-भिषा काफ्ले**

# डाइरेक्टर्स हटकेक

**पृष्ठ १ बाट जारी**

हुन थालेकी छिन्। ब्याक ओपन होस् वा स्विमिङ सुट उनी जस्तोसुकै पहिरनमा पनि आफूलाई प्रस्तुत गर्न पछि परेकी छैनन्।

**को केमा अगाडि, केमा पछाडि ?**

चार जना निर्देशक शिव रेग्मी, दीपक श्रेष्ठ, सोभित बस्नेत र मदन घिमिरेले गोप्य तवरबाट पाँच जना नायिकाको अभिनय, नृत्य, द्वन्द्वका अतिरिक्त सुन्दरता, उचाइ, फेसन कन्सियस, शारीरिक बनौट, रंग, हेयर स्टाइल, ओठ, आँखा, हातखुट्टाको सुन्दरतामा पनि नम्बर दिएका छन्। यति मात्र होइन, निर्देशकहरूले उनीहरूमा देखिने कामुकता, घमन्डका साथै बोली-व्यवहार, खानपिनको शैली तथा अनुशासनमा पनि नम्बर दिएका थिए। यसमा नायिकाहरूले पाएको नम्बर जोड्दा परिणाम यस्तो आयो।

**अभिनय, नृत्य र द्वन्द्व :** उनीहरूले पाएको नम्बर जम्मा गर्दा अभिनयमा ऋचा सबैभन्दा अगाडि देखिइन्। उनले रेखाभन्दा मात्र एक नम्बर बढी पाएकी छिन्। त्यसपछि क्रमशः अरुणिमा, रेजिना र पुजना छन्। रेखाको नृत्य चार जना निर्देशकलाई मन परेको रहेछ। नृत्यमा ऋचा रेखाभन्दा पछाडि छिन्। त्यसपछि क्रमैसंग रेजिना, अरुणिमा र पुजना रहे। द्वन्द्व विधामा रेखाले नै सबैलाई उछिनेकी छिन्। उनको पछिपछि क्रमशः रेजिना, ऋचा, पुजना र अरुणिमा छन्।

**सुन्दरता र शारीरिक बनौट :** अरुणिमा लम्साल सुन्दरताका दृष्टिमा निर्देशकहरूको नजरमा सबैभन्दा सुन्दर मानिएकी छिन्। उनीपछि क्रमशः रेखा थापा, ऋचा घिमिरे, रेजिना उप्रेती र पुजना छन्। शारीरिक बनौटमा भने पाँच जनामध्ये सबैभन्दा अग्ली देखिने ऋचा अगाडि छिन्। उनलाई पुजना र अरुणिमाले पछ्याएका छन् भने रेखा र रेजिनाको शारीरिक बनावटलाई त्यसपछि राखिएको छ।

**को बढी सेक्सी :** नायिका भएपछि 'सेक्सी' वा आकर्षक भन्ने शब्दले सधैं पछ्याइरहन्छ। निर्देशकहरूले पनि आ-आफ्नो हिसाबबाट नायिकाहरूको कामुकतालाई मूल्याङ्कन गरेका छन्। दर्शकबाट 'सेक्सी' नायिकाको उपाधि पाएकी रेखा थापालाई पछिल्लो पटक उनको प्रतिस्पर्धी भएर देखा परेकी ऋचाले एक अंकबाट पछाडि पारेकी छिन्। निर्देशकहरूको 'च्वाइस'मा पनि रेखा र ऋचाको कामुकता झन्डै बराबर छ। निर्देशकहरूमा पनि दीपक श्रेष्ठले दुवै नायिकालाई दसमा सात दिएका छन् भने मदन घिमिरेले दुवैलाई नौ अंक दिएका छन्। शिव रेग्मीले पनि दुवैलाई सात अंक नै दिएका छन्। यहाँसम्म यी दुवै नायिका उत्तिकै सेक्सी रहेछन् भन्ने लागेको थियो। सोभित बस्नेतले रेखालाई आठ र ऋचालाई नौ अंक दिएपछि ऋचा रेखाभन्दा एक अंकले अघि बढ्न पाइन्। यद्यपि यी दुवैलाई चलचित्रवृत्तमा अहिलेका 'हट' नायिका मानिन्छ। कामुकतामा पुजना रेखाभन्दा दुई अंकले पछाडि छिन्। त्यस्तै अवसर पाइन् भने उनी पनि केही समयमै रेखा र ऋचाको दाँजोमा आउन सक्छिन् भन्ने संकेत देखिन्छ। निर्देशकहरूको नजरमा 'सेक्सी' देखिन अरुणिमा र रेजिनाले अझै मेहनत गर्नुपर्ने छ। उनीहरूले आ-आफ्नो 'पर्सनालिटी ग्रुमिङ' गर्नुपर्ने निर्देशकहरूको ठहर छ।

**घमन्डी नायिका**

सफलतासँगै घमन्ड बढ्नु स्वाभाविक हो। चलचित्रवृत्तमा यो शब्द विशेष गरी नायिकाहरूमा लागू हुने गरेको छ। चर्चामा रहे पनि र चलचित्रमा उनकै चाहना गरिए पनि निर्देशकहरूको मूल्याङ्कनका आधारमा रेखा सबैभन्दा घमन्डी देखिएकी छिन्। अरुणिमा उनीभन्दा कम घमन्डी मानिएकी छिन् भने त्यसपछि रेजिना छिन्। यी निर्देशकले सबैभन्दा कम घमन्डीका रूपमा ऋचालाई पाएका रहेछन्। पुजना उनीभन्दा दुई अंकले बढी घमन्डी रहेको देखिन्छ।



**त्यसो भए सबैमा को बढी ?**

नायिकाहरूलाई नम्बर दिने बेलामा चारै जना निर्देशकसँग अलग-अलग कुरा गरिएको थियो। नम्बर दिइसकेपछि महजोडीको आगामी चलचित्रको स्क्रिप्ट लेखिरहेका निर्देशक शिव रेग्मी नम्बर दिन रमाइलो भएको बताउँदै थिए। छायाङ्कन कार्य नभएको दिन नायिकाहरूलाई सम्झँदै नम्बर दिँदा निर्देशक सोभित बस्नेत आफू रोमान्टिक भैरहेको बताइरहे। नायिकाहरूलाई नम्बर दिने कुरा सुनेपछि निर्देशक दीपक श्रेष्ठ एकैछिन हाँसे। नायिका रेखा थापासँग उनको केही खटपट परिरहेको भए पनि उनले रेखालाई कामुक नायिका नै माने। मदन घिमिरे नम्बर दिने मामिलामा उदार भए। उनले कुनै पनि नायिकालाई दशमा पाँचदेखि नौसम्म दिए। जबकी यीमध्ये एक जना निर्देशकले एउटा विधामा एउटी नायिकालाई दशमा जम्मा एक नम्बर दिए।






कृष्णविक्रम थापा, नेपाली लोकगीत र लोकसंस्कृतिका पारखीका लागि कुनै नौलो नाम होइन। सिन्धुलीको रतनचुरा गाविसमा वि.सं. २००३ सालमा जन्मिएका थापा साढे तीन दशकदेखि लोकगीत र लोकसंस्कृतिको क्षेत्रमा अनवरत संघर्ष गरी अन्ततः ब्रह्मलीन भएका छन्। रेडियो नेपालबाट २०१६ सालमा सांगीतिक यात्रा प्रारम्भ गरेका थापाले करिब सात दर्जन गीतमा आफ्नो स्वर दिएका छन्। उनको "सिन्धुलीगढी घुमेर हेर्दा" गीत एक समय चर्चाको शिखरमा थियो जुन गीत आज पनि उत्तिकै चर्चित छ। आफ्नो मृत्युभन्दा केही समयअघि थापाले साप्ताहिकसँग गरेको कुराकानी :



**आजभोलि के गर्दै हुनुहुन्छ ?**
'लहरा-पहरा साँझ' नामक एल्बमको काम सकियो, त्यसलाई चाँडै नै श्रोतामाझ ल्याउने तयारीमा छु। 'नेपाल रिमझिम यात्रा' एल्बमको गीत रेकर्डिङ पनि सकिएको छ।

**'लहरा–पहरा साँझ' कस्तो किसिमको एल्बम हो ?**
यो विशुद्ध नेपाली लोकगीतको सँगालो हो। यसका गीतमा नेपाली गाउँघरका कथा-व्यथा समेटिएको छ।

**यो एल्बमबाट कस्तो आशा गर्नुभएको छ ?**
अहिलेका श्रोताहरूमा यथार्थवादी गीतको माग बढी छ। यो त्यस्तै किसिमको एल्बम भएकाले यो एल्बमबाट मैले निकै आशा गरेको छु। मेरा श्रोताहरूले यो एल्बम मन पराइदिनुहुनेछ।

**'नेपाल रिमझिम यात्रा' एल्बमका बारेमा केही बताइदिनुहोस् न ?**
यो पनि एउटा लोकएल्बम हो। यसमा मैलै नयाँ प्रयोगस्वरूप नेपालका ७५ जिल्लाको नाम समेटेको छु। जसले लोकगीतका पारखीलाई फरक किसिमको मनोरञ्जन दिनेछ।

**अहिलेसम्म कतिवटा एल्बम निकाल्नुभयो ?**
'सुन्तलीमाई', 'तोरीलाहुरे', 'बाइफाले', 'लोकखैजेडी भजन', 'असारे झरी' सहित आठवटा एल्बम निकालिसकें। साथै 'सिन्धुलीगढीको सेरोफेरो' भिसिडी पनि निकालेको छु।

**आफ्ना गीतमध्ये सबैभन्दा मन पर्ने गीत कुन हो ?**
सबै गीत राम्रा लाग्छन्। यद्यपि श्रोताहरूले बढी रुचाएको 'सिन्धुलीगढी घुमेर हेर्दा' बढी मनपर्छ

**लोकगीत गाएर के पाउनुभयो ?**
थुप्रै गोता र हन्डर पाएँ, तर हजारौं श्रोता आज पनि मेरा गीत मन पराइरहेका छन्। यस क्षेत्रमा लागेर मैले पाएको सबैभन्दा ठूलो उपलब्धि भन्नु नै मेरा श्रोता हुन्।

**सरकारी सहयोग पाउनुभएको छैन ?**
मैले रेडियो नेपालबाट गीत गाउन थालेको हुँ तर पनि मैले लामो समयसम्म रेडियोको साथ पाउन सकिनँ। अन्य सरकारी निकायबाट पनि सहयोग पाएको छैन। यहाँ बोल्नेको पीठो बिक्छ, नबोल्नेको चामल बिक्दैन।

**भविष्यका लागि कस्ता योजना बनाउनुभएको छ ?**
भविष्यकै लागि भनेर खासै योजना त बनाएको छैन। समयले जस्तो बाटो देखाउँछ उतै जाने हो, तर पनि यही क्षेत्रमा लागेर संगीतको सेवा गर्ने इच्छा छ। त्यसका लागि सिन्धुलीमा एउटा संगीत स्कुल खोल्ने विचार छ।

**कहिलेसम्म गीत गाउनुहुन्छ ?**
मेरा गीत सुनेर जबसम्म दर्शक र श्रोताहरू नाचिरहन्छन् तबसम्म गीत गाइरहन्छु। जब उनीहरू नाच्न छाड्छन् त्यसपछि मेरो सांगीतिक यात्रा समाप्त हुनेछ।

**– सुमन लुइँटेल/सिन्धुली**



केवल एक प्रश्न

# सराब, सवाब र कवाबमध्ये कुनले धेरै आनन्द दिन्छ ?

सवाबले नै होला, यो मामिलामा साधु, सन्त, तपस्वीदेखि नन्दी, भृङ्गी, ब्रह्मा, विष्णु, महेश्वर मात्र होइन, कलियुगको साँढे, बिल क्लिन्टनसमेत चिप्लिएका हुनाले सबैभन्दा स्वादिलो त्यही होला। वासनामा मानिस चिप्लिन्छ।

–नारद खतिवडा, हास्यकलाकार

यो त बर्बाद प्रश्न परेछ नि ? आनन्द दिनेभन्दा लिने कुरामा भर पर्छ। ठीकसम्म भयो भने तीनै चीजबाट ठीक हुन्छ, नत्र त्यसैबाट हानि पनि हुन्छ। आफ्नो त सवाब घरमै छ, त्यसैले सराब र कवाबका लागि मात्र बाहिर धाइन्छ..... । सवाबको मामिलामा मचाहिँ टाढै छु।

–जितु नेपाल, हास्यकलाकार

तीनवटै चीज एक–अर्काका परिपूरक हुन्, तर सराब र कवाब दुई चीज मलाई चल्दैन। बाँकी रह्यो सवाब, त्यो घरमै छ, बाहिरको भोगिएको छैन। घरबाटै आनन्द लिइएको छ। त्यसमा छुट्टै प्रकारको आनन्द छ, हा....हा....हा...।

शिवहरि पौडेल, हास्यकलाकार

सराब खाएर आनन्द लिने धेरै मानिस तहसनहस भएको देखेको छु, सवाबका कारण पनि धेरैको घर बिग्रिएको देखेको छु। त्यसकारण सबैलाई राम्रो मात्र गर्ने कवाबले धेरै आनन्द दिन्छ। कवाब धेरै खाँदा हदै भए पखाला लाग्ने न हो.....।


–किरण केसी, हास्यकलाकार

तीनवटैमा रमाउने हो भने तीनवटैले रमाइलो दिन्छ, तर तीनवटैले धोका दिए भने मानिस कपूत हुन्छ। मानिसहरू भन्छन्– 'सराब खान कवाबको साथ हुनैपर्छ र यी दुवै भएपछि सवाब हुनुको मज्जै छुट्टै छ।'

–गोपाल नेपाल 'फिस्टे', हास्यकलाकार

# दोहोरीले जुटायो सहयोग

चितवन– भरतपुरको भोजाडस्थित श्री कमलादेवी मन्दिर प्राकृतिक आरोग्य केन्द्रले आफ्नो भौतिक पूर्वाधार जुटाउन दोहोरी कार्यक्रम आयोजित गर्‍यो। १ हजार, ५ सय, २ सय र १ सयको टिकट शुल्क राखिएको दोहोरीमा सयौंको संख्यामा वृद्ध महिलाहरू भेला भएका थिए। आयोजकहरूले चर्चित दोहोरी गायक राजु परियार र अर्का लोकप्रिय कलाकार रामचन्द्र काफ्ले कार्यक्रममा उपस्थिति हुने भनेकाले पनि निकै ठूलो भीड लागेको थियो। कार्यक्रमको सुरुमै अपांग कलाकार रोमा न्यौपानेले गरेको नृत्यले सबैलाई आश्चर्कचकित तुल्यायो। उनी नौ वर्षको हुँदा दुर्घटनामा परेर खुट्टा गुमेको थियो। एउटै खुट्टाले गरेको नृत्यमा उनलाई हौंस्याउन सबैले ताली बजाएका थिए। उनको प्रस्तुतिबाट खुसी भै उनलाई आर्थिक सहयोग गर्नेहरूको ओइरो नै लागेको थियो। २५ देखि १ सयको नोटले उनको टाउकोमा सहयोग राख्नेहरूको भीडले उनले आधा प्रस्तुति मात्र दिन पाइन्।



सुरुमा स्थानीय गायक-गायिकाहरूले सांगीतिक कोसेली प्रस्तुत गरेर उपस्थित सबैलाई उफारे। स्थानीय चेली ज्योति लोहनीले गाएको मार्मिक दोहोरीले सबैलाई स्तब्ध तुल्याएपछि आफ्नो प्रस्तुति दिन आए चर्चित एवं युवापुस्ताका लोकप्रिय गायक रामचन्द्र काफ्ले। चारवटा गीत प्रस्तुत गरेपछि उनले मञ्चमा अर्का चर्चित लोकदोहोरी गायक राजु परियारलाई निम्त्याए। राजु परियार स्टेजमा देखा पर्नासाथ ताली र हल्लाको कोलाहलले त्यहाँको वातावरण उल्लासमय भएको थियो।

**–प्रवीण दत्त**

## फिल्मी खबर

पोखरामा लालीगुराँस सांस्कृतिक समूह सञ्चालन गरी बसेका ताराबहादुर गुरुङ गुरुङ भाषाको चलचित्र 'ङै जिन्दगी' (मेरो जिन्दगी)मा नायक भएका छन्। आगामी जेठ महिनामा प्रदर्शन हुने उक्त चलचित्रको कास्की जिल्लाको माछापुच्छ्रे गाविसको ३ हजार ८ सयदेखि ४ हजार मिटर उचाइमा रहेको पर्यटकीय गाउँ पिपरताल, घाचोकका साथै पोखराका विभिन्न स्थानमा छायाङ्कन गरिएको छ। चलचित्रमा गुरुङ समाजमा औंसीमा जन्मिएका शिशुलाई अशुभ मान्ने अन्धविश्वासलाई मूल कथा बनाइएको छ। चलचित्रको निर्देशन सुवास गुरुङले गरेका हुन्।

मौसमी मल्ल फेरि एकपटक राजेश हमालकी नायिका भएकी छिन्। आफ्नै लगानीमा निर्माण भएको चलचित्र 'गिरफ्तार'मा मल्लले नायक हमालको जोडीका रूपमा अभिनय गरेकी छिन्। राजेन्द्र उप्रेतीले निर्देशन गरेको यो चलचित्रमा विराज भट्ट, ऋचा घिमिरे, जेनिषा केसी, सुवास मेचे आदिको पनि अभिनय हेर्न पाइनेछ।

चलचित्र 'इतिहास'का निर्देशक उद्धव अभिजितले चलचित्र 'कालापानी'को निर्देशन गर्ने भएका छन्। सुरेश अधिकारीको संगीतमा गीतको रेकर्डिङ भैरहेको उक्त चलचित्रमा दिलीप रायमाझी, विराज भट्ट, निरुता सिंह, ऋचा घिमिरे, सञ्चिता लुइँटेल आदिको मुख्य भूमिका रहनेछ।

शंकर घिमिरेले निर्देशन गरेको चलचित्र 'विष'को निर्माणकार्य अन्तिम चरणमा पुगेको छ। एउटा गीतको छायाङ्कन मात्र बाँकी रहेको उक्त चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, सञ्चिता लुइटेल, ऋचा घिमिरे, रेजिना उप्रेती आदिले अभिनय गरेका छन्।





## चलचित्र

### अनागरिक

जनजातिहरूप्रति हुने असमान व्यवहारविरुद्ध तिखो व्यङ्ग्य गर्दै निर्माण गरिएको अनागरिक लोकप्रिय हुने छनक मिलेको छ। अनागरिक १ घण्टा ५० मिनेट लामो छ। जनजातिमध्येमा पनि गुरुङ समुदायको संस्कार र जनजाति भएकै कारण उनीहरूले समाजमा भोग्नुपरेको पीडा यो चलचित्रमा देखाइएको छ। रंगमञ्चबाट आएका निर्देशक रामबाबु गुरुङ र त्यस्तै पृष्ठभूमिबाट उदाएका नायक दयाहाङ राईको भूमिका र अभिनयको कदर गर्नैपर्ने देखिन्छ। अलग्गै पहिचान बनाउने ध्याउन्नमा निर्माण भएको यो चलचित्रले जनजाति भनेका विदेशी लाहुरे हुन् भन्ने पुरानो संस्कारलाई चिर्न खोजेको देखिन्छ। निर्णायक र नीतिगत तहसम्म उपल्लो जातिको हालीमुहाली तथा माओवादी जनयुद्धको पीडा पनि चलचित्रमा समेटिएको छ। लाहुर जान बाबुदेखि हजुरबाबु र हजुरआमाले हत्ते गर्दा पनि नमानेका नायक दयाहाङ राई माओवादी अपहरणबाट भागेर काठमाडौं पुगेपछि हङकङ हानिन्छन्। काठमाडौंमा उपल्लो जातिका साथीहरू राम्रो स्थानमा जमेका र तिनलाई नोकरीका लागि आग्रह गर्दा नपाएको पीडा तथा माओवादीले बस्न नदिने देखेपछि आफ्नो आदर्श र विश्वास त्यागेर उनी बिदेसिएको कुरा चलचित्रमा देखाइएको छ।

–सुरेन्द्र

### द फल



साइन्स फिक्सनमा आधारित चलचित्र 'द फल' आज सार्वजनिक हुँदैछ। काल्पनिकताको संसारमा रमाउने एक पात्रको केन्द्रीय भूमिका रहेको यो चलचित्र भारतमा निर्माण भएको हो। सन् १९२० मा लसएन्जल्सस्थित सिर्साको उक्त घटनामा एकजना आप्रवासी बालिका दुर्घटनामा परेर उपचारका लागि अस्पताल पुऱ्याइएकी हुन्छिन्। उपचारकै क्रममा बेहोसी अवस्थामा उनलाई कुनै चमत्कारिक पुरुषले त्यहाँबाट उठाएर एउटा नौलो भू-दृष्य भएको स्थानमा पुऱ्याउँछ। अनौठो कथामा बयान गरिएजस्तै त्यो नौलो संसार बालिकाका निम्ति रोमाञ्चक बन्न पुग्छ। उनी त्यहाँ पुगेपछि कसरी फर्किन्छिन् भन्ने कथा भने अझ चाखलाग्दो छ। १ घन्टा ५७ मिनेट लामो यो चलचित्रलाइ तार्सेम सिंहले निर्देशन गरेका छन्। चलचित्रमा लि पेस, क्याटिन्का उन्तारू, जस्टिन वाडेल, ड्यानियल काल्टाजिरोन, लियो बिल आदिले मुख्य भूमिकामा अभिनय गरेका छन्।

### भूतनाथ



'भूतनाथ' मा नायक अमिताभ बच्चनको भूमिकाको विषयलाइ लिएर यतिखेर बलिउड चलचित्र उद्योग तातेको छ। भूतको रूपमा अभिनय गरेका बच्चनले हुँदै नहुने भूत बनेर गलत सन्देश दिएको एकथरीको आरोप छ। चलचित्रमा अमन शर्मा अर्थात् बंकु (अमन सिद्धिकी) मुख्य पात्र हुन्। अत्यन्तै चकचके स्वभावका सात वर्षीय बंकु बदमासीका निम्ति माहिर हुन्छन्। मम्मी अञ्जली शर्मा (जुही चावला) लाई सताएर आनन्द लिने बंकुले काल्पनिक साथी भूतनाथको सहयोग पाएर उधुम मच्चाएका हुन्छन्। भूतनाथको सहयोगले गर्दा काल्पनिक लाग्ने चमत्कारिक काम पनि उसले सहजै गर्छ। चलचित्रमा मनछुने किसिमका विभिन्न घटनालाई व्यावहारिक रूपमा प्रस्तुत गरिएको छ। समग्रमा ठूला उमेरका व्यक्तिहरूको संसारलाई बालमनोविज्ञानको नजरबाट देखाउने प्रयास गरिएको छ। चलचित्रमा छोटो भूमिकामा शाहरूख खानले पनि अभिनय गरेका छन्। रवि चोपडाको निर्माण तथा विवेक शर्माको निर्देशन रहेको यो चलचित्रमा प्रियासु चटर्जी, राजपाल यादव, सतिश शाह आदिले अभिनय गरेका छन्।

## सात ब्यान्ड एउटै मञ्चमा



विराटनगर- विराटनगरको मिल्स एरियास्थित सांगीतिक समूहहरूसँग हातेमालो गरेर अघि बढ्ने उद्देश्यले ती समूहलाई एकै ठाउँमा भेला गरेर स्मृति ब्यान्डले गत साता बिहीबार बृहत् 'हातेमालो साँझ सांगीतिक कार्यक्रम' सम्पन्न गरेको छ। कार्यक्रममा विराटनगरको दक्षिणी सीमावर्ती क्षेत्र मिल्स एरियामा रहेका सातवटा सांगीतिक समूहले एउटै मञ्चमा गीत संगीत प्रस्तुत गरे।

उक्त अवसरमा चौरमा बनाइएको खुला स्टेजमा नयाँ पुराना ब्यान्डहरूले आफ्ना प्रस्तुति देखाए। उक्त क्षेत्रको पहिलो ब्यान्ड 'मेमोरिज' र सबैभन्दा पछिल्लो 'जुनियर्स ब्यान्ड' ले हजारौं दर्शकसामु आ-आफ्नो कला देखाए। मेमोरिजका सदस्यहरू मनोज राई, कृष्ण मगर, लक्ष्मण लामा आदिले पप गीतहरू प्रस्तुत गरे। जुनियर्स ब्यान्डका कलाकारहरू सुबोध सुब्बा, दिवस राई, सन्दीप सुब्बा, विजय प्रधान, राम राई आदिले पुराना गीतलाई रक स्वरूपमा ढालेर प्रस्तुत गरे। पूर्वमा रंगेली, दक्षिणमा भारतको जोगवनी र उत्तरमा इटहरीदेखिका दर्शक उक्त कार्यक्रममा उपस्थित थिए।

ब्यान्डहरूको प्रस्तुतिको बीचमा पुर्वेली चर्चित गायक श्रीकृष्ण लुइँटेल (बोकेदाह्री) ले आफ्ना चर्चित गीतहरू सुनाए। आयोजक स्मृति ब्यान्डले पूर्वाञ्चल स्तरीय ब्यान्ड प्रतियोगितामा बेस्ट रिदम गितार र बेस्ट ड्रमरको दोस्रो उपाधि जितेको 'झल्काइदेऊ झल्काइदेऊ..' गीत प्रस्तुत गरेको थियो। ज्योति सुब्बा, दीपेन थापा, सुदीप थापा, सञ्जय श्रेष्ठ, इशान रेग्मी, विजय राना, पाबेल आले आदिको स्मृति ब्यान्डका कलाकारहरू पनि स्टेजमा ओर्लिएका थिए। कार्यक्रममा ओरिजिन ब्यान्ड, सिज ब्यान्ड, म्याडोज ब्यान्ड र बर्मा ब्वाइज ब्यान्डले पालैपालो आफ्नो प्रस्तुति दिए।

बेलुका छ बजे प्रारम्भ भएको कार्यक्रम राति ९ बजे बिजुली गएकाले स्थगित गरिएको थियो। गर्मीमा चर्को संगीतमा नाचेका दर्शकलाई कार्यक्रम सकिएलगत्तै परेको पानीले भिजाएर शीतलता प्रदान गरेको थियो।

–कमल रिमाल

## सानो पर्दा

**नीलबाराही** फिल्म्सको निर्माणमा इमेज च्यानलबाट प्रसारण भएको गायन जोडीको छनौट प्रतियोगिता 'बागिना'को दोस्रो संस्करण 'बागिना टु'को निर्माण प्रारम्भ भएको छ। यस पटकको प्रतियोगितामा सहभागिताका लागि आवेदन दिएकाहरूमध्येबाट दुई सयभन्दा बढी प्रतिभाबीचको प्रतिस्पर्धाको पहिलो चरणको छायाङ्कन कार्य सुरु भैसकेको निर्देशक राजेन्द्र सलभले बताए। इमेज च्यानलबाटै निकट भविष्यमा प्रसारण गरिने उक्त प्रतिस्पर्धात्मक कार्यक्रममा गायक तथा संगीतकार दाजुभाइ सत्यराज र स्वरूपराज आचार्य 'साथी जज' रहनेछन्। निरुशा भट्टराईले सञ्चालन गरिरहेको उक्त कार्यक्रममा अतिथि निर्णायक पनि रहने व्यवस्था गरिएको छ। यसबीच उक्त निर्माण संस्थाबाट निर्माण हुँदै आएको अर्को गायन प्रतिभा छनौट प्रतियोगिता 'नेपाली तारा'को तेस्रो संस्करणको निर्माणका लागि पूर्वतयारी भैरहेको निर्देशक सलभले बताएका छन्। गत वर्षको फागुन महिनाबाटै देशका प्रमुख सहरहरूमा 'अडिसन राउन्ड' आरम्भ गरिने भनिए पनि संविधानसभाको निर्वाचनका कारण अडिसनमा ढिलाइ हुन गएको उनले बताए।

**च्यानल** नेपालमा हरेक शनिबार साँझ साढे छ बजे प्रसारण हुँदै आएको म्युजिक भिडियो समीक्षा गर्ने कार्यक्रम 'फ्रेस रिलिज'मा अबदेखि गायक-गायिकाको क्षमता एवं शैलीको समीक्षा भने गरिनेछैन। विगत केही समयदेखि विशाल भण्डारीले सञ्चालन गरिरहेको उक्त कार्यक्रममा म्युजिक भिडियोका प्रायः हरेक पाटोको समीक्षा भने गरिनेछ, जसमा निर्देशन, छायाङ्कन, सम्पादनका साथै मोडलहरूको अभिनय, ड्रेसअप, स्पेसल इफेक्ट्स, लोकेसन आदि छन्। म्युजिक भिडियोको समीक्षा गरिन थालेपछि यो कार्यक्रमले केही विवाद भने खेप्नुपरेको छ।



**नेपालवान** टेलिभिजनबाट प्रसारण हुँदै आएको हास्यश्रृंखला 'घूसपुराण'बाट निर्देशक तथा कलाकार कमल मैनाली अलग्गिएका छन्। मैनाली अलग भएपछि उक्त श्रृंखलाको निर्देशन काजी लिम्बूले गर्न थालेका छन्। हालसम्म ३८ भाग प्रसारण भैसकेको श्रृंखलामा विभिन्न सरकारी कार्यालय तथा निजी संस्थाहरूको ढिलासुस्ती काम गराइ र कमिसन खाने चक्करका बारेमा व्यङ्ग्य प्रहार गर्दै आएको छ। भारतीय श्रृंखला 'अफिस अफिस'बाट प्रभावित उक्त श्रृंखलामा हाल शेखर चापागाई, दिलु, अमोल शर्मा, दिवाकर शर्मा, सुमनध्वज विष्ट, कृष्ण शिवाकोटी आदिले अभिनय गरिरहेका छन्। शेखर चापागाईंले निर्वाह गरिरहेको भूमिकामा पहिलेका निर्देशक कमल मैनाली तथा दिलुले निर्वाह गरिरहेको चरित्रमा पहिले शुभेच्छा थापा देखिन्थे।

## साताको स्वर



## उजन नेम्वाङ

**सुवेदारकी छोरी कान्छीलाई... कस्तो प्रकारको गीत हो ?**
सेलोबिटमा तयार भएको गीत हो। रोमान्टिक तथा डान्सिङ नम्बर हो। तामाङ समुदायमा चलनचल्तीमा रहेका भाका र भाषालाई संकलन गरेर यो गीत तयार भएको हो।

**गीतको भाव कस्तो छ ?**
गीतमा केटाले केटीलाई जिस्क्याएको छ। गीतमार्फत उसले युवतीसमक्ष प्रेमप्रस्ताव राखेको छ, जसअनुसार विवाह गरेर लाने र आफ्नो बनाउने भाव छ। यो माया-पिरतीको कथा हो।

**यो गीतको लक्षित श्रोता को हुन् ?**
यो गीत विशेष गरी युवावर्गमा लक्षित छ। म्युजिक भिडियो डान्सिङ मुडमा भएकाले र ऱ्याप फिचरिङ पनि गराएकाले यो गीतका वास्तविक श्रोता युवा हुन्। यो तामाङ सेलो मन पराउनेहरूका लागि पनि लक्षित छ।

**प्रतिक्रिया कस्तो पाउनुभयो त ?**
राम्रो छ, सबैले राम्रै भनेका छन्। गीत राम्रो बाटो तर्फ अग्रसर भएकाले आशावादी छु।

**म्युजिक भिडियो कस्तो लाग्यो ?**
मलाई राम्रै लागेको छ, रंगीन छ, झल्याक-झुलुक छ। युवावर्गले मन पराउने गरी भिडियो बनाइदिएकोमा निर्देशक प्रणव जोशीप्रति कृतज्ञ छु।

**गत** आइतबार राजधानीको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पाकिस्तानी गायक सफाकत अमानत अलि खान आफ्ना चर्चित गीतका साथ झुल्किए। शास्त्रीय र फ्युजन गीतहरू गाएर चर्चामा आएका यी गायक पप गायनका कारण युवापुस्ताबीच पनि चर्चित छन्। 'तेरी यादे मुझे सताए' गीतबाट 'शमाँ' बाध्न थालेका गायक खानले कार्यक्रममा दुई दर्जन गीत सुनाए, जसमा रक, फ्युजन, पप, पञ्जाबी, देशभक्ति सबै प्रकारका गीत थिए। कार्यक्रममा दर्शकका रूपमा उपस्थित उपसभामुख चित्रलेखा यादवले समेत एउटा गीत गाएर आफ्नो गायन प्रतिभा देखाएकी थिइन्। कार्यक्रममा गायक खानले नेपाली गीतहरू 'मुसुमुसु हाँसिदेऊ न लैलै' र 'मलाई आँखामा नबसाऊ' जस्ता नेपाली गीत पनि गाएका थिए।

**संगीत** विद्यालय सुरसाधना प्रा.लि.ले ०६५को वार्षिक क्यालेन्डर निर्माण गरेको छ। 'म्युजिकल क्यालेन्डर'को स्वरूपमा प्रकाशित उक्त क्यालेन्डरमा संगीतको क्षेत्रमा समर्पित व्यक्तित्वका तस्बिर समेटिएको छ। क्यालेन्डरमा संगीतक्षेत्रका विभिन्न जानकारी पनि राखिएका छन्। क्यालेन्डरको पहिलो पृष्ठमा नेपाली राष्ट्रिय गान, यसको स्वरलिपि र सर्जकहरूको परिचय राखिएको छ भने तेस्रो पृष्ठमा वर्ष ०६४ मा सम्मान तथा पुरस्कार हासिल गरेका सांगीतिक स्रष्टाको तस्बिरसहितको जानकारी छ। त्यसैगरी चौथो पृष्ठमा सांगीतिक क्षेत्रले गत वर्ष गुमाएका स्रष्टाको बारेमा सचित्र जानकारी छ। लोकगायक तथा सुरसाधना प्रा.लि.का तुलसी पराजुलीका अनुसार नेपाली सांगीतिक क्षेत्रको छुट्टै अस्तित्व छ भन्ने पुष्टि गर्न पनि क्यालेन्डर प्रकाशन गरिएको हो। क्यालेन्डरमा उक्त संस्थाले विगतमा गरेका कामहरूको पनि जानकारी राखिएको छ।


**नेपाली** कामदारका लागि महत्त्वपूर्ण गन्तव्य मानिएको इजरायलमा नेपालीहरूको मनोरञ्जनका लागि हालै नयाँ वर्षको अवसर पारेर नेपाल कृषि मजदुर सहयोगी मञ्चका अध्यक्ष खोजराज कटुवालको सक्रियतामा हालै त्यहाँ एक रमाइलो सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। इजरायलको तेलअविवबाट नयन्द्र चेम्जोङद्वारा प्राप्त जानकारीअनुसार कार्यक्रममा संगीतकार तथा गायक देवकुमार चौधरीले आफ्नो गीति एल्बम 'लैजा चरी'को गीत 'तिमीलाई राख्ने ठाउँ छैन' गाएर दर्शकलाई नचाएका थिए भने उनलाई अन्य गायक-गायिकाहरू करण, दीपेन्द्र, पुरुषोत्तम, चुनु, नानु, सम्झना तथा इजरायली गायिका अविताल सिम्रनले साथ दिएका थिए। कार्यक्रममा जीवन, रश्मि, विनु रूपा, देवकी ढकाल आदिले नृत्य प्रस्तुत गरेका थिए। उक्त कार्यक्रममा मोदनाथ प्रश्रितद्वारा रचित गीति नाटक बुद्ध र चण्डालिका पनि प्रस्तुत गरिएको थियो।

**गत** साता देशका विभिन्न चार सहरमा ऱ्याप गायक निर्णय श्रेष्ठले गर्ने भनेको कन्सर्ट विविध कारणवश एक सातापछि सारेर यो साता आयोजित गरिँदैछ। गरिब विद्यार्थीहरूका लागि पाठ्यपुस्तक तथा स्टेसनरी सामग्री जुटाउन नवदैलोको आयोजनामा ऱ्याप गायक श्रेष्ठ फेरि एकपटक 'निर्णय एनएसके टुर फोर एजुकेसन' कार्यक्रम लिएर गत साताको शुक्रबारदेखि देशका चारवटा महत्त्वपूर्ण सहर डुल्ने भएका थिए। कार्यक्रम सारिएपछि अब आज शुक्रबार दिउँसो एक बजे हेटौंडाको सोलिडेटरी इन्टरनेसनल स्कुलमा उक्त कन्सर्ट आयोजित गरिँदैछ। म्याडजोन, प्राश्ना शाक्य, माण्डवी त्रिपाठी र सुमन उदयका साथ निर्णयले विभिन्न गीत प्रस्तुत गर्ने उक्त कार्यक्रम शनिबार नारायणघाटको चितवन मा.वि., आइतबार पाल्पाको त्रिभुवन मल्टिपल कलेज तथा सोमबार बिहान नौ बजे बुटवलको कान्ति स्कुलमा आयोजना गरिने जानकारी गायक श्रेष्ठले दिए।

**गायक** सञ्जय श्रेष्ठ डेढ दशकअघि सांगीतिक समूह 'क्रसरोड'का गायक थिए। तीन जना साथीको उक्त संगीत समूह पछि गएर टुक्रियो। फलस्वरूप गायक श्रेष्ठ एक्लै भए र समूह छाडेर एकल रूपमा व्यस्त रहे। चलचित्रका लागि ब्याकग्राउन्ड म्युजिक भर्ने तथा संगीत दिने काम पनि उनले गरे। सञ्जय अब फेरि पपगायकको आफ्नो पहिचान दोहोऱ्याउँदैछन्। 'क्रसरोड' समूहको पहिलो चर्चित गीत 'माया मेरी माया हाम्रो मिलन कहिले हुन्छ'लाई उनले रि-रेकर्डिङ गरेका छन्। त्यतिबेला नेपाल टेलिभिजनका रोशनप्रताप रानाले बनाएको गीतको म्युजिक भिडियो चर्चामा थियो भने नयाँ म्युजिक भिडियोको निर्देशन कान्तिपुर टेलिभिजनका सुरजसिंह ठकुरीले गरेका छन्, जसमा गायक सञ्जय श्रेष्ठ 'ज्यामअप' स्टाइलमा प्रस्तुत भएका छन्।

**गीतकार** कोमल सयपत्रीको एल्बम 'म अनि ऊ'को तयारी पूरा भएको छ। हेमन्त राना, सञ्जयकिशोर, मिग्मा शेर्पा, सन्तोष लामा आदिको स्वर सुन्न पाइने यो एल्बममा रेश्मा सुनुवार र अरुण कार्कीले गाएको एउटा गीतको म्युजिक भिडियो राजेन्द्र सलभले यसै साता तयार पारेका छन्। एल्बममा बिजु बज्रको एकल संगीत छ।

**अन्नपूर्ण** रेडियोले १४ विधाका संगीत सर्जकहरूलाई सम्मान गर्ने भएको छ। पोखरास्थित रेडियो अन्नपूर्णले यस वर्षको 'अन्नपूर्ण म्युजिक एवार्ड' का लागि १४ विधाअन्तर्गत हरेकमा पाँच रचनाको पूर्व छनौट सूची बिहीबार पत्रकार सम्मेलनमा सार्वजनिक गरेको हो। मनोनयनमा परेकाहरूलाई निर्णायक र दर्शक मतका आधारमा उत्कृष्ट छनौट गरिने रेडियोका स्टेसन म्यानेजर दीपेन्द्र श्रेष्ठले बताए। मनोनयनमा परेका विधाहरूमा वर्षकै सर्वोत्कृष्ठ गीत, सर्वोत्कृष्ट गायन सुगम संगीत, सर्वोत्कृष्ट संगीत, सर्वोत्कृष्ट रचना, सर्वोत्कृष्ट गायन पप, सर्वोत्कृष्ट नवकलाकार, सर्वोत्कृष्ट सामाजिक/राष्ट्रिय सन्देशमूलक गीत, सर्वोत्कृष्ट लोक तथा दोहोरी, सर्वोत्कृष्ट लोकगायन, सर्वोत्कृष्ट संगीत संयोजक, सर्वोत्कृष्ट एल्बम, सर्वोत्कृष्ट बालप्रतिभा र सर्वोत्कृष्ट भाषाभाषीका गीत छन्।




हिपहप ठुम्का : रमेश बानियाको गीत मन बुढो छैनको म्युजिक भिडियोमा नाच्दै मोडलहरु । तस्विर : फुर्सद डटकम

## लाइभ शो

**आगामी** जेठ २ गतेदेखि ५ गतेसम्म नेपालमै पहिलो पटक मोबाइल फोन तथा मोबाइल फोनसँग सम्बन्धित साधनहरूको प्रदर्शनी 'मोबाइल एक्स्पो- २००८' आयोजित हुँदैछ। मोबाइल एसोसिएसन अफ नेपालको आयोजना तथा डाइरेक्सन नेपालको संयोजनमा राजधानीको त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा अवस्थित डीईसीसीको हलमा हुन लागेको उक्त प्रदर्शनीमा मोबाइल सेवाप्रदायक, डिलर, होलसेलर, तालिम तथा मर्मत केन्द्र, खुद्रा व्यापारी, मोबाइल सफ्ट वेयर, मोबाइल बैंकिङ आदिका स्टल रहनेछन्। प्रदर्शनी बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म चल्नेछ।

## ब्यान्ड बक्स — आस्था



टु म्यान ब्यान्ड अर्थात् दुई सदस्यीय ब्यान्ड हो– आस्था। धराने युवक नरेन लिम्बू तथा इलामे ठिटो सुदीप गुरुङ नै आस्थाका प्राण हुन्। विद्यार्थी छँदा सँगसँगै गिटार सिक्दै गीत रच्न थालेपछि पप संगीतको संसारमा होमिएका नरेन र सुदीप सधैं एकसाथ नरहे पनि ब्यान्डले निरन्तरता पाइरहेको छ। काठमाडौं बस्दै आएका नरेन र बेलायतमा अध्ययनरत सुदीप ५ वर्षपछि हालै एकैसाथ राजधानी, धरान, पोखरा र हङकङमा देखिएका थिए।

सन् २००३ को सुरुमै पहिलो एल्बम 'आस्था'को गीत हरपलले लोकप्रियता पाएको थियो। उक्त गीतको आकर्षक म्युजिक भीडियोले पनि निकै चर्चा पायो। नरेन भन्छन्- 'पहिलो एल्बमका दुई गीत हरपल र एक मौकाले आस्थालाई चिनायो।' पहिलो एल्बममा नरेन मुख्य भोकलिस्टका रूपमा प्रस्तुत भए पनि त्यसपछिका एल्बमहरूमा दुवै जर्ना भोकलिस्टका रूपमा अगाडि आएका छन्। पहिलो एल्बम निकालेको डेढ बर्ष नबित्दै आस्थाको दोस्रो एल्बम 'आत्मा'लाई नरेनले एकल प्रयासमा बजारमा ल्याएका थिए। आत्माको शीर्षक गीत 'आत्मा र तिमी आऊ न...' ले आस्थाको लोकप्रियता थप वृद्धि गऱ्यो।

पहिलो एल्बम निकालेलगत्तै सुदीप बेलायत हान्निए पनि नरेन एक्लैले नेपालका चर्चित पप ब्यान्डका रूपमा आस्थालाई टिकाइराखे। आफैं गिटार बोकेर स्टेजमा उत्रने दुवै जनाले गत वर्ष एकैपल्ट आ-आफ्ना एकल एल्बम श्रोतामाझ ल्याएका थिए। नरेनको एल्बम 'अर्थ'का अन्तिम माया... श्रोताहरूले निकै रुचाए। बेलायतमै रेकर्ड गरिएको सुदीपको एल्बम 'प्रयास'को गीत पागलपन चर्चामै छ। पछिल्लो समयमा नरेन र सुदीपले आ-आफ्नै एकल एल्बम निकालेपछि आस्थाका फ्यानहरूले आफ्ना लोकप्रिय ब्यान्ड टुक्रिएको आशंका गरेका थिए। सुदीप र नरेन भन्छन्- 'कहिले एकसाथ त कहिले बेग्लाबेग्लै हुन्छौं, तर टु म्यान ब्यान्ड टुक्रँदैन।'

हङकङ, धरान, पोखरा, काठमाडौं, बुटवल तथा दमकका कन्सर्टहरूमा आस्थाले पटक-पटक आफ्नो कला देखाइसकेको छ। स्कुल र कलेज सँगै पढेका नरेन र सुदीप नयाँ एल्बम एकसाथ निकाल्ने योजनामा छन्। एरेन्जबाहेक आस्थाका गीतहरू रच्नेदेखिका सबै काम उनीहरू आफैं गर्छन्। आस्थाका धेरै म्युजिक भीडियो नरेन आफैंले निर्देशन गरेका छन्।

–राजु घिसिङ

## नजिकबाट — संजयकिशोर श्रेष्ठ

| | |
|---|---|
| जन्ममिति | : २०३९ कात्तिक १ गते |
| घरमा बोलाउने नाम | : सञ्जय |
| नामको अर्थ | : महाभारतका एक पात्र |
| परिचय | : गायक |
| जन्मस्थान | : बाग्लुङ |
| रुचि | : फुटबल हेर्ने र घुम्ने |
| प्रकाशित एल्बम | : इमोसन र कि |
| सांगीतिक गुरु | : जेम्स प्रधान |
| नजिकका साथी | : प्रताप, नरेश |
| मनपर्ने परिकार | : दालभात र तरकारी |
| मनपर्ने रंग | : हरियो र कालो |
| मनपर्ने पहिरन | : जिन्स पाइन्ट, ज्याकेट र पुलओभर |
| मनपर्ने मौसम | : जाडो |
| मनपर्ने खेल | : फुटबल |
| फुर्सदमा | : टेलिभिजन हेर्ने |
| मनपर्ने गीत | : फेरि त्यो दिन (सुगम पोखरेल) |
| रिस उठेको बेला | : सामानहरू यताउता फाल्छु |
| मनपर्ने आफ्नै बानी | : सबैसँग नरम भएर बोल्ने |
| पहिलो गीत | : यो मनमा |
| पहिलो एल्बम | : इमोसन |
| पहिलो चर्चित गीत | : धेरै भो किन तिमी आउँदिनौ |
| सबैभन्दा बढी माया | : आफैंलाई |
| पहिलो बाजा | : मादल |
| पहिलो प्रेम | : ०६१ मा थियो |
| पहिलो चुम्बन | : ०६३ मा उसैलाई |
| पहिलो फोटोसेसन | : ०६० मा अनिल स्थापितसँग |
| राम्रो बानी | : सबैलाई सकेसम्म खुसी पार्छु |
| नराम्रो बानी | : चुरोट पिउने |
| गोप्यकुरा | : अलि सन्काहा छु |
| अन्य प्रतिभा | : स्नुकर प्रेमी |



## ठट्यौली प्रकाशसँग



एक व्यक्ति नामी डाक्टरकहाँ गएर भन्यो, 'डाक्टरसाब, मेरो घाँटी खराब छ कृपया... ।'

'पल्लो कोठामा जानुस् र सबै कपडा खोल्नुस्' डाक्टरले भन्यो, 'म दुई मिनेटमा आउँछु ।'

'तर डाक्टरसाब मेरो त घाँटी मात्रै... ।'

'सुन्नुभएन ? छेउको कोठामा जानुस् ,सबै कपडा खोल्नुस्, म अहिले आएर तपाईंलाई जाँच्छु ।'

के गरौं के नगरौं जस्तो भावमा त्यो व्यक्ति अर्को कोठामा गयो । सबै कपडा खोल्यो अनि एउटा बेडमा बस्यो । त्यसैबेला उसले अर्को आफूजस्तै नांगो व्यक्ति छेउको बेडमा देख्यो जसको हातमा चिठी नै चिठीको बन्डल थियो ।

'अचम्मको रहेछ यो डाक्टर' व्यक्ति बोल्यो, 'मेरो घाँटी खराब छ तर जाँच्नलाई चाहिँ सबै कपडा खोलेर बस भनेर हुकुम दिन्छ ?'

'तपाईंको त घाँटी खराब रहेछ म त हजुर चिठी पुऱ्याउन आको...' छेउकाले भन्यो ।

ooo

घनघोर वर्षा भएको रात एउटा ट्राभलिङ सेल्समेन अपरिचित सहरमा थियो । उसले कुनै पनि होटलमा बस्ने ठाउँ पाएन ।

'हजुर, जस्तो ठाउँ भए पनि हुन्छ मलाई रात बिताउने ठाउँ दिनुहोस्' एक होटलमा उसले भन्यो ।

'अब त्यति साह्रो नै छ भने हाम्रो होटलको स्टोर रुममा तपाईंका लागि एउटा बिछ्यौना हाल्न लगाइदिन्छु ।'

'हुन्छ हजुर, जता भए पनि सुत्न पाए भयो' सेल्समेनले भन्यो ।

'तर एउटा कुरो छ । त्यो स्टोरमा एउटा अर्को ओछ्यान पनि छ ।'

'त्यो कसको ?' सशंकित आवाजमा सेल्समेनले सोध्यो ।

'तरुनी महिलाको ।'

'तर ऊ मान्दिन होला, रिसाउँछे होला नि ?'

'म तपाईंको ओछ्यान स्टोरको पल्लो कुनामा लगाइदिन्छु, तपाईं चुपचाप गएर सुत्नुभयो भने उसलाई थाहा हुँदैन ।'

'ओके' सेल्समेनका लागि कुनामा ओछ्यान राखियो । पाँच मिनेटपछि सेल्समेन सुत्न गयो, १५ मिनेटपछि सेल्समेन चिच्याउँदै डराउँदै, कराउँदै आएर भन्यो 'त्यो महिला त मरेकी छे ।'

'मलाई थाहा छ' होटलवाला शान्त स्वरमा बोल्यो- 'तर तपाईंलाई कसरी थाहा भयो ?'

ooo

'के कुनै व्यक्तिले कानुनी रूपमा आफ्नी विधवाकी बहिनीसँग विवाह गर्न पाउँछ ?'

'कुनै पनि हालतमा पाउँदैन, किनकि ऊ त मरिसकेको हुन्छ ।'

ooo

चौधरी सरले दुईवटा चिठ्ठा किन्नुभयो । दुई टिकटमध्ये एउटा टिकटले पाँच लाखको पुरस्कार जित्यो, सबैले बधाइ दिए... तर चौधरी सरले उदास स्वरमा भन्नुभयो

'केको बधाइ एउटा टिकट त त्यसै खेर गयो नि...।'

ooo

'दाइ तपाईंले मलाई पाँच हजार रुपैयाँ सापट दिनुभयो भने जीवनभर म तपाईंको ऋणी हुने थिएँ ।'


'त्यही कुराको त डर छ नि भाइ ।'

ooo

बजारमा अहिले एउटा नयाँ टेलिभिजन आएको छ । टेलिभिजन किन्दा एउटा दुर्बिन फ्रिमा पाइन्छ । यदि तपाईंको टेलिभिजन बिग्रियो भने दुर्बिनको सहायताले छिमेकीको टेलिभिजन हेर्न सजिलो होस् भनेर यसो गरिएको हो ।

## कविता

### तिमी को हौ ?



मसँग नाता जोड्ने आखिर तिमी को हौ ?
आफ्नो पथ मतिरै मोड्ने आखिर तिमी को हौ ?
हिंजोसम्म अपरिचित थियौ मेरा निम्ति
अद्वितीय जित आज छोड्ने आखिर तिमी को हौ ?
कहीं-कतै आत्तिएँ भने म आफ्नो पथमा
विघ्न-बाधा मेरो फोड्ने आखिर तिमी को हौ ?
मसँग परिचय गाँसी अघि बढ्छौ तिमी
अन्जानको रेखा तोड्ने आखिर तिमी को हौ ?
हजार आओस् बाटो छेक्न तर
रश्मितिरै बाटो मोड्ने आखिर तिमी को हौ ?

–रश्मिला कवाङ

### अँगालोमा कसौंला नि

तिमी र म दुवै मिली, सँगसँगै बसौंला नि
तिमीलाई नै मेरो न्यानो, अँगालोमा कसौंला नि
तिम्रो सिँउदो सजाउने, इच्छा मलाई जागेको छ
तिम्लाई मञ्जुर छैन भने, मै खरानी घसौंला नि
तिम्रो मेरो मिलनमा, दुनियाँले कुरा काट्छन्
कुरा काटे के भयो त, दुवै मुग्लान पसौंला नि
परिवारले स्वीकार्नेछ, तिम्रो मेरो सम्बन्धलाई
नस्वीकारे दुवै जना, त्रिशूलीमा खसौंला नि ।

–बद्री शिवाकोटी

### चञ्चल हुन्छ मन

उडी जान्छ जवानीको रङ्ग पनि एक दिन
थाक्दै-गल्दै जान्छ हाम्रो अङ्ग पनि एक दिन
समयको गतिसँगै बग्दै जान्छ जीवन
लोलाएका आँखा अनि चञ्चल हुन्छ मन
जिउने क्रममा सारा सपना भङ्ग हुन्छ एक दिन
केही होइन सुन्दरता त्यो जीवन छैन भने
जीवन भन्नु फूल हो ओइली झरी जाने
मै हुँ भन्ने मान्छे पनि दङ्ग हुन्छ एक दिन ।

–रेसमकुमार सुनुवार

### अविश्वासको हुरी

टाढा-टाढा भएछ है हाम्रो मनको दूरी
कहाँबाट चल्यो विश्वासमा हुरी ?
भुल्न नसकिने कल्पना छन् स्मृतिका क्षणभरि
बिर्सन नसकिने माया छन् यो सुन्दर मनभरि
तिम्रो साथ पाउन मठ-मन्दिर धाएँ
पत्थरको मुटु रै'छ तिम्रो, धेरै दुःख पाएँ
छिया-छिया पारी मुटु मैले तोड्नुपऱ्यो
ओइलाउँदै रूखबाट पातसरि झर्नुपऱ्यो
तिम्रो माया माना-पाथी मेरो थियो मुरी
कहाँबाट चल्यो यो अविश्वासको हुरी ?

–राजन थपलिया

### दुख्दैन कि हजुरलाई

भटभटी देश दुखेकोमा, दुख्दैन कि हजुरलाई
त्यो कालो विषालु सर्पले डुँदैन कि हजुरलाई
टिष्टा, सुस्ता अनि
कालोपानीको घाउले दुख्दैन कि हजुरलाई
आफ्नो मान्छे, पराई भएको
सगरमाथाको ठाडो शिर झुक्दैन कि हजुरलाई
बलात्कृत छ, आमा सबैको
आमाको त्यो गुन्यूचोली, फुक्दैन कि हजुरलाई
माटो हेर दिनदिनै लुटिँदै
एउटा कुर्सी नलुटे, केही लुटदैन कि हजुरलाई ।

–प्रेमकृष्ण श्रेष्ठ

## लघुकथा

### अन्तिम इच्छा

जुलुस र प्रहरी जम्का भेटसँगै अश्रुग्याँस, गोली, इँटा एवं ढुंगाको सडकमा वर्षा भयो । 'पर्दैन त्यसलाई उठाउन, मरोस् त्यहीँ । साले पुलिसको एजेन्ट । सुलसुले ।' भीडले बूढालाई तिरस्कार गऱ्यो । अस्पताल लाने कोही भएनन् ।

-'छोड्दे सालेलाई, त्यहीँ मर्छ । बडो अपराधीको वकालत गर्थ्यो साले । आतंककारीको एजेन्ट । मरे आनन्दै हुन्छ, बित्थामा कैदीहरूलाई भड्काउन आउँथ्यो ।' मरणासन्न घाइते बूढोलाई पुलिसले पनि तिरस्कार गरे । ऊ सडकमा फत्र्याक-फत्र्याक गरिरह्यो ।

फोटो रिपोर्टिङ सकेर बूढालाई उठाउन म सडकमा ओर्लिए । उसले बरर आँसु झाऱ्यो । टाउकोमा रगत बगिरहेको थियो ।

'म त्यही मानवअधिकार बाजे हुँ, पत्रकार नानी । म कुनै पार्टीमा लागिनँ, गुटमा पसिनँ, कसैको गोटी बनिनँ । आज यस्तो भो । उसको गला अवरुद्ध भयो ।

'कैदी र अपराधीको पनि मानवअधिकार हुन्छ भन्दा पुलिसको आँखी भएँ । भिडन्तमा पर्ने पुलिसको मानवअधिकारको कुरा गर्दा 'पार्टी' को मान्छेको आँखी भएँ । ...ऐया ऽऽऽ ।' बूढोको मुखबाट पुनः भल्भल्ती रगत आयो ।

'अब धेरै बेर बाँच्दिनँ, पीडा अति नै भयो । नानी । मलाई त्यो मानवअधिकार चिन्ह अंकित तुल ओढाइदेऊ । जसका लागि मेरो सारा जीवन अर्पें नानी । मलाई बिदा माग्न देऊ । मेरो लास पनि त्यही तुल र नेपालको झन्डाले छोपिदिनु ।' मुखबाट पुनः रगत आयो । छट्पटिँदा-छट्पटिँदै तनक्क खुट्टा तानेर ऊ सधैंलाई निदायो ।

–कुसुम ज्ञवाली


प्राइभेट TEST/SLC
नि:शुल्क भर्ना
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरुका लागि धमाधम भर्ना लिईंदैछ । सिट सीमित छ ।
(English and Nepali both medium)
Bright Future Institute
मोबाइल : ९८५१००२८०४, फोन नं.: ४४६३०७३, चावहिल, काठमाडौं ।

प्राइभेट TEST
SLC 2065 का लागि
दश कक्षामा भर्ना खुल्यो

100% Result Since 2004...
सिमित सिट मात्र बाँकी
विस्तृत जानकारीका लागि
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, फोन : ४७८१०६१, २०४३८६३
शंखमुल जाने बाटो, कोलम्बस कलेजको ठीक अगाडि

PRIVATE TEST/S.L.C.
नयाँ भर्ना खुल्यो
2065
TIME INSTITUTE
Bagbazar, Kathmandu Nepal, Tel: 4239156

प्राईभेट टेष्ट SLC
2065 को लागि भर्ना खुल्यो ।
१ वर्षमै +2 पास गरौं
कक्षा ६,७,८,९ र Test फेल भएका SLC पास भई +2 फेल भएकाहरुको लागि NIOS
विगत ३ वर्ष देखिको निरन्तर सफलता
ग्रुपमा आउनेलाई विशेष छुट
साथै विशेष छुटमा अंग्रेजी र कोरियन भाषाका कक्षाहरु संचालन भईरहेको छ
लगनखेल | कोटेश्वर
स्मल हेभन 2120693, 9841452755 मछिन्द्रनाथको रथ राख्ने चौबाटो बाट पूर्व
स्मल वर्ल्ड 4601589, 9841306634 प्रहरी बिटबाट पश्चिम हिमालयन कलेज संगै

## सन्देश

खै त फोन गरेको ? प्लिज एक पटक फोन गर। म तिम्रो प्रतीक्षामा छु। अनि चोखो मायाको साथै असीम सम्झना।

**राज**

अञ्जान, काठमाडौंबाट दोलखा सँगै यात्रा गर्ने, अघिल्लो सिटमा बसी पछाडि फर्केर हेरे पनि नबोल्ने दुई अपरिचितसँग मित्रताको हात बढाउँछु।

**Buddha96@hotmail.com**

नलिना दिदी समानुपातिकबाट विधायक नभएकोमा पीर नगर्नुहोला। तपाईंको कर्म गायन हो, गाइरहनुहोस्, हामी सुनिरहन्छौं।

**सुषमा**

भाइ सन्दीप र बुहारी सुजना, सत्यसाइबाबासँग तिमीहरूको सुखद दाम्पत्य जीवनको कामना गर्दछु। तिमीहरूको जीवन फलोस्-फुलोस्, यही छ शुभकामना।

**जया**

गगनजी, दाम्पत्य जीवनमा बाँधिनुभएकोमा बधाई। अनि सभासद् बनी देशको संविधान बनाउने कार्यमा खटाइनुभएकोमा पनि शुभकामना। विशेष गरी तपाईंले विवाहभोजको खर्च अस्पताललाई दान गर्नुभएको कुराबाट हामीजस्ता युवा प्रभावित भएका छौं। सधैं युवाहरूको आइडल बनिरहनुहोला।

**रमेश केसी**

भाइ निरेस, जीवन यसरी चल्दैन। अर्काको लहलहैमा लागेर आफ्नो लक्ष्य भुल्नु भएन। तिम्रो आचरणबाट आमा र बुवा निकै दुःखी हुनुभएको छ। उहाँहरूले भनेको मान।

**स्वप्निल**



विपना थापालाई वैवाहिक जीवनको शुभकामना। भारतीय नागरिकसँग विवाह भए पनि आफ्नो देशलाई चाहिँ नबिर्सनुहोला।

**कविता**

फेवातालमा तालबाराही मन्दिर जाँदा र आउँदा एउटै डुंगामा चढेकी, नाम सोध्दा जानकी बताउने कालो जिन्स र रातो टिसर्ट लगाएकीलाई मैले धेरै सम्झिएको छु। मिल्छ भने शनिबार त्यही समयमा डुंगा चढ्ने ठाउँमा भेट्न चाहन्छु।

**रोज (पहेंलो बुट्टे सर्ट)**

डियर एन., माया लाग्छ तर बोल्न सक्दिनँ। तिमीलाई देखेदेखि मेरो रातको निन्द्रा र दिनको चैन सबै बर्बाद भैसक्यो। बुझेर पनि नबुझेझैं किन गर्छयौ। प्लिज मेरो मर्का बुझिदेऊ।

**डबल एस.**

## जीवनको गोरेटोमा

# पश्चाताप



भनिन्छ 'जगतमा वेदना व्यक्त गर्ने कुनै भाषा हुँदैन।' यो भनाइ मेरो भोगाइसँग सान्दर्भिक छ। म एक त प्रकृतिले ठगिएको मानिस, त्यसमाथि एक्काइसौं शताब्दीको प्रतिस्पर्धा। म उदाहरणीय बनेर देखा पर्न सकिनँ। लाग्छ आफ्नै जीवन आफैलाई भारी भैरहेछ। अध्ययनको क्षेत्रमा घुँडा टेकेर स्नातकसम्म पूरा गरें तर के गर्नु यति त आजभोलि जसले पनि सिध्याएका छन्। क्षमताले भ्याउने रोजगारी पाउन पनि धेरै कसरत गर्नुपर्ने।

उमेरले मैले २८ औं वसन्त पार गरिसकेको छु। मैले आफ्नो योग्यता र अनुभवलाई प्रयोगमा ल्याउन एउटा सानो निजी विद्यालयमा शिक्षण पेशालाई अँगालेको छु। जुन मेरो गाउँठाउँदेखि धेरै टाढा पर्छ। जीवनका आरोह-अवरोह पार गर्ने क्रममा विशेषतः माया र पिरतीको क्षेत्रमा धेरै विपरीतलिंगीहरू देखा परे पनि उनीहरू रूपको अवहेलना गरेर गए। बाहिरी स्वरूपसँग मात्र आकर्षित हुने यो आडम्बरी समाजसँग म हारें। कुलमा असल बुहारी भित्र्याउने मेरा अभिभावकको आशा, चाहना र उमंगलाई ल्याउन नसकी खोज्ने र रोज्ने जिम्मा उहाँहरूलाई नै सुम्पेर म टाढा भएको हुँ। यही क्रममा उहाँहरूले यस्ती कन्या फेला पार्नुभएछ जो परिवारकी कान्छी छोरी, कमजोर आर्थिक अवस्थाका कारण उच्च शिक्षा बीचमै रोक्नुपरेको, रोगिएर ढल्न लागेकी डाँडामाथिको जुन जस्ती आमाको अन्तिम इच्छा छोरीको बिहेदान गरिदिने। बुबाले ती कन्याको सम्पूर्ण व्यवहार, चरित्र र स्वभाव अध्ययन गरेर ठीकै लाग्यो भन्दै कुरा चलाएर मलाई फोनमार्फत् डाक्नुभयो। उनमा मैले पनि नारीमा हुनुपर्ने गुण पाएँ, अनि विवाह गर्ने स्वीकृति जनाएँ। आखिरी विवाह भएरै छाड्यो।

आमाबुबाले असल बुहारी र भाइबहिनीहरूले भाउजु पाउँदा परिवारका प्रत्येक सदस्यको आँखामा हर्षका आँसु नबगेका होइनन्। आपसमा माया र सद्भाव बाँड्ने दिन मैले सोचेको भन्दा ठीक विपरीत भैदियो। आमा मैले आफू परिपक्व बनेर, पढाइ सिध्याएर, आत्मनिर्भर बनेर आफूले रोजेको व्यक्तिसँग जीवन निर्वाह गर्न दिनुभएन नि, आखिरी मैले के बिराएँ र यो रूप न रंगको केटासँग जोडी बाँधिदिनुभयो... इत्यादि बिलौना गर्न थालिन् उनी। म भने गम्भीर मुद्रामा मौन रहें। अन्त्यमा उनी धेरैवटा जटिल प्रस्ताव राखेर सामान्य बनिन्। उनको त्यो एकतर्फी निर्णयले मेरो बाँकी जीवनमा नकारात्मक असर पर्ने भयो। उनी भन्दै गइन्- कृपया मेरो साथ लागेर नहिँड्नुहोला जसको प्रभावले मेरा साथीसंगीहरूले तपाईंको घिनलाग्दो रूपसँग दाँजेर मलाई नधिक्कारून्। हामी जीवनभर एउटै बिछ्यौनामा नसुतौं किनकि मेरो कुमारीत्व र अस्मिता गुमाउनु छैन। मदेखि सधैं टाढा रहेर व्यवसाय चलाउनु, समय मिलाएर फोन गर्नु, केवल मेरो आर्थिक संकट टारिदिए पुग्छ।

आजभोलि उनलाई आफ्नै स्वतन्त्रतामा रम्नका निम्ति माइतीघरमै छाडेर म आफ्नो घाइते मन लिएर व्यवसायलाई निरन्तरता दिइरहेको छु। यस विषयमा म आफ्नो भाग्यलाई दोष दिन्छु। उनको खुसी र सन्तुष्टि नै मेरो चाहना एवं लक्ष्य बनेको छ।

**– गंगा**

## साप्ताहिक साथी



५ फिट ९ इन्च अग्ला वीरेन्द्रराज ढकाल २३ वर्षका छन्। वीरेन्द्रले अध्ययन तथा व्यवसाय दुवैमा समय दिइरहेका छन्। लजालु स्वभावका वीरेन्द्र पत्रमित्रता तथा भ्रमणमा रुचि राख्छन्। उनी अहिले शंकरदेव क्याम्पसमा एमबीएस प्रथम वर्षमा अध्ययनरत छन्। ढकाल अप्ठ्यारो परेको समयमा साथ दिन सक्ने मिलनसार साथीको खोजीमा छन्। वीरेन्द्रराजलाई साईबाबा ग्याँस पसल, गोंगबु, काठमाडौंमा पत्राचार गर्न सकिन्छ।



कक्षा १२ मा अध्ययनरत केशर खत्री १९ वर्षका भए। ५ फिट ५ इन्चका केशर मिलनसार स्वभावका छन्। गहुँगोरो वर्णका केशर भ्रमण एवं पत्रमित्रतामा रुचि राख्छन्। केशर सानालाई माया तथा ठूलालाई आदर गर्ने स्वभावका व्यक्तिलाई पत्रमित्रताका लागि आग्रह गर्छन्। उनलाई पशुपति बहुमुखी क्याम्पस, चाबाहिलमा पत्राचार गर्न सकिन्छ।

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................

उमेर : .................................... उचाइ : ....................................

पेसा : .................................... शिक्षा : ....................................

स्वभाव : .................................... वैवाहिक स्थिति : ....................................

अभिरुचि : .................................... वर्ण : ....................................

इमेल : ..........................................................

ठेगाना : ..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

**नोट : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।**

# सौन्दर्य हेर्न क्यान्जिन गुम्बा

**विष्णु तारुके**

लाङटाङ क्षेत्रको यात्रा गर्ने पर्यटकहरूमध्ये क्यान्जिन गुम्बामा नपुग्ने विरलै हुन्छन्। लाङटाङ लिरुङ हिमालको काखमा छ– क्यान्जिन गुम्बा। रसुवा जिल्लाको लाङटाङ गाविसमा पर्ने यो गुम्बा पुगेपछि स्वदेशी तथा विदेशी पर्यटकहरू भन्न बाध्य हुन्छन्– 'इन्द्रको अमरावती त यहीं रहेछ।' काठमाडौंबाट त्रिशूली हुँदै धुन्चे स्याप्रुबेसीसम्मको सडकयात्रापछि तीन दिनको पैदलयात्रापश्चात् क्यान्जिङ गुम्बा पुग्न सकिन्छ।

ठूलो उपत्यका, उच्च हिमालहरू, जङ्गली फूलहरूको सुगन्ध, हिमनदी लाङटाङ खोलाको अविरल बहाव, घोडा अनि चौरीहरूको चहलपहलका साथ सानो बस्ती क्यान्जिन गुम्बा रहेको ठाउँलाई सुन्दरता प्रदान गर्ने माध्यमहरू हुन्। लाङटाङ राष्ट्रिय निकुञ्जमा रहेको क्यान्जिन गुम्बा समुद्र सतहदेखि ३ हजार ९ सय मिटर उचाइमा रहेको लाङटाङ पदयात्राको प्रमुख गन्तव्य बिन्दु हो।

तामाङ जातिको बसोबास रहेको यो ठाउँका बासिन्दा बौद्ध धर्मप्रति आस्थावान् छन्। यहाँ पुग्ने पर्यटकहरूको प्रमुख आकर्षण ५ हजार २ मिटर अग्लो क्यान्जिङ हिमाल तथा ५ हजार ३५ मिटर अग्लो चेरको हिमाल नै हो। क्यान्जिङ तथा चेरकोबाट उत्तरतर्फ रहेको ७ हजार २ सय ४५ मिटर अग्लो पासाङ पिक, याला पिक, दोर्जे लाक्पा, लाङसिसा, नयाँ काङ्गा, गन्जलापास तथा रमणीय लाङटाङ उपत्यकाको



दृश्यावलोकन गर्न पनि क्यान्जिन गुम्बा पुग्नैपर्छ।

रमणीय क्यान्जिङ क्षेत्रमा सेप्टेम्बरदेखि डिसेम्बरसम्म र फेब्रुअरी देखि मेसम्मको समयमा पर्यटकहरूको ओइरो लाग्छ। क्यान्जिन भ्रमणमा आएका बेलायती पर्यटक फिलिप च्याम्पर भन्छन्– 'यो मेरो पहिलो नेपाल भ्रमण हो। पहिलो पटकमै यो मनमोहक ठाउँ घुम्न पाउँदा एकदमै हर्षित छु।' अर्का पर्यटक डेभिड थप्छन्– 'सुन्दर उपत्यका नीलो गगन र हिमश्रृङ्खलाहरू जता आँखा गयो त्यतै टक्क अडिन्छ।' मुलुकमा शान्ति स्थापनासँगै पर्यटकहरूको ओइरो लाग्न थालेको छ। त्यसैले क्यान्जिनमा एक दर्जनभन्दा बढी होटल तथा लजहरू सञ्चालित छन्। क्यान्जिन आइपुगेपछि खुसीले गद्‌गद भएका एक पथ-प्रदर्शक भन्छन्– 'चौरीको दूध र दहीमा रमाउन पाइयो।' क्यान्जिन भ्रमणबापत विदेशी पर्यटकहरूले १ हजार रुपैयाँ तिर्छन्।

**हवाईजहाजको कथा**

मुलुकमै नाम चलेका सहरलाई समेत हवाईयातायातले छुन नभ्याउँदै विमान उत्रिएको रसुवाको विकट लाङटाङ हिमालको फेदीमा रहेको क्यान्जिङ हिम उपत्यकामा तीन दसकअघि निर्माण गरिएको विमानस्थल खण्डहरमा परिणत भएको छ।

'सुरुमा विमान अवतरण हुँदा त आफूलाई निकै भाग्यमानी मानेका थियौं, तर त्यो खुसी सधैं कायम रहन सकेन, पानीको फोकासरह केही क्षणमा नै चकनाचुर भयो,' स्थानीय ग्याल्वो तामाङ भन्छन्। विमान सञ्चालन भैदिए राजधानीबाट पर्यटकहरू सिधै यहाँ आउन सक्थे। हामीले पटकपटक विमान सञ्चालनका लागि सरकारसँग अनुरोध गऱ्यौं तर विगतका सरकारले ध्यान दिएनन्। यद्यपि उनी सरकारले आफ्ना मागप्रति ध्यान दिने कुरामा आशावादी छन्। तामाङ भन्छन्– लाङटाङ गाविसवासीमा विमान अवतरण गराउने आशा मरेको छैन।

समुद्री सतहदेखि करिब ४ हजार मिटरको उचाइमा रहेको क्यान्जिङ चारैतिर हिमालैहिमालले घेरिएको बीचमा समथर बटुकी परेका सानो उपत्यका सान्है मनमोहक छ। उक्त विमानस्थल स्विस नागरिकको सहयोगमा २५ लाख रुपैयाँको लागतमा सन् १९७२ मा निर्माण गरिएको हो।

यहाँ उत्पादित याक चीज बोक्न विमानस्थलमा ६ पटक सम्म ट्वीनअटर विमानले ओहोरदोहोर गऱ्यो। त्यसपछि अहिलेसम्म विमान आएको छैन। विमानस्थल संरक्षणका लागि त्यहाँ कार्यरत २ जना कर्मचारीमध्ये एकजनाले अझै तलब सुविधा पाउँदै छन्। 'विमान पनि आउन छाड्यो, त्यहाँ विमानस्थलसँगै निर्माण गरिएको पालेघर र काउन्टरसमेत भत्किएपछि ओत लाग्ने ठाउँसमेत नभएकाले अहिले घरको काम गरेर बसेको छु,' विमानस्थलका कर्मचारी साम्देन डिण्डुप तामाङले बताए। उनले पनि हवाईजहाज नदेखेको ३५ वर्ष भैसकेको छ। यद्यपि उनलाई नागरिक उड्डयन प्राधिकरणले तलब सुविधा भने दिइरहेको छ। विमानस्थल बनेपछि पदयात्रा तथा विमानबाट आउने विदेशी पर्यटक बढेपछि यहाँ होटलहरू पनि बढेका थिए।

# तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?

फुटबल खेलाडी अनिल गुरुङ । उनी फुटबल खेलका सबैभन्दा महँगा खेलाडी भएको हुनाले ज्यादै मनपर्छ ।

**दुर्गाबहादुर माझी, रामेछाप**

मलाई हाम्रो साथी च्याप्टे नै मनपर्छ । किन थाहा छ, ऊ गोलकिपिङमा साह्रै च्याम्पियन छ । उसको जीएफले हानेको सामान भुइँमा खस्न दिँदैन ।

**अनुप प्रेमी**

मलाई त पेले नै मनपर्छ ।

**ईश्वर रेग्मी** (१८), **ताहाचल**

मलाई मनपर्ने खेलाडी हरि खड्का हुन् । उनको अनुशासन र हरेक क्रियाकलाप राम्रो लाग्छ ।

**शमशेर राई, ओखलढुंगा**

किस्चियानो रोनाल्डो, डेबिड बेकहम, रोनाल्डिन्हो । किनकि उनीहरू खेल्नेमात्र राम्रो होइन, कमाउन पनि राम्रो कमाउँछन् ।

**अज्ञानी समीर, काठमाडौं**

मलाई कुनै पनि खेलाडी मन पर्दैनन् । किनकि म कुनै पनि खेल खेल्दिनँ ।

**दीपेन्द्र कार्की** (१९), **दुबई**

मलाई संगीना वैद्य मन पर्छिन् । उनको व्यक्तित्व र खेल्ने तरिका राम्रो छ ।

**अमृता घिमिरे** (१७), **गोरखा**

मलाई मनपर्ने खेलाडी खासै कोही छैनन्, तर ह्याट्रिक फिल्म हेरेपछि धोनी मन पर्न थालेको छ ।

**हर्षल कुशल** (१७), **काठमाडौं**

नेपाली खेलाडीमा संगीना वैद्य, भारतीयमा सानिया मिर्जा र विदेशीमा बेकह्याम । यी तीनैमा खेलप्रति उच्च लगाव र सफलता छ ।

**मुक्ति अधिकारी, करादी, स्याङ्जा**

संगीना वैद्य, हरि खड्का, सानिया मिर्जा, डेभिड बेकहमहरू नै हुन् ।

**समल जोइटिंग्रे, स्याङ्जा**

अनिल ओझा, उनको नाम सुन्नासाथ मेरो ५ वर्षे छोरो भविष्यमा अनिल जस्तै बन्छु भन्छ । उनी प्रतिभावान् खेलाडी हुन् ।

**शम्भुराज घिमिरे, शनिश्चरे, मोरङ**

मनले खाएको कोही पनि छैन, किनकि सबै खेलाडी राष्ट्रका लागि भन्दा पनि आफ्नै लागि खेल्छन् र अवसर पाए विदेशमै हराउँछन् ।

**जितेन्द्र श्रेष्ठ** (२५), **सिपाजी**

अनिल गुरुङ नै राम्रो । किनभने उसको गेम राम्रो हुँदै आएको छ ।

**सचिन**

देशको प्रतिनिधित्व गर्दै विदेशमा गएर उतै हराउने हाम्रा आदरणीय खेलाडीहरू सबै ।

**विष्णु काफ्ले** (२९), **मधुवन, सुनसरी**

तपाईंजस्तो चतुर खेलाडी अरू कोही छैन सम्पादकज्यू ।

**समर्पण भट्टराई, जनकपुर**

अहिलेका प्रधानमन्त्री, किनभने उनी देशलाई बल बनाएर धेरै खेल खेलिसकेका प्रतिभावान् खेलाडी हुन् । उनी जति रेडकार्ड पाए पनि मैदानबाट बाहिर गा'छैनन् ।

**सुनील मंग्राती** (१८)

मलाई मनपर्ने खेलाडी धेरै छन्, जस्तै- तेक्वान्दोमा दीपक बिष्ट, कराँतेमा दीपक श्रेष्ठ, क्रिकेटमा शरद भेषवाकर, फुटबलमा प्रदीप महर्जन । किनकि यी खेलाडीहरूले देशको नाम चिनाउन सकेका छन् ।

**निर्मल बिष्ट, काठमाडौं**

पुष्पकमल दाहाल (प्रचण्ड), उनी जति सत्ताका माहिर खेलाडी नेपाली राजनीतिमा को छ र ? माने... ।

**टंक प्रकाश** (२३), **झापा**

मलाई मनपर्ने खेलाडी पेले हुन् । किनभने उनको खेल हेर्न दुई राष्ट्रबीचको युद्ध पनि रोकिन्थ्यो रे, घन्टौँघन्टासम्म फुटबललाई भुइँमा झर्न दिँदैनथे रे ।

**सन्तोष राई** (१७), **बुधनगर, मोरङ**

जीपी कोइराला ।

**युवराज घिमिरे, संखुवासभा**

मलाई मनपर्ने खेलाडी संगीना वैद्य हुन् । किनभने उनले महिला भए पनि आफ्नो देशलाई चिनाउन निकै ठूलो योगदान पुर्‍याएकी छिन् । म उनीप्रति गर्व गर्छु ।

**सागर**

मलाई मनपर्ने खेलाडी सचिन तेन्दुल्कर हुन् । किनभने उनी राम्रो क्रिकेट खेल्छन् ।

**गंगाराम न्यौपाने, बलाम, स्याङ्जा**

सानिया मिर्जा, किनभने उनको सबै चीज राम्रो छ, चाहे त्यो खेल होस् वा शरीर ।

**रञ्जित झा, रोहुवा, सर्लाही**

खै को भनौँ र कुन खेलको भनौँ ? फुटबलको भनौँ त कुन देशको भनौँ ? भो भो नेपालकै भन्छु एनआरटीका स्ट्राइकर लक्ष्मण रुचाल । किनकि उनी केटीहरूसित धेरै बोल्दैनन् । राम्रो खेल देखाउन सफल छन् ।

**प्रवीण** (२०)

नयना शाक्य, किनभने आजको जमाना गेम प्लस ग्ल्यामरको हो । उनी लाखौँ युवाकी ढुकढुकी हुन् ।

**लेखनाथ ओझा** (२२), **महोत्तरी**

खेलप्रेमीहरूसँग सोध्नुहोला, आफूलाई त राम्री मैयाँको नाम मात्र थाहा छ ।

**त्रिताल नोदनाथ** (२६), **धनकुटा**

मलाई मनपर्ने खेलाडी पेले थिए, किनभने उनी झुम्राको फुटबल खेल्थे ।

**रमेश रानामगर, तानसेन**


मलाई मनपर्ने खेलाडी गिरिजाबाबु हुन्, उनले सबैलाई नचाउन जानेका छन् ।

**गणेश वियोगी**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१.तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
२. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
३. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
४. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
५. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
६. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
७. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
८. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
९. यो संसार कस्तो छ ?
१०. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?



तस्बिर : राज घिसिङ

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २२ वर्षीय विवाहित एवं शिक्षित युवक हुँ । विगत पाँच वर्षदेखि एक विवाहित महिलासँग शारीरिक सम्पर्क गर्दै आएको छु । हाम्रो सम्पर्क महिनामा १५-२० पटकसम्म हुन्छ । सुरुमा म कन्डमको प्रयोग गर्थें, पछि पाँच-छ महिना कन्डमविना नै सम्पर्क राखें । त्यसपछि उनको श्रीमान् आउनुभयो र दुई महिनापछि जानुभयो । उहाँ गएपछि विनाकन्डम सम्पर्क राख्न मन लागेन । फेरि कन्डम प्रयोग गरिरहेको छु । कुरा के भने म कामको सिलसिलामा भारत गएको थिएँ । त्यहाँ तीन जना युवतीसँग शारीरिक सम्पर्क भयो । म त्यहाँ कन्डम प्रयोग गरेर सुरक्षित फर्केर आएँ । त्यसपछि यहाँ फेरि अर्की विवाहित महिलासँग सम्पर्क भयो जुन एक-दुई महिनामा एकपटक हुन्छ ।**

**पहिलो विवाहित महिलासँगको सम्पर्कपछि रगत परीक्षण गराएको थिएँ, मेरो रगत ए पोजिटिभ रहेछ । त्यसपछि रगत परीक्षण गराएको छैन । मलाई यौनरोग एच.आई.भी.जस्ता रोगहरूका बारेमा राम्रो ज्ञान छ । त्यस्तो रोगको खासै कुनै लक्षण देखेको छैन, तर पनि डर लागिरहेको छ । के म विनाकन्डम यौनसम्पर्क राख्न सक्छु । यस्तो अवस्थामा मलाई एच.आई.भी. लाग्ने सम्भावना कत्तिको हुन्छ ? हाल विवाहिता महिलासँग एकपटक सम्पर्क भएपछि पुनः सम्पर्क राख्न सक्दिनँ, किनकि मेरो लिंग चार-पाँच घण्टापछि मात्र उत्तेजित हुन्छ, जसका कारण म कसैलाई सन्तुष्टि दिन सक्दिनँ । वीर्य पनि छिटो (एक-दुई मिनेटमै) स्खलन हुन्छ । लिंगलाई छिटोभन्दा छिटो कसरी उत्तेजित तुल्याउन सकिन्छ ?**

**-एबीसी**

**उत्तर** : शिक्षित हुनुका साथै यौनरोग तथा एच.आई.भी. का बारेमा राम्रो ज्ञान भएको कुरा लेख्नुभएकाले खुसी छौं, तर विगत ५ वर्षदेखि यौनसम्पर्क राख्दै आउनुभएको र हाल २२ वर्षको मात्र हुनहुन्छ भने तपाईंले १७ वर्षको कलिलो उमेरमै नियमित रूपमा यौनसम्पर्क राख्न थाल्नुभएको देखिन्छ । ती विवाहित महिलासँग कसरी सम्बन्ध विकसित भयो वा कस्तो सम्बन्ध रह्यो भन्ने विषयमा खासै केही लेख्नुभएको छैन । यहाँ सम्बन्ध प्रणयमय थियो कि थिएन र सम्बन्धको उद्देश्य के थियो स्पष्ट छैन । तपाईंको त्यो सम्बन्ध यौनेच्छा शान्त पार्ने मात्र हो कि केही फरक ?

**के लक्षण देखिनै पर्छ ?**

तपाईंलाई एच.आई.भी. तथा यौनरोगका बारेमा थाहा भएकाले यहाँ धेरै भनिरहनुपर्दैन, तर पनि केही कुरा बुझ्नु आवश्यक छ । एच.आई.भी. संक्रमण हुँदैमा शरीरमा कुनै लक्षण देखिनै पर्छ भन्ने छैन । शरीरमा एच.आई.भी भए पनि व्यक्ति वर्षौंसम्म एकदमै स्वस्थ रूपमा कुनै लक्षणरहित अवस्थामा जीवनयापन गर्न सक्छ । त्यसै गरी कतिपय यौनरोगको पनि लक्षण नदेखिएको अवस्था हुनसक्छ । त्यसैले यहाँ लक्षणका आधारमा नै आफूलाई यस्तो रोग छ-छैन, निर्क्यौल गर्न सकिने अवस्था छैन । कतिपय स्थितिमा परिक्षण नै गराउनुपर्ने हुन्छ । एच.आई.भी. संक्रमणका लागि भने यसको प्रतिजैविकी रगतमा छ कि छैन भनेर रगत परीक्षण गराउनुपर्ने हुन्छ । तपाईंले रगत परीक्षणको कुरा त गर्नुभयो तर त्यो तपाईंको रगत कुन रक्त समूहको हो भन्ने कुरा पत्ता लगाउन गरिएको बुझिन्छ, एच.आई.भी वा अन्य यौन रोगका लागि होइन कि ?

**जोखिम कति होला ?**

यौनसम्पर्कको माध्यमबाट एच.आई.भी. सर्नलाई तपाईंको यौनसम्पर्क एच.आई.भी. भएको व्यक्तिसँग हुनुपर्‍यो । तपाईंको कतिपय महिलासँग सम्पर्क भएको देखिन्छ र कन्डमको प्रयोग पनि नियमित रूपमा भएको देखिँदैन । जति धेरै व्यक्तिसँग असुरक्षित यौनसम्पर्क राखिन्छ त्यति नै मात्रामा एच.आई.भी. सर्ने जोखिम बढी हुन्छ ।

तपाईंकी केटी साथी र श्रीमतीसँग यौनसम्पर्क राख्दा कसैमा एच.आई.भी. वा यौनरोग छ भने सर्न सक्ने भयो, तर यहाँ तपाईंका यौनसाथीहरू र उहाँका पनि साथीहरूका बारेमा यसै भन्न सकिने स्थिति छैन । यहाँ अर्को कुरा पनि निकै महत्त्वपूर्ण छ । तपाईंको यौनसम्बन्ध विवाहेत्तर हुनु र तपाईं तुलनात्मक रूपमा सजिलै कसैसँग पनि यौनसम्पर्क राख्नुले समस्याको बृहत्तर पक्षलाई उघारेको छ ।

**एक यौनसम्पर्कपछि तुरुन्तै अर्को यौनसम्पर्क किन गर्न नसकेको ?**

महिलाहरूले एउटै यौनसम्पर्कबाट एक वा सोभन्दा बढी पनि यौन चरमसुख प्राप्त गर्न सक्छन्, तर पुरुषको हकमा त्यस्तो हुँदैन । चरमसुखपछि पुरुष तथा महिला दुवै सामान्य अवस्थामा फर्कने प्रक्रियामा जान्छन्, तर यसमा आधारभूत भिन्नता हुन्छ । चरमसुख पाइसकेपछि सामान्य अवस्थामा फर्कन लागेका महिलाहरूलाई पुनः उत्तेजित गराई चरमसुखको स्थितिमा लान सकिन्छ, तर पुरुषलाई भने सकिँदैन, किनकि पुरुषहरू Refractory Period मा जान्छन् ।

यस अवधिमा पुरुषलाई जति नै तीव्र किसिमको यौन उत्तेजना दिए पनि उत्तेजित गराउन सकिँदैन । व्यक्तिअनुसार तथा एक व्यक्तिमा पनि विभिन्न समयमा यो अवधि फरक-फरक हुन सक्छ । जुन केही मिनेटदेखि कैयौं घण्टासम्मको हुन सक्छ । तपाईंले तुरुन्तै दोस्रो पटक यौनसम्पर्क गर्न नसकेको यही कारण हुन सक्छ । तपाईंले यसअवधिपछि यौन क्रियाकलाप सुरु गर्नुभए पनि हुन्छ । अर्को कुरा, आफूलाई नभै साथीको यौन चरमसुखको प्राप्तिप्रति समर्पित यौन क्रियाकलाप त तपाईंले जहिले पनि गर्न सक्नुहुन्छ । यो स्तम्भ नियमित पढिरहनुभएको भए पक्कै शीघ्रपतनका बारेमा पनि जानकारी पाइसक्नुभएकै होला ।

आकर्षक स्तन सुन्दर मुहार
No Side effect, 100% Guarantee
यौन
लिङ्गको लम्बाई तथा मोटाई बढाई
शीघ्र स्खलन, उत्तेजना नहुने समस्या
शरीरको तौल
तीन महिनामै १२ Kg तौल घटाउन तथा बढाउन
स्तन
स्तनको आकार बढाउने/घटाउने
✔ शरीरको उचाइ बढाउने
✔ अनुहारको चायाँ, पोतो, डण्डीफोर, दाग चाउरीपना हटाउने
✔ कपाल झर्न रोकी पुनः उमार्ने तेल
फ्रि डेलिभरी
पूर्ण आयुर्वेदिक औषधी
काठमाण्डौं उपत्यकाको लागि : 5550043
चितवन, पोखरा, बुटवल को लागि : 9806803082

त्रिभिया तालिम केन्द्र
# 9851061131 # 016204851
S.L.C. दिएर बसेका विद्यार्थीको लागि 50 % छुटमा विभिन्न किसिमको तालिम दिईन्छ ।
# ब्यूटिसियन # सिलाई कटाई # फेशन डिजाईन # इन्टेरियर डिजाईन # नृत्य # एरोबिक सिकाइन्छ ।
साथै विभिन्न किसिमको पेन्टिङ्ग नि:शुल्क सिकाईन्छ
कुमारीपाटी, क्याम्पियन कलेज अगाडी
(बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म)


PRIVATE
TEST/S.L.C.
2065 को लागि भर्ना खुल्यो
साथै Computer language का कक्षाहरु पनि सञ्चालन भइरहेछन् ।
हार्वर्ड एकेडेमी
कोटेश्वर 4601434 2050153

होटल तालिम
यो मौका सिमित अवधिको लागि मात्र ।
▶ कुक १ ½ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
अमेरिका, जापान, युरोप जानेहरूको लागि स्पेशल कोर्स रू. 3000/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित ।
२.तालिमपछि दुबई,बहराईन,कतार पठाउने
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
Ph:016212336,9841812055

सुखी विवाहित जीवनको लागि
सेवाको १४ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

उद्घोषण
Rs. 1000/- Discount
Public Speaking
Personality Development
Confidence Development
Speech Art
Anchoring (RJ/VJ/Stage)
Leadership Development
Career Counselling
Media Training
Instructors:Top media Personalities from Nepal & India
Bagbazar, Ktm. (opp. Petrol Pump) 014233042
Pokhara Palikhe Chowk 061-530569
Banepa Chardobato 011-240252
Ithari Traffic Chowk 025-586856
No. 1 Media Station
The Media's Collection
Job Guarantee

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : कपाल, सुगा, औंला, झ्याल, किताब, मुख, लुगाको बुट्टा, बादल, चरा, सुगाको पुच्छर ।

## अमेरिकीहरूको पुर्ख्यौली

आदिवासी अमेरिकीहरू एसियाबाट आप्रवासी बनेर आएको भनी यसअघि निकालिएको निष्कर्ष अमेरिकामा हालै आदिवासीहरूको अणुवंशिक अध्ययनले गलत साबित गरेको छ। पछिल्लो पटक गरिएको अध्ययनले आदिवासी अमेरिकीहरू साइबेरियाबाट अलास्का हुँदै अमेरिका प्रवेश गरेको निष्कर्ष निकालेको छ। अमेरिकाको मिचिगन विश्वविद्यालयले गरेको अध्ययनले उक्त निष्कर्ष निकालेको हो ।



## जन्मदिनको शुभकामना





युग ओझा
२०६४ वैशाख २८



सगुन अधिकारी
२०५८ वैशाख २९



अनिश चौधरी
२०६१ वैशाख ३१



अनन्य पाण्डे
२०६२ जेठ २



आर्या श्रेष्ठ
२०६२ जेठ २



ओसिन थापा
२०६० वैशाख ३१



अभिषेक कोइराला
२०६३ जेठ १




आयुषा भण्डारी
२०६२ वैशाख २७




मार्बिन श्रेष्ठ
२०५८ वैशाख २८



आर्यमन महर्जन
२०६३ वैशाख २७



## वृद्धवृद्धाको साथी



पाका बाबुआमाको हेरचाह गर्न जापानी युवायुवतीले पर्याप्त समय दिन सकिरहेका छैनन्। त्यसैले त्यहाँ यन्त्रमानव (रोबोट) वृद्धवृद्धाका लागि आशाको केन्द्र बनेको छ। अहिले जापानी वृद्धवृद्धाहरू आफूलाई सहयोग गर्ने र उनीहरूलाई उठबस गर्न मद्दत पुऱ्याउने 'पावर सुट' नामक पोसाकप्रति आकर्षित भएका छन्। पावर सुटप्रति जापानी वृद्धवृद्धाको आकर्षण रहे पनि यो छिटोछरितो भने छैन।

उक्त सुट लगाएपछि मानिस रोबोटजस्तै देखिन्छ। यसले वृद्धवृद्धालाई करिब १ सय किलोग्रामसम्मको भार उठाउन मद्दत गर्छ। आफ्नो तौल ५० किलोग्राम हुने रोबोटले ठीक त्यति नै भार उठाउन सक्छन्।

अहिले पावर सुट बनाइरहेको कानागावा इन्स्टिच्युट अफ टेक्नोलोजीले अस्पताल र नर्सिङ होमको मागका आधारमा यस्तो पोसाक बनाइरहेको छ।

## संघर्ष र सफलता


### पल क्रुट्जेन



पल क्रुट्जेनले सन् १९९५ मा रसायनशास्त्रतर्फको नोवेल पुरस्कार पाएका थिए। उनले अन्य दुई जनासहित उक्त पुरस्कार पाएका थिए। पलले त्योभन्दा अघिदेखि नै पृथ्वीमा भएका प्रदूषणका कारण ओजोन तहमा हुने खराबीका बारेमा सचेत गराएका थिए। खासगरी अन्टार्कटिकामाथिको ओजोन तहमा प्वाल परिरहेको कुरातर्फ सचेत गराउन उनको महत्त्वपूर्ण भूमिका छ। अहिले त्यहाँ ओजोन तहमा प्वाल पर्ने प्रक्रियामा कमी आएको छ। यसको श्रेय उनलाई पनि जान्छ।

उनको योगदान यतिमै सीमित छैन। उनले विश्वव्यापी ऊष्णता, अम्ल वर्षा, आणविक युद्ध तथा आकाशीय यानहरूका कारण वायुमण्डलमा हुने प्रदूषणका बारेमा समेत जनचेतना फैलाउन धेरै योगदान गरेका छन्। उनी अमेरिकी भए पनि अमेरिकी सरकारले विश्वव्यापी ऊष्णतालाई कम गर्न नसकेको भनेर आलोचना गर्छन्। यसका लागि उनले धेरै कार्य गर्नका लागि सरकारसँग समेत प्रस्ताव गरेका छन्। जे भए पनि क्रुट्जेनको सबैभन्दा ठूलो सफलता ओजोन तहमा हुने क्षति कम गर्नु नै हो।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - १७



प्रतियोगीको नाम :

ठेगाना :

| ठाडो | तेर्सो |
|---|---|
| १ संघर्ष र सफलता (३,३) | १ डा. अञ्जना केसीका पिता (३,२,२,२) |
| २ चलचित्र तस्बिरका नायक (३,४) | २ मध्यपृष्ठमा (२,३) |
| ३ हास्य कलाकार (३,२,२) | ३ चलचित्र तेजावका निर्देशक (३,४) |
| ४ नेपाल वानबाट प्रसारण (२,२,२) | ४ एवार्ड हराउने नायक (३,३) |
| ५ संयुक्त चित्रकला प्रदर्शनीमा (३,२) | ५ हिन्दी चलचित्रका नायक (३,२) |
| ६ सेभ म्युजिक मेलाका गायक (२,२) | ६ कति कमजोर रहेछ भाग्य गायक (२,२) |
| ७ एक राशि (३) | ७ पर्यटकहरूको रोजाइ (३) |
| ८ लभगुरु (२) | ८ मै ठूली भैछु रे (२) |


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. ९ को विजेता

**सर्वजित शाह, विदुर, नुवाकोट**

### तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?



लुकेका सामानहरू : मेवा, केरा, गाजर, स्याउ, आँप, अनार ।

## जन्मदिनको शुभकामना

**कुपन**

नाम :................................................

जन्म मिति :................................................

स्कुल :................................................

ठेगाना :................................................

**तस्बिर अनिवार्य**


तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## बिरालोसँग नडराउने मुसा



डर वा त्रास भन्ने कुरा गन्ध बाट पैदा हुने दाबी जापानका एक वैज्ञानिकले गरेका छन्। गन्ध सुँघ्ने मस्तिष्कमा रहेको एक तन्तु हटाए मुसोसमेत बिरालोसँग नडराउने उनको दाबी छ। उनले मुसाको मस्तिष्कमा रहेको एक तन्तु एउटा प्रयोगशालामा शल्यक्रियामार्फत हटाएपछि त्यस्तो दाबी गरेका हुन्। उनले सुँघ्ने तन्तु हटाएपछि मुसा बिरालोसँग अति नै नजिक भएको, बिरालोसँग खेल्ने, 'किस' गर्ने कामसमेत गरेको तस्बिर सार्वजनिक गरेका छन्। सुँघ्ने शक्ति हटाइएको मुसा बिरालो देख्दा रमाइलो मान्ने गरेको दाबीसमेत उनले गरेका छन्। विशेषज्ञहरूले जनावरहरूको डर-त्रास सुँघ्ने कुरामा आधारित हुनसक्ने अनुमान गरे पनि यो कुरा पहिलो पटक प्रमाणित भएको हो।

## बाटो पत्ता लगाऊ ?



# मज्जा मसाजको



पोखरा- थकित हुनुभएको छ, आलश्यता बढेको छ, जीउ दुखेको छ भने धन्दा मान्नुपर्दैन । सीधै मसाज सेन्टर गएर मसाज गर्नुभयो भने यो सबै समस्याको निदान हुन्छ । मसाज अहिले हरेकका लागि आवश्यक स्वास्थ्य उपचार बनिसकेको छ । हरेकजसो सौखिन हिजोआज मसाज सस्कृतितर्फ लोभिएका छन् । अमेरिकी नागरिक ५० वर्षीया सुसनालाई पोखरा आएपछि मसाज गर्न नपाइने चिन्ताले छोपेको थियो, तर आफनो मुलुकमा जस्तै मसाजको सुविधा लेकसाइडमा पाएपछि उनी मख्ख परिन् । उनले नियमित मसाज गर्न थालेको दुई दशकभन्दा बढी भैसकेको छ । त्यही भएर उनमा बुढ्यौलीको झझल्को देखिँदैन ।

सुसना तन्दुरुस्तीसँगै अल्लारे देखिन्छिन् । लामो पोखरा बसाइका क्रममा नियमित मसाज गरेर केही समयअघि थाइल्यान्ड पुगेकी सुसनाले इमेलमा मसाजको अनुभव साट्दै भनिन्- 'शारीरिक तन्दुरुस्तीका लागि मसाज आवश्यक छ ।' उनी जस्तै धेरै विदेशी पर्यटकको चाहना परिपूर्ति गर्न फेवा नगरीमा दुई दर्जनभन्दा बढी मसाज सेन्टर तम्तयार छन् । जुन मसाज सेन्टर अधिकांश पर्यटकीय केन्द्र लेकसाइडमा केन्द्रित छन्, तर नेपाली जनमानसमा अझै पनि मसाज सेन्टर पुगेर मसाज गर्नुपर्छ भन्ने मानसिकताको विकास भने भैसकेको छैन । यसो हुनुमा चेतनाको कमी नै हो । राजधानीका केही मसाज सेन्टरमा यौनजन्य क्रियाकलापहरू देखिएपछि कतिपयले मसाज सेन्टरलाई नकारात्मक रूपमा पनि लिएका छन् ।

'यही विकृत सोच लिएर हामीकहाँ पनि आउँछन्,' लेकसाइडस्थित द नेचर थेरापी एन्ड ब्युटी होम मसाज सेन्टरका राजु उप्रेतीले भने- 'तर हामीले त्यस्तो विकृति फैलिन दिएका छैनौं ।' मसाजसम्बन्धी राम्रो ज्ञान भएका उप्रेतीले मसाज गराउने मात्र होइन, विदेशीहरूलाई यससम्बन्धी तालिमसमेत दिइरहेका छन् । नेपाली मानसिकतामा मसाज अझै भिजिसकेको छैन, उनी भन्दै थिए- 'यही भएर पनि मसाजलाई नकारात्मक सोचिएको हो ।' मसाजप्रति जनमानसमा सकारात्मक सन्देश प्रवाह गर्न यहाँका मसाज व्यवसायीहरू एकजुट भएका छन् । उनीहरूले मसाज एसोसिएसन नेपाल कास्की गठन गरेका छन् ।


तीन वर्षयता नियमित सञ्चालन भैरहेका पोखराका मसाज सेन्टरहरूमा अहिलेसम्म नकारात्मक क्रियाकलापहरू भएको पाइएको छैन । त्यसो त यहाँ खुलेका अधिकांश मसाज सेन्टर पदयात्रामा निस्कने पर्यटकहरूलाई केन्द्रित गरेर खोलिएका छन् । स्वदेशीहरूले मसाज गराए पनि त्यो संख्या नगण्य छ । लामो तथा छोटो दूरीको पदयात्रामा निस्कने अधिकांश पर्यटक यहाँ मसाजतर्फ निकै आकर्षित देखिन्छन् । पर्यटकहरू पदयात्रामा निस्कनुअघि र पदयात्रा पूरा गरेर आएपछि मसाज गर्न उद्यत् हुने यहाँका मसाज सेन्टरका सञ्चालकहरू बताउँछन् । पदयात्राबाट फर्किएपछि तीव्र थकानको महसुस हुन्छ । यसरी थकान महसुस भएपछि गरिने मसाजलाई 'ट्रिटमेन्ट मसाज' भनिन्छ । थकान महसुस नभए पनि गरिने मसाज 'रिलेक्सन मसाज' हो । यस किसिमको मसाज जोसुकैले गर्न सक्छन् ।

अहिले सिजनसँगै बढेको पर्यटक संख्याले यहाँका मसाज सेन्टरहरू भरिभराउन हुने गरेका छन् । पर्यटकहरूको चापले मसाज सञ्चालकहरूलाई भ्याई-नभ्याई छ । मसाजको फाइदा बुझेका स्वदेशीहरू पनि स्वस्थ शरीरका लागि मसाज सेन्टर धाउँछन् । मसाज सेन्टरमा भेटिएकी एक महिला भन्दै थिइन्- 'बुढ्यौलीपन कम गर्न यहाँ आएकी हुँ ।' उनले भनेझैं मसाज गर्नाले बुढ्यौलीपन कम गराई तन्दुरुस्त बनाउने त छँदै छ नै, मसाजबाट रक्तसञ्चार प्रक्रिया, श्वासप्रश्वास तथा पाचनप्रणालीको प्रक्रियालाई पनि फाइदा पुऱ्याउँछ । मसाजले मानसिक रूपमा पनिस्फूर्ति बढाउँछ । एक वर्षदेखि मसाज व्यवसाय अँगालेकी सरिता घिमिरेले भनिन्- 'विदेशी महिलाहरूले मसाज निकै मन पराएका छन् ।' उनीहरूमा अधिकांशले बडी मसाज मन पराएको उनले जानकारी दिइन् । त्यसो त यहाँका मसाज सेन्टरहरूमा मसाज गर्न आउनेमा विदेशी युवतीहरूको संख्या बढी छ । नेपाली युवायुवतीहरूको संख्या भने न्यून रहेको घिमिरेले जानकारी दिइन् ।

स्वास्थ्य शरीरका लागि त भयो नै, आनन्द र फुर्तिलो शरीरका लागि पनि मसाज उत्तिकै आवश्यक छ । राजधानीमा जस्तो मसाज कल्चरको विकास यहाँ हुन नसके पनि विस्तारै यसतर्फ चासो भने देखिएको छ, नेचुरल हेल्थ होम मसाज सेन्टरका केबी लामा भन्छन्- केही वर्षयता पोखरा पुगेर मसाज गर्नुपर्छ भन्ने धारणा विकसित भएको छ । यही भएर पनि यहाँ व्यावसायिक रूपमा अग्रसर तर मसाजको नाममा विकृति भित्र्याउनेहरूप्रति खबरदारी गर्नुपर्ने उनले बताए । थाई, जापनिज र हर्बल मसाज धेरैले मन पराउने गरेका छन्, -लामाले बताए ।

त्यसो त ब्युटीपार्लरहरूमा पनि मसाजको सुविधा उपलब्ध छ, तर पार्लरमा गरिने छोटो समयावधिको मसाज केवल रिफ्रेसका लागि गरिएको पाइन्छ । यसरी गरिने मसाज न्यूनतम १० देखि १२ मिनेट मात्र हुन्छ, तर मसाज सेन्टरहरूमा आधादेखि एक घण्टाभन्दा बढी समय मसाज गराइएको पाइन्छ । सामान्यतया: मसाज गरेको न्यूनतम ५ सयदेखि १ हजार रुपैयाँसम्म तिर्नुपर्छ । मसाजप्रेमीहरू मूल्यसँग भन्दा स्वास्थ्य र आनन्दसँग सम्झौता गर्छन् ।

# प्रेम : अन्तरंगता र दाम्पत्य जीवन



**रोजिन शाक्य**

प्रेम, तनमनको सामीप्यता एवं तृप्त यौन जीवनबाट नै यो विशाल सृष्टिको रचना सम्भव भएको छ । यौन सुख सृष्टिका प्राणीहरूको मूलभूत आवश्यकता त हो नै साथै यही सामीप्यता सिर्जना एवं सृष्टिको पर्याय पनि । नवदम्पतीले के बुझ्नु आवश्यक छ भने सेक्स शारीरिकक्रिया मात्र होइन, यो शरीरको मधुर मौन भाषा हो जसले स्पष्ट शब्दमा यो भन्छ - 'म तिमीप्रति समर्पित छु । म समग्रमा तिम्रै एक अंग हुँ ।' प्रेम विवाह होस् वा परम्परागत, यो बन्धनमा बाँधिएपछि एक-अर्काको सामीप्यमा आउने चाहना तीव्र हुन थाल्छ । यो सम्बन्धप्रति धर्म, समाज, परिजन, एवं रीतिरिवाजको स्वीकृति प्राप्त हुने भएकाले निश्चिन्त भएर पति-पत्नी आफ्ना शारीरिक एवं मानसिक आवश्यकता तथा भावना तृप्तिको उत्सव मनाउन व्याकुल रहन्छन्, तयार हुन्छन् ।


समीप आउने, यौखसुख प्राप्त गर्ने व्यक्तिका लागि यो सम्पूर्णता हो । यौनसुख एक सत्य एवं साश्वत माग हो । जीवनको खालीपन, बैचेनी, अधुरोपन आदिलाई यौन सम्बन्धले मेटाउने, पूरा गर्ने काम गर्छ । यौन सम्बन्धले पुरुलालाई आफ्नो पुरुषत्व अर्थात् आफ्नो सक्षमतामाथि विश्वास जगाउन मद्दत गर्छ भने नारीलाई उसको नारीत्वप्रति ।

यौनलाई लिएर चाहे जतिसुकै आलोचना किन नहोस् अनभिज्ञ पुरुष तथा महिलाले यस विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ । विवाहपूर्व युवायुवतीले यौनसम्बन्धी पुस्तक, लेखरचना, पढ्नु, सहज एव विशेष उपायहरू थाहा पाउनु र भ्रमको स्थितिबाट बाहिर निस्कनु जरुरी छ । विवाहपश्चात् प्रेमपूर्ण वार्तालाप, कोमल स्पर्श, एक-अर्काको रुचि-अरुचि आदिका बारेमा चर्चा गरे एक-अर्कालाई बुझ्न र नजिक ल्याउन सहयोग पुग्छ । जब आपसी दूरी घट्दै जान्छ तब समर्पणको आनन्द अझ बढ्छ । यसका अतिरिक्त प्रेम एवं संवेदनशीलतामाथि आधारित यौन सम्बन्ध नै स्थायी र मधुर हुने भएकाले यस विषयमा सजग रहनु आवश्यक छ । किनकी यसैको मिठास जीवनको अन्तिम क्षणसम्म पनि अनुभव भैरहन्छ ।

यौनका बारेमा सुमधुरता, स्थायित्व, सहजता, सुगमताको चाहनाका साथै सन्तुष्टिको आवश्यकता सदैव रहन्छ । यसका लागि एकसाथ सुत्नु मात्र सबथोक होइन एक समान सोच राख्नु सबैभन्दा महत्त्वपूर्ण हुन्छ । म भन्ने भावना त्यागरेर हामी भन्ने भावमा समाहित हुनु जरुरी हुन्छ । जीवनमा प्रेम भएन भने त्यसको सन्तुलन बिग्रन पुग्छ र यदि प्रेममा धनिष्ठ यौन सम्बन्ध वा रोमाञ्चक सहवास भएन भने त्यो प्रेम काँडाले भरिएको विरुवासरह हुन पुगछ । यसलाई बेवास्ता गर्नु भनेको आफ्नो अस्तित्वलाई नकार्नु सरह हो ।



# पुरुषलाई पनि चाहिन्छ सौन्दर्य हेरचाह



अहिले पुरुषहरू पनि आफ्नो छालामा ध्यान दिन थालेका छन् । कस्मेटिक बजारका जानकारहरूका अनुसार पुरुषको श्रृंगार बजार निरन्तर बढ्दो छ । सानेपास्थित विनाज हेयर एन्ड ब्युटी क्लिनिकका अनुसार सामान्यत: पुरुषहरू क्लिंजर, फेस बडी स्क्रबर, टोनर, मोस्चराइजर, नरिसिङ क्रिम, सनक्रिम, आफ्टर सेव क्रिम तथा लोसन, हेयर क्रिम एवं हेयर जेल प्रयोग गर्छन् ।

राजधानीदेखि मोफसलका सहरहरूसम्म मेन्स पार्लर खुलेका छन्, यस्ता पार्लरमा पुरुषहरू फेसियल, नेल फायलिङ, हेयर कलरिङ, मेहेन्दी, मसाज र स्पा गर्न जान्छन् । मेन्स पार्लरमा जानेहरूमा हरेक उमेर समूहका मानिस सामेल छन् । पुरुषहरू ब्युटिसियनहरूकहाँ पुगेर स्टारहरूको कपी गर्दै चेस्ट वेक्सिङ गर्न थालेका छन् । विना वैद्यका अनुसार ब्लिच र सेविङ एकसाथ गर्नुहुँदैन । यसबाहेक डन्डीफोर, पिगमेन्टेसन र अनुहारका दागहरू मेटाउन मेन्स पार्लर धाउने पुरुषको संख्या उल्लेखनीय छ ।

**सौन्दर्य हेरचाह**

निल डेबिड हेयर एन्ड ब्युटी सेलुनका अनुसार आजका पुरुषहरू १ देखि २ घन्टा आफ्नो सौन्दर्य हेरचाहमा खर्च गर्दैछन् । यसबाट के पुष्टि हुन्छ भने सुन्दरतामा केवल महिलाको मात्र हक रहेन । आज क्यारियरको हरेक क्षेत्रमा स्मार्ट मानिसको आवश्यकता छ । त्यसैले पुरुषहरू धेरैभन्दा धेरै आफ्नो सौन्दर्यको हेरचाह गर्छन् । छालाको हेरचाह नारी-पुरुष दुवैलाई आवश्यक छ । पुरुषको सौन्दर्य प्रसाधन त्यहीं हुन्छ जुन महिलाहरूको हुन्छ । पुरुषहरूको छालामा प्रयोग हुने क्रिम अलि स्ट्रङ हुन्छ ।

पुरुष सौन्दर्य प्रसाधन २० रुपैयाँदेखि ४ सय रुपैयाँसम्ममा पाइन्छन् । यसका अतिरिक्त मास्कको मूल्य धेरै हुन सक्छ । गोरो बनाउने फेयरनेस क्रिम पहिले महिलाहरूको रोजाइ मात्र हुन्थ्यो । अब पुरुषहरू पनि गोरो बन्ने होडमा फेयरनेस क्रिम प्रयोग गर्न थालेका छन् । घामबाट छालालाई बचाउन सन क्रिमको प्रयोग पुरुषहरूले पनि गर्न लागेका छन् । उनीहरू चाउरी रोक्ने क्रिम लगाउँछन् । बजारका जानकार बताउँछन्- केश र छालाको हेरचाहमा पुरुषहरू महिलाभन्दा धेरै पैसा एवं समय खर्चिन थालेका छन् । पुरुषहरूमा छालाको हेरचाह गर्ने जागरूकता आएको छ । कम उमेरमै छालाको हेरचाह सुरु गरे छालालाई कम हानि पुग्छ ।

**सुन्दर देखिने उपाय**


- छालाको हेरचाहसँगै अनुहार, गर्धन वा कम उमेर देखाउने कैयौं उपचार छन् । यस्तो उपचार विज्ञ चिकित्सकले नै गर्छन् ।
- बोटोक्स इन्जेक्सनमार्फत् चाउरी ल्याउने मांसपेशीलाई प्रभावहीन गर्न सकिन्छ । यसको असर ३-४ महिनासम्म रहन्छ ।
- नाक र ओठको आसपास खाल्टाखुल्टी ठीक गर्न फिलर प्रयोग गर्न सकिन्छ ।
- फेसलिफ्टमार्फत् छालालाई कम उमेरको देखाइन्छ । जसबाट उमेर ५ वर्षसम्म कम देखिन्छ ।
- घामले डढेको दाग कम गर्न फोटो फेसियल गरिन्छ ।
- अनुहारमा चमकका लागि माइक्रोडर्माब्रेज उपयोग गर्न सकिन्छ । यो अहिले कम प्रचलनमा छ ।

**टिप्स फर म्यान स्किन**

- घाममा धेरै बस्ने मानिसले १५ दिनमा एकपटक मेन्स पार्लर गएर डेड स्किन रिमुभर क्रिम प्रयोग गर्नुपर्छ ।
- घामले छाला बिग्रिएको छ भने अक्सिब्लिज एवं फेसियल गर्नुपर्छ ।
- फेसियल महिनामा एकपटक गर्नुपर्छ । धेरैपटक फेसियल गर्नाले छालामा नकारात्मक असर पर्न सक्छ ।
- छालामा धेरै डन्डीफोर भए गोल्ड वा चकलेट फेसियल, भिटामिन ईको तेल वा क्याप्सुल प्रयोग गर्नुपर्छ । राति सुत्दा एलोभेरा क्रिम वा भिटामिन ई प्रयोग गर्नुपर्छ ।
- छालामा चमक ल्याउन पानी निकै पिउनुपर्छ ।
- तैलीय स्क्रिनमा ओयल कन्ट्रोल फ्रेसवास प्रयोग गर्नुपर्छ ।
- डन्डीफोर हुँदा कालो मरिच महसँग मिसाएर लगाउँदा आराम मिल्छ ।
- आँखामुनिको डार्क सर्कल हटाउन आलुको रस कपासमा हालेर लगाए लाभ मिल्छ ।
- अनावश्यक रौं हटाउन वेक्सिङ गर्नुपर्छ । सेविङ गर्नाले छाला बिग्रिन्छ ।
- खास अवसरहरूमा गोल्ड वा पर्ल फेसियल गराउनु राम्रो हुन्छ ।
- दाग हटाउन बेसनलाई मौसमी जुससँग मिसाएर लगाउनुपर्छ ।
- डन्डीफोर धेरै हुँदा कागती र मुल्तानी माटो मिसाएर लगाउँदा आराम मिल्छ ।
- कडा छाला छ भने सेव गर्नुभन्दा पहिले कागतीको रस अनि त्यसपछि सेविङ जेल लगाउनुपर्छ ।

– संगीता कटुवाल

# ग्रुप अफ डेथ मानिएको समूह



युरो २००८ को समूह 'सी' लाई ग्रुप अफ डेथको संज्ञा दिइएको छ। यो समूहमा रहेका तीन राष्ट्र नेदरल्यान्ड, इटाली र फ्रान्सले युरोकप फुटबल प्रतियोगिताको उपाधिमा कब्जा जमाइसकेका छन् भने रोमानियाले मात्र उपाधि हात पार्न सकेको छैन। लिगका आधारमा हुने यो समूहको प्रतिस्पर्धा अन्य समूहको प्रतिस्पर्धाभन्दा रोमाञ्चक हुने देखिन्छ।

युरो २००८ को समूह 'सी' मा रहेको रोमानिया छनौट चरणमा आफ्नो समूहमा शीर्ष स्थान हासिल गरेर फाइनल चरणमा प्रवेश गरेको हो। विश्वकप फुटबलमा क्वाटरफाइनलसम्मको यात्रा तय गरेको रोमानियाले युरो फुटबलमा पनि त्यहींसम्मको यात्रा गरेको छ। सन् १९८४ मा पहिलो पटक छनौट भएको रोमानिया पहिलो चरणबाटै घर फर्किएको थियो। त्यसपछि रोमानियाले सन् १९९२ सम्म फाइनल चरणमा पुग्न सकेन भने सन् १९९६ मा छनौट हुँदा पहिलो चरणबाटै घर फर्किएको थियो। सन् २००० को युरो फुटबलमा भने रोमानिया क्वाटर फाइनलसम्म पुग्यो। सन् २००४ को युरो फुटबलमा उसले आफूलाई फाइनल चरणमा पुऱ्याउन सकेन।

युरो २००८ को छनौटमा रोमानियाले खेलेको १२ खेलमा ९ खेलमा सफलता हात पाऱ्यो भने दुई खेल (बुल्गेरिया, नेदरल्यान्ड) सँग बराबरी गऱ्यो। रोमानिया एक खेलमा भने बुल्गेरियासँग शून्यका विरुद्ध १ गोलले पराजित भएको थियो। फिफाको वरियताक्रममा १२ औं स्थानमा रहेको रोमानिया यसपटक क्रिस्टेन चिभुको नेतृत्वमा मैदानमा उत्रनेछ।

सन् १९८८ को युरो फुटबलको उपाधि हात पारेको नेदरल्यान्ड यसपटक युरो २००८ को समूह 'सी' मा परेको छ। युरो २००८ को छनौट चरणको समूह 'जी' मा परेको नेदरल्यान्ड आफ्नो समूहमा दोस्रो स्थान हासिल गरी छनौट भएको हो। छनौट चरणमा नेदरल्यान्डले आफूले खेलेका १२ खेलमा सफलता हात पारेको थियो भने बुल्गेरियासँग १-१ गोलको बराबरी र रोमानियासँग गोलरहित बराबरीमा खेल समाप्त गरेको थियो। यसैगरी अर्को खेलमा रोमानियासँग शून्यका विरुद्ध एक गोलले र बेलारूससँग एक गोलका विरुद्ध २ गोलले पराजित भएको थियो।

पहिलो पटक सन् १९७६ को युरोकपको फाइनलमा प्रवेश पाएको नेदरल्यान्डले उक्त प्रतियोगितामा तेस्रो स्थान हात पारेको थियो। त्यसपछिका प्रतियोगितामा खासै राम्रो प्रदर्शन गर्न नसकेको नेदरल्यान्डले सन् १९८८ को उपाधि हात पारेपछि भने युरोकपमा आफ्नो बलियो उपस्थिति देखाउन थालेको हो। सन् १९९२ मा सेमिफाइनल, १९९६ मा क्वाटर फाइनल र सन् २००० र २००४ मा सेमिफाइनलसम्मको यात्रा गरेको नेदरल्यान्डले यस पटक पनि आफूलाई बलियो प्रतिद्वन्द्वीका रूपमा प्रस्तुत गरेको छ।

फिफाको वरियताक्रममा १० औं स्थानमा रहेको नेदरल्यान्ड यसपटकको युरो २००८ मा १ सय २२ अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भैसकेका गोलकिपर एड्बिन भ्यानडेर सारको कप्तानीमा उत्रिनेछ।




तीन पटक विश्वकप फुटबल प्रतियोगिताको उपाधि उचालिसकेको इटाली पनि युरो २००८ को फाइनल चरणमा समूह 'सी' मा परेको छ। इटालीले एक पटक सन् १९६८ मा युरोकप जितेको छ। ५ पटक युरोकपमा छनौट हुन नसकेको इटालीले सन् १९८० मा चौथो स्थान हासिल गरेको थियो भने सन् १९८८ मा आफूलाई सेमिफाइनलसम्म पुऱ्याएको थियो। युरो फुटबलमा निकै उतारचढाव भोगेको इटाली सन् १९९२ मा फाइनलसम्म पुग्न सकेन भने सन् १९९६ मा पहिलो चरणबाटै बाहिरियो। इटालीले सन् २००० मा आफूलाई उपविजेता बनाए पनि सन् २००४ मा पुनः पहिलो चरणबाटै बाहिरिएको थियो। यसपटक छनौट चरणमा समूह 'बी' मा परेको इटालीले पहिलो स्थान हात पारेर युरो २००८ को टिकट पाएको हो। इटालीले आफ्नो समूहमा खेलेका १२ खेलमध्ये ९ खेलमा जित हात पारेर २ खेलमा लिथुवानियासँग १-१ गोल र फ्रान्ससँग गोलरहित बराबरीमा खेल समाप्त गरेको थियो भने फ्रान्ससँग १ गोलका विरुद्ध ३ गोलले पराजित भएको थियो।

फिफाको वरियताक्रममा तेस्रो स्थानमा रहेको इटाली युरो २००८ मा फाबियो कानाभराको कप्तानीमा उत्रनेछ।

आफ्नै देशमा सन् १९९८ को विश्वकप फुटबल प्रतियोगिता आयोजित गर्दा उपाधि हात पारेको फ्रान्सले त्यसको लगत्तै सन् २००० मा सम्पन्न युरोकपमा पनि आफ्नो प्रभुत्व जमाएको थियो। सन् १९८४ मा पहिलो पटक युरोकपको विजेता भएको फ्रान्सले पहिलो युरोकपमा आफूलाई सेमिफाइनलसम्म पुऱ्याएको थियो। त्यसपछिका पाँच संस्करणमा भने फ्रान्स छनौट हुन सकेन। पहिलो उपाधि जितेपछि सन् १९९६ को युरोकपको सेमिफाइनलमा पुगेको फ्रान्सले सन् २००४ मा आफूलाई क्वाटरफाइनलसम्म पुऱ्याएको थियो।

युरोकपको छनौटमा समूह 'बी' को उपविजेता भएको फ्रान्सले आफूले खेलेका १२ खेलमध्ये ८ खेलमा मात्र सफलता हात पारेको थियो भने बाँकी २ खेलमा इटालीसँग गोलरहित बराबरी र फ्रान्ससँग २-२ गोलको बराबरीमा खेल समाप्त भएको थियो। फ्रान्स स्कटल्यान्डसँग भएको होम एण्ड अवेको दुवै खेलमा क्रमशः शुन्यका विरुद्ध २ गोल र शून्यका विरुद्ध १ गोलले पराजित भएको थियो।

फिफाको वरियताक्रममा ७ औं स्थानमा रहेको फ्रान्सेली टिमको नेतृत्व प्याट्रिक भिएराले गर्नेछन्।

## तेस्रो युरोपीयन च्याम्पियनसिप

इटालीले सन् १९६८ मा तेस्रो युरोकप फुटबल प्रतियोगिता आयोजित गऱ्यो। जून ५ देखि १० तारिखसम्म भएको प्रतियोगिताको सेमिफाइनल, फाइनल र तेस्रो स्थानका खेलहरू मात्र इटालीमा सम्पन्न भए। यसअघि प्रतियोगिताको नाम युरोपीयन नेसन कप रहे पनि यो प्रतियोगितापछि युरोपीयन च्याम्पियनशिप नामकरण गरियो। प्रतियोगिताका केही नियम पनि परिवर्तन भए, यसअघिका प्रतियोगितामा रहेको होम एण्ड अवे र नक आउट चरणका खेल नियम हटाएर समूह विभाजन गरी प्रतियोगिता सञ्चालन गरियो।

समूहको प्रतियोगिता आयोजना गर्न यूइएफएलाई दुई वर्ष लाग्यो भने क्वाटरफाइनलदेखिका खेलहरू सन् १९६८ मा सम्पन्न भए। उक्त छनौटमा इङ्ल्यान्ड, आयोजक इटाली, तत्कालीन सोभियत संघ र युगोस्लाभियाले सेमिफाइनलमा स्थान सुरक्षित गरे।

नेपल्समा सम्पन्न पहिलो सेमिफाइनल इटाली र तत्कालीन सोभियत संघबीच भएको थियो। दुवै टिमबाट निर्धारित समयमा गोल हुन सकेन र थप गरिएको समयमा पनि दुवै पक्षबाट गोल नभएपछि रेफ्रीले टसका आधार इटालीलाई विजेता घोषणा गरे। फ्लोरेन्समा भएको अर्को सेमिफाइनलमा तत्कालीन युगोस्लाभियाका ड्रागेन ड्राजिकले ८७ औं मिनेटमा निर्णायक गोल गरेपछि इङ्ल्यान्ड पराजित भयो।



रोममा तेस्रो स्थानका लागि भएको खेलमा इङ्ल्यान्डले तत्कालीन सोभियत संघलाई शुन्यका विरुद्ध २ गोलले पराजित गऱ्यो। फाइनल हेर्न रोमको रंगशालामा ८५ हजार दर्शक भेला भएका थिए। उक्त खेलमा युगोस्लाभियाका ड्रागेन ड्राजिकले ३९ औं मिनेटमा गोल गरेर आफ्नो टिमलाई अग्रता दिलाए, तर इटालीका एन्जेलो डोमिन्हिगीले ८० औं मिनेटमा गोल गरेर बराबरी गरे। अतिरिक्त समयमा पनि दुवै पक्षबाट कुनै गोल नभएपछि स्वीजरल्यान्डका रेफ्री गोटफ्रिड डेन्स्टले खेल समाप्तिको घोषणा गरे।

जून १० तारिखमा रोमको सोही रंगशालामा पुनः खेलाइएको फाइनल खेलमा इटालीले पूर्वाद्धमै २ गोलको अग्रता लियो। इटालीका लुइगी रिभाले १२ औं मिनेटमा र पेट्रो अनास्तासीले ३१ औं मिनेटमा गोल गरेका थिए, जुन गोल निर्णायक रहँदै इटालीले पहिलो पटक युरोपीयन च्याम्पियनसिपको उपाधि हात पाऱ्यो।

## सशस्त्र प्रहरीको लनटेनिस तथा भलिबल कोर्ट

काठमाडौं– नेपाली खेलकुद क्षेत्रको विकासमा संगठनका तर्फबाट योगदान पुऱ्याउने अभिप्रायले सशस्त्र प्रहरी बल प्रधान कार्यालयको हाताभित्र अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको लनटेनिस कोर्ट तथा भलिबल कोर्ट निर्माण गरिएको छ। सशस्त्र प्रहरी बलले फुटबल, भलिबल, ब्याडमिन्टन, बक्सिङ, कराँते, तेक्वान्दो र एथलेटिक्सजस्ता खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गरी खेलकुदको विकासमा योगदान पुऱ्याउँदै आएको छ।

## विना राइफल सुटिङ प्रशिक्षण !

बाँके- नेपाल अधिराज्यभरि सुटिङका खेलाडी उत्पादनका लागि काठमाडौंलगायत धेरै जिल्लामा सुटिङ रेन्ज बनाइए, तर नेपालगन्ज सुटिङ रेन्जमा कसैले अभ्यास गरेको देखिँदैन। केही संख्यामा रहेका राइफल र पिस्तोल कामै नलाग्ने भएर थन्किएका छन् भने सुटिङ रेन्ज त नाम मात्र बनेको छ। 'हातहतियार नै काम नलाग्ने भएपछि कसरी प्रशिक्षण दिनु?'- प्रशिक्षक पार्वती थापाले भनिन्। सुटिङका लागि प्रशिक्षण लिन आउनेहरूलाई निराश भएर फर्कनुपर्ने अवस्था छ। 'उपत्यकाभित्र सुविधा सामग्री भएपछि बाहिर जिल्लामा के गर्न सकिन्छ, करिब एक वर्षदेखि प्रशिक्षण बन्द जस्तै छ,' -उनले थपिन्।

जिल्ला खेलकुदका अध्यक्ष राम थापा भने प्रशिक्षण बन्द भएको कुरा अस्वीकार गर्छन्। 'सुटिङ प्रशिक्षण बन्द छैन, बन्दुक मात्र पर्याप्त नभएको हो,' -उनले भने। हाल सुटिङ प्रशिक्षणका लागि नेपालगन्जमा जम्मा ६ थान बन्दुक छन्, जसमा चार थान नचल्ने अवस्थामा छन्। अध्यक्ष थापाका अनुसार सिक्न आउनेको संख्या भने आठदेखि दस जना छ। थापाले नयाँ हातहतियार र सुटिङ रेन्ज पुनर्निर्माणका लागि राष्ट्रिय खेलकुद परिषद्लाई जिल्लाबाट पत्राचार गरे पनि त्यस विषयमा कुनै प्रतिक्रिया नआएको गुनासो गरे। 'हामीले क्षेत्रीय कार्यालय र राखेपलाई पत्र पठायौं, तर अहिलेसम्म केही पहल भएको छैन,'- थापा भन्छन्– 'सुटिङ रेन्ज मर्मतकै लागि हामी धेरै प्रयास गर्नुपरेको छ, बजेट पठाइदैन।'

सुटिङ प्रशिक्षणकै लागि छुट्टै बजेट भने निर्धारण नगरिएको राखेपका उपाध्यक्ष सीताराम मास्केले बताए। उनका अनुसार चाहिने बजेट र हातहतियारका लागि जिल्ला संघले जिम्मा लिनुपर्छ। यद्यपि बाँकेमा सुटिङ जिल्ला संघ गठन गरिएको छैन, जसका कारण राष्ट्रिय संघले जिम्मा लिनुपर्ने हुन्छ। जिल्लाबाट पहल नभएको गुनासो आए पनि मास्केले तीन महिनाअघि नयाँ हात-हतियार आएको र राखेपले राष्ट्रिय संघलाई बुझाइसकेको जानकारी दिए।

**शिला पाण्डे**

## ब्याडमिन्टनको समिति

झापाका ब्याडमिन्टन खेलाडीहरूको बिर्तामोडमा सम्पन्न एक भेलाले ब्याडमिन्टन संघ पुनर्गठन गर्दै नयाँ समिति गठन गरेको छ। विनोद बस्नेत (बिर्तामोड) को अध्यक्षतामा गठित १३ सदस्यीय समितिको उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः चन्द्रकुमार राई (मेचीनगर), सञ्जय भक्तराज (बिर्तामोड), दीपेश ढकाल (भद्रपुर) र विशाल थापा (बिर्तामोड) छन्। त्यसैगरी, सदस्यहरूमा पर्वत थुलुङ (झिलझिले), नितेश बर्मा (भद्रपुर), दीपक पोखरेल (भद्रपुर), श्रीप्रसाद वनेम (दमक), अर्जुन सुब्बा (मेचीनगर) र श्रीप्रसाद धिमाल (मेचीनगर) छन्। त्यस्तै महिला सदस्यतर्फ दिलु सुब्बा (दमक) र मीना लिम्बू (दमक) छानिएका छन्।

भेलाले झापा खेलकुद विकास समितिका अध्यक्ष डिल्लीराम घिमिरे र वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष एलपी सावालाई केन्द्रीय प्रतिनिधि चयन गरेको छ।

**–पर्वत पोर्तेल**

बजारमा आउँदै छ




## मैदानबाहिर

### जोडीको किनमेल



कतिपय सर्वेक्षणले के देखाएको छ भने श्रीमान्-श्रीमतीबीच जति प्रगाढ यौनसम्बन्ध रहन्छ उनीहरूबीच मायाप्रेम पनि त्यत्तिकै गाढा हुँदै जान्छ। यो अनुसन्धानको बलियो उदाहरण डेभिड बेकह्याम र भिक्टोरिया हुन सक्छन्। डेभिड आफ्नी श्रीमतीलाई कसरी खुसी पार्ने भन्ने विषयमै बढी केन्द्रित हुने गरेका छन् भने भिक्टोरिया पनि डेभिडलाई कसरी खुसी पार्न सकिन्छ भन्ने काम नै गर्छिन्। यो जोडीले हालै हलिउडको एक यौनसामग्री बिक्री गर्ने पसलबाट आफूलाई चाहिने यौनसामग्री संयुक्त रूपमा खरिद गरे। बेलायतबाट प्रकाशित हुने द सन् पत्रिकाले प्रकाशित गरेको समाचारअनुसार बेकह्याम दम्पतीले मसाज तेल, चिल्लो पदार्थ, स्किन भाइब्रेटर र स्खलनलाई नियन्त्रण गर्ने उपकरण किनेका थिए। किनमेलका क्रममा दुवैले एक-अर्काको हात समाए पनि सामग्री राख्ने झोला भने डेभिड आफैंले बोकेका थिए।

किनमेलका क्रममा भिक्टोरियाले डेभिडलाई विभिन्न सामग्रीहरूतर्फ लक्षित गर्दै जोक्स भनेर हँसाएकी थिइन्। उनीहरूले यौनसामग्री किन्ने क्रममा बेला-बेलामा सेल्सपर्सनको सहयोगसमेत लिएका थिए। आफ्ना अन्तरङ्ग मित्र गोर्डन राम्सेसँग एकपटक डेभिडले भनेका थिए- श्रीमतीलाई केवल ओछ्यानमा मात्र खुसी पारेर हुँदैन, भान्छामा पनि खुसी राख्न सक्नुपर्छ।

# मनाङ-मर्स्याङ्दीलाई अर्को उपाधि



तस्बिर : सुदर्शन रञ्जित

**शिव शर्मा**

पोखरा- पोखरा रंगशालामा सञ्चालन भएको प्रथम अन्तर्राष्ट्रिय सेभेन ए साइड अन्तरक्लब फुटबल प्रतियोगिताको उपाधि मनाङ-मर्स्याङ्दी क्लब, काठमाडौंले चुमेको छ। खेलको अतिरिक्त समयमा खेल सकिन एक मिनेट बाँकी रहँदा पंकज लामाले गरेको एक गोलको मद्दतले मनाङ-मस्याङ्दीले उपाधि चुमेको हो।

अतिरिक्त समयको नौ मिनेटमा गरेको एक गोलले आयोजक टिम पोखरा 'ए' को उपाधि जित्ने सपना चकनाचुर हुन पुग्यो। सनसनीपूर्ण खेलमा लामाले डीबक्सभित्र बल समात्न अघि बढेका पोखराका गोलरक्षक सञ्जीव श्रेष्ठलाई झुक्याएर गरेको कडा प्रहार गोलमा परिणत भएको थियो।

उपाधि विजेता टिमले ७५ हजार रुपैयाँका साथमा ट्रफी र उपविजेता टिमले ५० हजार रुपैयाँ र कपी प्राप्त गरेको छ। ६ पटकसम्म लिग जित्दै आएको मनाङ-मर्स्याङ्दीले आयोजक पोखरा 'ए' लाई हराउन ठूलै संघर्ष झेल्नुपरेको थियो। पोखराको टिमविरुद्ध राम्रो खेल प्रदर्शन गरे पनि मनाङ-मर्स्याङ्दीको गोल गर्ने कैयौं प्रयास पटक-पटक विफल भएका थिए। विजयको सपना बुनेर आएका थियो मनाङका प्रशिक्षक छिरिङ लोप्साङले भने- 'खेलाडीहरूले राम्रो खेल प्रदर्शन गरे।' भिन्न नियमको सेभेन ए साइड फुटबलमा मनाङ-मर्स्याङ्दीले पहिलो पटक सहभागिता जनाएको हो। सेभेन ए साइड फास्ट गेम भएकाले यसमा स्किल र गति बढी चाहिने हुनाले फुटबलमा फाइदा पुऱ्याउने अनुभव खेलाडीहरूको छ। उता पराजित टिमका प्रशिक्षक शम्भु केसीले भने- हामीले पाएका थुप्रै अवसरलाई गोलमा परिणत गर्न सकेनौ।

प्रतियोगितामा मनाङका सेकन्ड लास्ट डिफेन्डर टासी छिरिङ बेस्ट प्लेयर भए। फाइनल खेलको रमपम म्यान अफ दि म्याच पोखरा 'ए' का तिलक गुरुङ घोषित भए भने बेलायतको हेरिक ब्वाइज क्लबले अनुशासित टिमको पुरस्कार हात पाऱ्यो।

नेपाल सेभेन ए साइड फुटबल महासंघको आयोजनामा पोखरा रंगशालामा वैशाख १४ देखि २१ गतेसम्म सञ्चालन भएको प्रतियोगितामा नेपाल, भारत, हङकङ र बेलायतका गरी कुल १६ टिमको सहभागिता थियो।

## मिडियाकप नेसनललाई

हेटौंडा– हेटौंडा एफएमको दोस्रो वार्षिकोत्सवका अवसरमा आयोजित मिडियाकप मैत्रिपूर्ण फुटबल प्रतियोगिताको उपाधि नेसनल एफएमले कब्जा गरेको छ। मकवानपुरका आठ टिमलाई पछि पार्दै नेसनलले उपाधि हात पारेको हो।

निधारिंत समय र थप समयमा दुवै पक्षबाट गोल हुन नसकेपछि पेनाल्टी सुटआउटमा नेसनल एफएमका तर्फबाट कुमार अधिकारी र आदर्श थोकरले १/१ गोल गरेका थिए। त्यस्तै हेटौंडा एफएमका तर्फबाट एक मात्र गोल नवराज रसाइलीले गरेका थिए।

**–रूपेश दुलाल**

# खेलहस्तीहरू सम्मानित



सन् १९८८ मा कोरियाको सिउलमा आयोजित २४ औं ओलम्पिकमा सहभागी भएका एथलेटिक्स खेलाडी डम्बर कुँवरलाई १९ वर्षसम्म कसैले सोधीखोजी गरेको थिएन। 'राष्ट्रको नाम राख्न खेलियो, फर्किएर आउँदा हरूवा भनेर कसैले मतलबै गरेनन्', आइतबार झापा जिल्ला खेलकुद विकास समितिले सम्मान गरेपछि कुँवरको प्रतिक्रिया थियो- '१९ वर्षपछि आफ्नै जिल्लामा सम्मानित हुन पाउँदा गर्वले छाती फुलेको छ।' एथलेटिक्सका कुँवरलाई मात्र होइन, खेलकुद समितिले विभिन्न विधाका पुराना तथा प्रतिभाशाली खेलाडीलाई एकै थलोमा दोसल्ला ओढाएर सम्मानित गरेको छ। 'हाम्रो सम्मानले नयाँ पिंढीलाई राम्रो सन्देश जान्छ', चन्द्रगढी-६ खेती किसानीबाट जीविका चलाइरहेका कुँवरले थपे- 'खेलाडीहरूको संरक्षणबिना देशको खेलक्षेत्र माथि उठ्न सक्दैन।'

सोही समारोहमा ओलम्पिकमा सहभागी पहिलो नेपाली भूपेन्द्र सिलवाल पनि सम्मानित हुन पाउँदा कुँवरभन्दा कम खुसी देखिँदैनथे। बरु सम्मानित हुनु अघिदेखि नै उनको मुखाकृतमा एक प्रकारको खुसी प्रस्ट देखिन्थ्यो। सन् १९५८ को तेस्रो एसियन गेम र १९६४ को अठारौं ओलम्पिकमा सहभागी एथलेटिक्स भेट्रानले भने- 'हाम्रो सम्मानले नयाँ खेलाडीहरूमा एक प्रकारको ऊर्जा थपेको छ।'

कार्यक्रममा १९८८ मा कलकत्तामा सम्पन्न तेस्रो साफमा सहभागी एथलेट मेनुका राउत, आठौं साफ खेलकुदमा कराँतेमा स्वर्णपदक विजेता मीना पाठक, आठौं साफमै कराँतेमा रजत पदक विजेता दुर्गाराज निरौला, २७ औं ओलम्पिकमा सहभागी देवीमाया पनेरु, १२ औं एसियन गेममा सहभागी सीता राई, फुटबलका हस्तीहरू हरि खड्का, सन्देश श्रेष्ठ, नरोत्तम गौतम र अनिल सुब्बा तथा पुराना खेलाडी लेखनाथ शर्मा र गोर्खाबहादुर बानियाँसमेतलाई दोसल्ला ओढाएर सम्मानित गरिएको थियो। समारोहमा केही खेलाडी अनुपस्थित देखिन्थे।

'उहाँहरूलाई सम्मान गर्न पाउँदा आफैं सम्मानित भएको महसुस गरिरहेछु', सम्मान गरेपछि राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिवले भने- 'राष्ट्रको गौरव बढाउने खेलाडीलाई अभिनन्दन गर्नुपर्ने थियो, गरियो।' जिखेविस झापाका अध्यक्ष डिल्लीराम घिमिरेले पनि आफू जन्मिएको बेला अर्थात् १९५८ मा तेस्रो एसियन गेममा खाली खुट्टा दौडिएका भूपेन्द्र सिलवाललाई सम्मान गर्न पाउँदा गौरवान्वित महसुस गरे।

